पहिलो परिच्छेद

शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **पं. तीर्थराम झाको जीवनी, व्यक्तित्व र कृतित्व** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

नेपाली साहित्यमा कविता, कथा, संस्मरण, उपन्यास, नाटक, अनुवाद आदि विधामा कलम चलाउने तीर्थराम झा द्रष्टा र स्रष्टा व्यक्तित्व भएका साहित्यकार हुन् । बहुमुखी प्रतिभाका धनी झाको जन्म बागमती अञ्चलको भक्तपुर जिल्लाअन्तर्गत इताछेँ टोलमा वि. सं. १९८१ भाद्र १ गते भएको हो । झाले विभिन्न भाषामा कृतिहरू लेखेको पाइन्छ । उनका नेपाली भाषामा प्रकाशित पुस्तकहरूमा **जुनेलीको प्रकाशमा कवि व्यथित** (२०२४), **आठफूल एक माला** (२०२९), **देह रामायण व्याख्या** (२०३७), **पं. लेखनाथ पौड्यालको ऋतुविचार** (२०४१) र **शुभाशुभ संस्कारादि निर्णय** (२०५९) रहेका छन् । हिन्दी भाषामा प्रकाशित पुस्तकहरूमा **जीवन और शान्ति** (२०४७) र **श्री स्वामी ब्रह्मानन्द तथा आद्य शङ्काराचार्यके स्तोत्रौँका पद्यानुवाद** रहेका छन् । **बाह्रफूल एक गुच्छा** भने उनको सहलेखन प्रकाशित कृति हो । यिनै साहित्यिक तथा साहित्येतर प्रतिभाका धनी तीर्थराम झाको व्यक्तित्वका जीवनका सम्पूर्ण पाटाहरू, दुःखसुख, प्राप्तिअप्राप्ति, जीवनभोगाइका अनुभव र उनले नेपाली साहित्यमा क्षेत्रमा गरेको योगदानका आधारमा प्रकाश पार्न यो शोधपत्र तयार पारिएको हो ।

## १.४ समस्याकथन

स्वच्छन्दतावादी धारालाई आत्मसात् गरी रचना सिर्जना गर्ने तीर्थराम झाले नेपाली साहित्यका कृतिहरूबाहेक धार्मिक कृतिहरू पनि लेखेको पाइन्छ । प्रतिभासम्पन्न तीर्थराम झाले

विभिन्न भाषामा आफ्ना भावनाहरू पोखेका छन् । यस्ता बहुप्रतिभाका धनी झाको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा आइपर्ने समस्याहरू नै मूल समस्याका रूपमा देखापर्ने हुनाले तिनै समस्याहरूलाई विशिष्टीकरणका रूपमा निम्नलिखित समस्याहरूमा समेटिएको छ :

(क) तीर्थराम झाको जीवनी पक्षको अध्ययन केकसरी गर्न सकिन्छ ?

(ख) तीर्थराम झाको व्यक्तित्वका पाटाहरू केकस्ता छन् ?

(ग) तीर्थराम झाको साहित्यिक यात्रा केकस्तो छ ?

(घ) तीर्थराम झाका कृतिहरूको अध्ययन केकसरी गर्न सकिन्छ ?

(ङ) तीर्थराम झाको नेपाली साहित्यमा केकस्तो योगदान रहेको छ ?

## १.५ शोधकार्यको उद्देश्य

शोधकार्यको क्रममा शोध समस्याका रूपमा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै मुख्य उद्देश्य रहेकाले समस्याको समाधान केकसरी गर्ने ? भन्ने कुरामा रहेर निम्नलिखित उद्देश्यहरू राखिएको छ :

(क) तीर्थराम झाको जीवनी पक्षको अध्ययन गर्नु,

(ख) तीर्थराम झाको व्यक्तित्वका पाटाहरूको अध्ययन गर्नु,

(ग) तीर्थराम झाको साहित्यिक यात्रा निरूपण गर्नु,

(घ) तीर्थराम झाका उपलब्ध कृतिहरूको विश्लेषण गर्नु,

(ङ) तीर्थराम झाको नेपाली साहित्यमा योगदानको मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

विभिन्न भाषामा रचना सिर्जना गर्ने बहुआयामिक प्रतिभाका धनी तीर्थराम झा नेपाली साहित्यका निधि भएर पनि ओझेलमा परेका व्यक्तित्व हुन् । नेपाली साहित्यको श्रीवृद्धिका लागि आफ्नो उमेरको परवाह नगरी हालसम्म निरन्तर लागिपरेका झाका बारेमा केही विद्वान् तथा समालोचकहरूले परिचयात्मक रूपमा सामान्य जानकारी दिए पनि सुव्यवस्थित र विस्तृत रूपमा उनका बारेमा अध्ययन गरिएको पाइँदैन । यिनका कृतिहरूको विश्लेषण र मूल्याङ्कन गरी साहित्यिक मूल्य निर्धारण गर्ने काम पनि हुन सकेको छैन । यिनका बारेमा जेजति अध्ययन भएको छ त्यो केवल परिचयात्मक मात्र छ । यसै क्रममा तीर्थराम झाका बारेमा भएका चिनारी र अध्ययनका केही पूर्वकार्यको विवरण कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :

अमृतकुमारले पं लेखनाथ पौड्यालको ऋतुविचार (२०४१) नामक कृतिमा 'प्रकाशकको भनाइ' शीर्षकमार्फत "जीवनमा साठीपटक विजयादशमीको टीका थापी सकेको नेपाली भाषाका एक कर्मठ साहित्यकारको एक नयाँ कृतिसित विज्ञलाई पाठकवृन्दसमक्ष चिनापर्ची गराउन पाएकोमा अति हर्ष लागेको छ । करिब चारदशक अगिदेखि शिक्षण तथा विभिन्न कृति प्रकाशनद्वारा भाषासेवामा संलग्न श्री तीर्थराम झाको परिचय प्रायः सबैले पाइआएका छन् । उनका कृतिहरू प्रायः समालोचनात्मक तथा अनुसन्धानात्मक रूपमा बढी पाइन्छन् । उहाँको कलम नेपाली भाषा, व्याकरण तथा नेपाली साहित्यका विभिन्न विधाहरूमा राम्रो गतिशीलता पाउँदै दौडेको छ भन्ने कुरा उहाँका कृतिहरूका बारेमा लेखिएका लेखहरू प्रकाशित हुने दैनिक, मासिक, द्वैमासिक, त्रैमासिक र वार्षिक मुखपत्रहरूले पनि हामीलाई राम्ररी पत्याउन लगाएका छन् । उनले कवि शिरोमणि पं. लेखनाथ पौड्यालको ऋतुविचारजस्तो प्रसिद्ध कृतिको साङ्गोपाङ्ग रूपमा समीक्षा गर्नुभएको छ" भनेर टिप्पणी गरेका छन् ।

तेजकेसरी प्रौद्यालवले **जीवन और शान्ति** (२०४७) नामक अनुवाद गरिएको हिन्दी भाषाको पुस्तकमा 'प्रशंसा पत्रम्' नामक शीर्षकमा तीर्थराम झा प्राच्यदर्शन तथा संस्कृत साहित्यका प्रकाण्ड विद्वान् हुन् र उनले साहित्यमा प्रसिद्धि पनि पाएका छन् । संस्कृत, हिन्दी, नेवारी, नेपाली भाषाका ज्ञाता उनी मूर्धन्य प्रतिभाशाली व्यक्तित्व भएका साहित्यकार हुन् भनी सटीक टिप्पणी गरेका छन् ।

**शुभाशुभ संस्कारादि निर्णय** (२०५९) नामक पुस्तकमा मैथिल ब्राह्मण समाजका अध्यक्ष गुरुदत्त मिश्रले 'मन्तव्य' नामक शीर्षकमा "पण्डित तीर्थराम झाले लेख्नुभएको यो **शुभाशुभ संस्कारादि निर्णय** पुस्तक हेर्दा गौरवको अनुभव गरें । यो ग्रन्थ मैथिल ब्राह्मणहरूलाई मात्र नभई सम्पूर्ण हिन्दूहरूका निमित्त बडो उपयोगी हुने देखिन्छ" भनी टिप्पणी गरेका छन् ।

**शुभाशुभसंस्कारादि निर्णय** (२०५९) नामक पुस्तकमा रूपादेवी शर्माले 'मेरो विचारमा' नामक शीर्षकमा "मान्यवर पिताजी श्री तीर्थराम झाज्यूबाट बडो परिश्रमका साथ सम्पन्न गरिएको यो पुस्तक प्रकाशन गर्ने शौभाग्य मलाई दिनुभएकोमा मैले पिताजीलाई अत्यन्त अनुगृहीत सम्झेकी छु" भनेकी छिन् ।

यसरी केही व्यक्ति तथा समालोचकहरूले तीर्थराम झाका बारेमा सामान्य जानकारी दिए तापनि उनका बारेमा व्यापक र विस्तृत रूपमा अध्ययन हुन सकेको छैन । उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र पक्षको व्यवस्थित अनुसन्धान भने भएको देखिँदैन । उनका बारेमा आजसम्म भएका पूर्वअध्ययनहरू केवल परिचयात्मक मात्र भएकाले पूर्वअध्ययनहरू केवल परिचयात्मक मात्र भएकाले अधुरा र अपूर्ण नै रहेका छन् । त्यसकारण यिनै अभावलाई परिपूर्ति गर्ने उद्देश्यले प्रस्तुत शोधकार्य गरिएको हो र यस शोधपत्रमा तीर्थराम झाको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र विवेचना गर्ने प्रयास गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

शोधकार्यको अध्ययनबाट तीर्थराम झालाई नेपाली साहित्यिक क्षेत्रका माध्यमबाट साहित्यका पाठकमाझ चिनाउने प्रयास गरिएको छ साथै उनको जीवनी, व्यक्तित्व र कृतित्वको केन्द्रीयतामा अध्ययन तथा विश्लेषण गरिएको हुनाले भावी पुस्तालाई झाका बारेमा तथा उनको साहित्यिक योगदानका बारेमा यथार्थ एवम् वस्तुगत जानकारी उपलब्ध भएको छ । यस शोधपत्रको अध्ययनबाट झाका बारेमा जान्न चाहने जिज्ञासु एवम् पाठकवर्गलाई थौरै मात्रामा भए पनि लाभान्वित तथ्य प्रस्तुत गरिएकाले अनुसन्धान क्षेत्रमा यसको महत्त्व स्वतः देखिने छ । नेपाली साहित्यको इतिहासलेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्नमा यस शोधपत्रले आवश्यक सहयोग पुऱ्याउनेछ साथै झाका बारेमा व्यक्तिगत तथा संस्थाले सुव्यवस्थित, प्रामाणिक रूपमा अध्ययन गर्न चाहेमा यस शोधकार्यले वैज्ञानिक तथ्यहरू थाहा पाउन सहयोग पुऱ्याउने भएकाले यस शोधकार्यको महत्त्व, औचित्यपूर्ण रहने छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर लागिपरेका तीर्थराम झाको जीवनी र व्यक्तित्वका साथै उनका प्रकाशित र अप्रकाशित कृति वा रचनाको सर्वेक्षण गरी परिचयात्मक जानकारी दिने प्रयास गरिएको छ । सम्भ्रान्त परिवारमा जन्मेर पनि नेपाली साहित्यका विभिन्न विधालाई थप ईंटा प्रदान गर्न झाको योगदान अविस्मरणीय छ नेपाली साहित्यका विभिन्न विधाहरूजस्ता साहित्यिक क्षेत्रमा कलम चलाएका झाले साहित्येतर विषयहरूमा पनि आफ्ना लेखरचना प्रकाशित गरेका छन् । विभिन्न भाषामा लेखिएका उनका कृतिहरूमध्ये यस शोधपत्रमा केवल नेपाली साहित्यसम्बन्धी उपलब्ध कृतिहरूको मात्र विश्लेषण गरिएको छ । उनका अन्य भाषामा

लेखिएका साहित्येतर कृतिहरूको सामान्य जानकारी मात्र यस शोधपत्रमा उल्लेख गरिएको छ । त्यसैगरी यिनका जीवनी र व्यक्तित्वका विविध आयामलाई समेत यस अध्ययनमा समेटिएको छ । समग्रमा उनका जीवनका सम्पूर्ण पाटाहरू तथा साहित्यिक योगदानको निरूपण यो शोधपत्र सीमित रहेको छ ।

## १.९ शोधविधि तथा सामग्रीसङ्कलन

प्रस्तुत शोधपत्र सम्पन्न गर्नका लागि पुस्तकालयीय र स्वयम् शोधनायकसँग अन्तर्वार्ता पद्धतिको प्रयोग गरिएको छ । यसका साथै शोधनायकसँग सम्बद्ध आफन्त, उनका समकालीन साथीहरू, उनीलाई चिन्ने विभिन्न विद्वान् तथा समालोचक र गुरुहरूबाट पनि मौखिक शोधपुछ गरी सामग्रीसङ्कलन गरिएको छ । यसरी सामग्रीसङ्लनका क्रममा प्राप्त भएका सबै तथ्य र सूचनाहरूलाई आवश्यकतानुसार वर्गीकरण र विश्लेषण गरिएको छ । झाको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना गर्ने क्रममा मूलतः जीवनीपरक समालोचना र प्रभावपरक समालोचना पद्धतिलाई अँगालिएको छ । यसका साथै उनका विभिन्न कृतिहरूको विश्लेषण गर्ने क्रममा आवश्यकतानुसार विभिन्न सिद्धान्तलाई पनि अँगालिएको छ ।

## १.१० अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुव्यवस्थित र वैज्ञानिक रूपमा सम्पन्न गर्नका लागि निम्नलिखित ५ परिच्छेदहरूमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | तीर्थराम झाको जीवनी |
| तेस्रो परिच्छेद | : | तीर्थराम झाको व्यक्तित्व |
| चौथो परिच्छेद | : | तीर्थराम झाको साहित्ययात्रा |
| पाँचौं परिच्छेद | : | तीर्थराम झाका कृतिहरूको विश्लेषण |
| छैटौं परिच्छेद | : | उपसंहार तथा निष्कर्ष |

उपर्युक्त पाँच परिच्छेदहरू पनि आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरी यो शोधपत्र सम्पन्न गरिएको छ र अन्त्यमा सन्दर्भसामग्रीसूची राखिएको छ ।

दोस्रो परिच्छेद

# तीर्थराम झाको जीवनी

## २.१ जन्म र जन्मस्थान

तीर्थराम झाको जन्म हालको बाग्मती अञ्चल भक्तपुर जिल्लाको इताछें टोलमा वि. सं. १९८१ साल भाद्र १ गते भएको हो ।[१] उनका हजुरबुबाको नाम पं. राजीवलोचन झा, बुबाको नाम पं. रामशरण हो ।[२] उनकी हजुरआमाको नाम प्यकनीदेवी झा र आमाको नाम जानकीदेवी झा हो । तीर्थराम झा रामशरण र जानकीदेवीका एक मात्र छोरा हुन् ।[३] रामशरण झाका दुई आमाहरूमध्ये कान्छीआमाबाट दुई छोराहरू जन्मिएका थिए भने हाल एक मात्र तेजराज झा जीवित छन् ।[४] तीर्थराम झा साढे ३ वर्षमा मातृवात्सल्यबाट वञ्चित भए । आमाको असामयिक निधनपछि उनको हेरचाह उनकी विधवा फुपूबाट भएको देखिन्छ ।[५] आमाको ममतामयी काखबाट सानै उमेरमा वियोगको पीडा खेप्नुपरेका झाको पालनपोषण उनका बुबा र फुपूले गरेर उनलाई मातृवात्सल्यको पीडाको महसुस हुन नदिइकन उनलाई हुर्काउने काम भएको देखिन्छ ।[६]

## २.२ नामकरण

सम्पन्न तथा उच्च खानदानी परिवारमा जन्मिएका झाको विधिविधानपूर्वक आफन्तहरूको उपस्थितिमा नामकरण कार्य सम्पन्न भएको थियो ।[७] न्वारनमा पुरोहितले तीर्थराम झाको नाम 'वेदगर्भ झा राखिएको थियो ।[८] घरपरिवारजनले भने उनको नाम मायाका भावले तीर्थराम झा राखेका थिए ।[९] बाल्यावस्थामै मातृवियोगको पीडालाई भोग्न विवश भएका झालाई 'बाबु' भनेर मायाममतापूर्वक गाउँघर र घरपरिवारका सदस्यहरूले बोलाउने गरेको

---

[१] तीर्थराम झाबाट प्राप्त जानकारी ।

[२] ऐजन ।

[३] ऐजन ।

[४] ऐजन ।

[५] ऐजन ।

[६] ऐजन ।

[७] ऐजन ।

[८] ऐजन ।

[९] ऐजन ।

पनि पाइन्छ ।[10] तर उनको यो उपनाम मायाममतामयी शब्द मात्र भएकाले छरछिमेक, साथीभाइहरूमाझ उनी तीर्थराम झाका नामले परिचित हुनपुगे ।[11] आफ्नी आमा र बुबाको योगदानलाई बिर्सन नसक्ने कालान्तरमा साहित्यमा क्षेत्रमा प्रवेश गरेपछि आमा र बुबाको नामको आधाभागबाट आफ्नो उपनाम जानकीशरण राखेको पनि पाइन्छ ।[12] उनी वर्तमानमा साहित्यिक क्षेत्रमा तीर्थराम झाका नामले नै प्रसिद्ध भएका छन् कतैकतै तीर्थराम झाका पछाडि 'जानकीशरण' उपनामले पनि चिनिन्छन् ।

## २.३ बाल्यकाल

सम्पन्न तथा सम्भ्रान्त परिवारमा जन्म लिएका तीर्थराम झाको बाल्यकाल सम्पन्न पारिवारिक परिवेशमै बितेको देखिन्छ ।[13] जानकीदेवी र रामशरण झाका एक मात्र छोराका रूपमा जन्म लिएका उनले सानै उमेरमा मातृवियोगको पीडा झेल्नुपरे तापनि विधवा फुपूदिदीले उनलाई मातृवात्सल्यको अभाव हुन दिइनन् ।[14] आमाको मृत्युपश्चात् बाबुले अर्को विवाह गरे तापनि सौतेनी आमाले पनि उनलाई पुत्रवत् नै व्यवहार गरेर मायाममता प्रदान गरेको देखिन्छ । आमाको मृत्युबाट सानै उमेरमा टुहुरा बन्न पुगे तापनि झाले बाल्यकालमा कुनै पनि कुराको अभाव र दुःख भोग्नुपरेको देखिँदैन ।[15] सम्पन्न परिवारमा जन्मेकाले राम्रो लगाउन र मीठो खानका लागि उनलाई कहिल्यै अभाव भएको पाइँदैन ।[16] सानै उमेरमा टुहुरा भएकाले उनलाई परिवारले चाहिनेभन्दा बढ्ता मायाममता प्रदान गरी उनलाई हुर्काएको देखिन्छ ।[17]

बाल्यकालमा तीर्थराम झा सानो भाइसँग रमाएर खेल्न मन पराउँथे बाल्यकालदेखि नै जिज्ञासु स्वभावका झा नयाँनयाँ कुराहरू जान्न अत्यन्त उत्सुक भइरहन्थे ।[18] शिक्षित परिवारमा उनको जन्म भएकाले बाल्यकालमा उनलाई राम्रो स्वभाव, बानीबेहोरा सिकाइयो जस कारणले गर्दा उनको बाल्यकालीन स्वभाव प्रौढ अवस्थामा पुग्दा उनी एक कुशल साहित्यकार बन्नपुगे ।

---

[10] ऐजन ।

[11] ऐजन ।

[12] ऐजन ।

[13] ऐजन ।

[14] ऐजन ।

[15] ऐजन ।

[16] यादवराजबाट प्राप्त जानकारीअनुसार ।

[17] ऐजन ।

[18] ऐजन ।

४-५ वर्षको अवस्था भएपछि तीर्थराम झाको बाल्यकाल जन्मस्थानमै साथीभाइहरूका साथमा जन्मस्थानका प्राकृतिक वातावरणको रमाइलो संसारमा खेल्दै बितेको पाइन्छ ।[19]

## २.४ शिक्षादीक्षा

तीर्थराम झाको पारिवारिक पृष्ठभूमि शिक्षित भएकाले उनले बाल्यकालदेखि नै शिक्षाप्रति रुचि देखाउन थालेको पाइन्छ ।[20] तीक्ष्ण बुद्धि र जिज्ञासु स्वभावले युक्त भएका झाको कुल शिक्षित र पठित रहेको देखिन्छ । उनका हजुरबुबा र बुबा पण्डित भएकाले उनमा पनि त्यो वंशाणुगत गुण विद्यमान रहेको देखिन्छ ।[21] बाल्यावस्थामै मातृवियोगको पीडा खेप्नुपरेका झाले पिताको प्रेरणा र आमाको आशीर्वाद एवम् गुरुकृपाबाट पढ्ने प्रेरणा मिलेको पाइन्छ । यही प्रेरणा र आशीर्वादबाट उनको शिक्षा प्रारम्भ भएको देखिन्छ ।[22]

तीर्थराम झा सानै उमेरदेखि प्रतिभाशाली र अध्ययनप्रति विशेष चासो राख्ने प्रवृत्ति भएका व्यक्ति थिए । उनको पारिवारिक स्थिति पनि उच्च रहकाले र शिक्षित भएकाले धेरे कुराहरू उनले घरैबाट सिक्ने मौका पाए ।[23] झाको जन्म समयको शैक्षिक वातावरण संस्कृतमय थियो । समाजमा संस्कृत अध्ययन गरेका व्यक्तिहरू प्रतिष्ठित कहलिन्थे । उनको पारिवारिक पृष्ठभूमि पनि संस्कृत शिक्षाकै वातावरणमा रमेको थियो । ब्राह्मणहरूले संस्कृत अध्ययन गरेर समाजमा परोहित्याइँ गरी आफ्नो जीविकोपार्जन धान्ने सामाजिक प्रचलन रहेको अवस्थामा र झाका बुबाले पनि संस्कृत पढेकाले झालाई पनि संस्कृत शिक्षा नै अध्ययन गराउन थालियो । घरायसी वातावरणमा नै बाह्रखरी चिनेका झालाई घरमै उनका बुबाले संस्कृतका **हरिहर स्तोत्र, शिवकवच, गणेश स्तोत्र, सरस्वती स्तोत्र** आदि पढाएका थिए । झाको बाल्यबुद्धि तीक्ष्ण भएकाले सानै उमेरमा उनले यी स्तोत्रहरू कण्ठ गरी सुनाएका थिए ।[24] यसरी कण्ठ गरेका स्तोत्रहरू विभिन्न विद्वान्हरूलाई सुनाउँदा उनको प्रशंसा गर्दै कतिपय विद्वान्हरूले झालाई उपहारस्वरूप पैसा दिएको रोचक प्रसङ्ग पनि झा बताउँछन् ।[25] झाको औपचारिक शिक्षाको प्रारम्भ भने

---

[19] ऐजन ।

[20] ऐजन ।

[21] ऐजन ।

[22] ऐजन ।

[23] निर्मल झाबाट प्राप्त जानकारीअनुसार ।

[24] ऐजन ।

[25] ऐजन ।

भक्तपुर पाठशालाबाट सुरु भएको थियो ।[26] उनले प्राथमिक शिक्षा भक्तपुर पाठशाला र ठिमी पाठशालाबाट उत्तम श्रेणीमा पूरा गरेका थिए ।[27] प्राथमिक शिक्षाको पढाइपछि उनले माध्यमिक शिक्षा पोखरी पाठशाला (दरबार हाइस्कुल) बाट ग्रहण गरेका थिए ।[28] संस्कृत स्कुल र संस्कृत पढ्ने सामाजिक परिवेशअनुरूप झाले आदरणीय गुरु पं. सोमनाथ सिग्द्यालको प्रेरणा र अध्ययन-अध्यापनले आचार्यसम्मको अध्ययन गरे । संस्कृत साहित्यमा आचार्य गरी उनले श्री पद्म हाइस्कुल भक्तपुरमा वि. सं. २००३ साल जेठदेखि नियुक्ति लिई अध्यापन गर्न प्रारम्भ गरेको देखिन्छ ।[29]

## २.५ व्रतबन्ध, विवाह तथा सन्तान

पूर्वीय पद्धतिअनुसार ब्राह्मण जातिको उपयनयन संस्कार ८ वर्षको उमेरमा गर्नुपर्ने प्रचलनअनुसार तीर्थराम झाको ब्रतबन्ध पनि ८-९ वर्षको उमेरमा सम्पन्न भएको थियो ।[30] यिनका बुबा र हजुरबुबा पण्डित भएका कारण शास्त्रीय नियमअनुसार नै यिनको ब्रतबन्ध सम्पन्न भएको पाइन्छ ।[31]

तीर्थराम झाको शुभ विवाह वि. सं. १९९५ साल ब्रह्मलीला झासँग सुसम्पन्न भएको थियो ।[32] सानै उमेरमा उनले विवाह गरे तापनि अध्ययनलाई उनले निरन्तरता दिएको पाइन्छ । अध्ययनलाई अनवरत रूपमा अगाडि बढाउँदै लगेका झाको विद्यार्थी कालमा नै जेष्ठ सुपुत्रका रूपमा वि. सं. २००२ मा रामलोचन झाको जन्म भएको देखिन्छ ।[33] २००३ सालदेखि जागिरे पेसामा संलग्न भएका झाको दोस्रो सन्तानका रूपमा २००४ सालमा सुपुत्री होमेश्वरी झाको जन्म भएको देखिन्छ । छोरीको जन्मपश्चात् पत्नी ब्रह्मलीलालाई क्षयरोगले भेटाएको र २००८ सालमा छोरी होमेश्वरीको मृत्यु भएको देखिन्छ ।[34] यसरी पत्नीपीडित पुत्रीवियोगमा परेका

---

[26] ऐजन ।
[27] ऐजन ।
[28] ऐजन ।
[29] ऐजन ।
[30] ऐजन ।
[31] ऐजन ।
[32] ऐजन ।
[33] ऐजन ।
[34] ऐजन ।

तीर्थराम झाले पारिवारिक झमेलाले गर्दा २००८ सालमा नुवाकोट जिल्ला, तुच्छे निवासी राधादेवी नेपालसँग दोस्रो बिहे गरेको देखिन्छ । राधादेवीका कोखबाट छोराहरू निर्मल झा र यादवराम झा एवम् छोरीहरू जयश्री झा, निरूपादेवी झा, रूपादेवी झा, मधुरीमा, ज्योस्ना र दीप्ति गरी २ छोरा र ६ जना छोरीहरूको जन्म भएको देखिन्छ ।[३५]

क्षयरोगग्रस्त जेठी पत्नी ब्रह्मलीलाको मृत्यु २०११ सालमा भएकोदेखिन्छ ।[३६] ब्रह्मलीलाको मृत्युपश्चात् रामलोचन झाको पालनपोषण पनि राधादेवीले नै गरेर उनलाई हुर्काएको देखिन्छ । झाको दोस्रो विवाह कुनै प्रेम विवाह नभई विशुद्ध मागी विवाह भएको देखिन्छ ।[३७] राधादेवी पनि सानै उमेरमा पितृवियोगमा परेकी नारी थिइन् भने झा आफू मातृवियोगी र पत्नीपीडित थिए । यसरी विवशताका कारण झाले राधादेवीसँग दोस्रो विवाह गरी आफ्नो पारिवारिक सुखलाई पूरा गरेर अगाढि बढेको देखिन्छ ।[३८]

ब्रह्मलीलापट्टिका छोरा रामलोचन झा वर्तमान समयमा नेवारी विषयको प्रवर्द्धनमा जुटेका छन् र उनी यसै विषयमा त्रिचन्द्र-क्याक्पसमा प्राध्यापकका रूपमा प्राध्यापनरत छन् ।[३९] यसका साथै उनले कानुन विषय पनि पढेकाले वकिलको कार्य पनि गर्दै आइरहेका छन् ।[४०] राधादेवीतर्फका छोराहरूमध्ये जेठा छोरा निर्मलराम झा इतिहास विषयमा पद्मकन्या क्याम्पसमा प्राध्यापन गर्दागर्दै अमेरिकाको डि. भी. परेर सपरिवार नै वर्तमानमा अमेरिकामा बसोबास गर्दै आइरहेका छन् ।[४१] कान्छा छोरा यादवराम झा नेपाल बैङ्कअन्तर्गत कालिमाटी शाखामा नगद सहायकमा कार्य गर्दागर्दै उनी पनि अमेरिकातिर भएकाले यादवरामको परिवार पनि हाल अमेरिकामा नै बसिरहेको देखिन्छ भने छोरीहरू सबैको विवाह भई आफ्नोआफ्नो घर समालेर बसेका देखिन्छन् ।[४२]

---

[३५] ऐजन ।

[३६] रामलोचन झाबाट प्राप्त जानकारीअनुसार ।

[३७] ऐजन ।

[३८] ऐजन ।

[३९] ऐजन ।

[४०] ऐजन ।

[४१] ऐजन ।

[४२] ऐजन ।

## २.६ आर्थिक अवस्था

तीर्थराम झाको जन्म सम्पन्न र सम्भ्रान्त परिवारमा भएको थियो ।[४३] यिनका बाबु शिक्षण र पुरोहित्याइँ पेसामा संलग्न रहेका थिए ।[४४] यिनीहरूको जग्गाजमीन प्रशस्त मात्रामा भएको र उब्जनी पनि धेरै हुने भएकाले झाको परिवार आर्थिक रूपले समृद्धशाली रहेको पाइन्छ ।[४५] पुर्ख्यौली सम्पत्तिलाई उनका बुबाले अझ मजबुत बनाउँदै लगेकाले यिनीहरूको आर्थिक अवस्था सुदृढ बन्दै गएकोदेखिन्छ ।[४६] अध्ययनको सिलसिलामा घरबाहिर बसेको समयमा भने एकाध केही क्षणहरू झाले मध्यम खालको आर्थिक अवस्थामा गुजारेको देखिन्छ ।

जीवनमा झाले आर्थिक रूपले कुनै कठिनाइ भोग्नुपरेको पाइँदैन ।[४७] तीक्ष्ण बुद्धि र अध्ययनप्रति लगनशील भएका झाले २००३ सालको ज्येष्ठ महिनामा भक्तपुरको श्रीपद्म हाइस्कुलमा शिक्षण सेवा प्रारम्भ गरेको देखिन्छ । यहीबाट तीर्थराम झाको आर्थिक स्रोतको स्थायी मार्ग खुलेको देखिन्छ ।[४८] त्यसैगरी २०१६ सालमा भक्तपुर क्याम्पसमा स्थायी रूपमा उपप्राध्यापक रूपमा नियुक्ति लिएको देखिन्छ ।[४९] यी शिक्षणबाहेक उनले भक्तपुरको विद्यार्थी निकेतन मा. वि., शारदा रात्री मा. वि. र सरस्वती विद्यागृह मा. वि. मा अध्यापन गराएर उनले आफ्नो आर्थिक अवस्था सबल बनाउँदै लगेको देखिन्छ । झा वर्तमानमा सम्पन्न आर्थिक अवस्था भएका व्यक्तिहरूमध्ये एक गनिन्छन् ।[५०] पैतृक सम्पत्ति र स्वआर्जन गरेका सम्पत्तिलाई यथास्थानमा लगानी गर्दै आएका झा वर्तमानमा हिन्दू आर्यसंस्कृतिको प्रचारप्रसार गर्नका निम्ति क्यानडा गएको पाइन्छ । क्यानाडामा बसोबास गरिरहेका झाको समग्रमा भन्नुपर्दा आर्थिक अवस्था सुदृढ, सबल र समृद्ध रहेको देखिन्छ ।

---

[४३] ऐजन ।

[४४] ऐजन ।

[४५] ऐजन ।

[४६] ऐजन ।

[४७] ऐजन ।

[४८] ऐजन ।

[४९] ऐजन ।

[५०] ऐजन ।

## २.७ स्वभाव

तीर्थराम झा बाल्यकालमा अन्तर्मुखी स्वभाव भएका व्यक्ति थिए ।[५१] आफ्ना मनका कुराहरू बाहिर ननिकाल्ने स्वभाव उनमा रहेको पाइन्छ ।[५२] यसै कारणले उनले बहिर्जगत्सँग सम्बन्ध राख्दै जीवनका अनुभूतिहरूलाई साहित्यमार्फत बाहिर निकालेको देखिन्छ ।[५३] उनी बाल्यकालदेखि नै अर्काको भलाइमा लागेका देखिन्छन् । झा अर्काको कल्याण हुन्छ भने जस्तोसुकै कुरामा नाइनास्ति नगरी सहयोग गर्ने सरल स्वभावका धनी देखिन्छन् ।[५४] घरमा आएका मानिसको सोधीखोजी गर्ने, झर्को नमानी बोल्ने, बिना कुनै काम कतै नभौँतारिने स्वभाव झामा रहेको पाइन्छ । झा मसिनो स्वरमा मीठो बोल्ने निकै चलाख व्यक्ति हुन् । उनी मान्छेलाई छिटै प्रभाव पार्न र काम लिनदिन सारै सिपालु छन् ।[५५] कामप्रति लगनशीलता भएका झा विद्यार्थी कालमा अत्यन्तै विनयशील, मृदुभाषी, नम्रस्वभाव, मिलनसार र स्वाभिमानी स्वभाव भएका व्यक्तित्व देखिन्छन् ।[५६] महत्त्वाकाङ्क्षाभन्दा आफूलाई धेरै टाढा राखेर साहित्यको सेवा गरी नेपाली साहित्यको समृद्धिका लागि मरिमेट्ने झाको विशेष गुण रहेको देखिन्छ ।[५७] अनावश्यक विवादबाट परै रहन चाहने झा गमेर भरसक कुनै विवादमा नफसिने गरी औपचारिक र सन्तुलित किसिमले तटस्थतापूर्वक बोल्ने स्वभाव झामा देखिन्छ ।[५८] चर्को एवम् उग्ररोव र अहङ्कार पूर्ण शैली अथवा व्यङ्ग्यात्मक वा आक्षेपपूर्ण शैली उनको बोली, गफ र लेखाइमा पाइँदैन ।[५९] बोल्दाखेरि हल्का हाँस्दै बोल्ने झा अत्यन्त लगनशील र परिश्रमी देखिन्छन् । हरसमय अध्ययन, मनन र चिन्तनमा साधनारत रहने तीर्थराम झा सानाठूला सबैलाई सम्मान, व्यवहार र बोलीचालीमा तलमाथि नगरी व्यवहार गर्दछन् ।[६०] अरूको

---

[५१] ऐजन ।
[५२] ऐजन ।
[५३] ऐजन ।
[५४] ऐजन ।
[५५] ऐजन ।
[५६] ऐजन ।
[५७] ऐजन ।
[५८] ऐजन ।
[५९] ऐजन ।
[६०] ऐजन ।

आलोचनात्मक भनाइलाई पनि सम्मान गर्ने उनी जीवनप्रति आत्मसन्तोष गर्दै जीवनमा जेजति गरियो सबै कुरामा मलाई सन्तोष छ भन्दछन् ।[६१]

## २.८ रुचि

तीर्थराम झाका मूलक्षेत्र साहित्य, प्राध्यापन र प्रशासन सेवा नै हुन् । साहित्यिक कृतिहरूको रचना गर्नाका अतिरिक्त विशिष्ट साहित्यकारहरूका रचनाहरूको अध्ययन-विश्लेषण गर्नु तथा देश-विदेशका समसामयिक समाचारहरूको अध्ययन-विश्लेषण गर्न रुचि राख्ने झा सङ्ख्यात्मक रूपमाभन्दा गुणात्मक रूपमा उत्कृष्ट साहित्यरचना गर्न रुचि राख्दछन् ।[६२] झा हरसमय साहित्यको अध्ययन-विश्लेषण तथा सिर्जना गर्न रुचि राख्ने भएकाले उनका कृतिहरू गम्भीर, समसामयिक र सामाजिक प्रवृत्ति भएका रहेका छन् ।[६३] विशेषतः अध्ययन, मनन र चिन्तनमा लाग्ने उनको रुचि रहेको देखिन्छ ।[६४] जे लेखे पनि अनवरत रूपमा एकै बसाइमा लेख्न सक्ने झाको लेखनमा केही कसरमसर रहने गर्दछ ।[६५] दोस्रो, तेस्रो पटकसम्म साफी गर्नुपर्ने उनको लेखाइ रहे पनि सानासाना एकै नासका अक्षरहरू सुरुदेखि अन्त्यसम्म नै एक रूपको रहने गर्दछ ।[६६] केही केरमेट भए पनि व्यवस्थित र गुणात्मक लेखाइ झाका लेखनगत विशेषता रहेका छन् ।

धर्ममा ज्यादै गहिरो झुकाव भएका झा बिहान सधैँ उठेर नित्य स्नान गर्दछन् ।[६७] स्नान गरी ब्राह्मणको कर्म गर्ने, पूजापाठ गर्ने र धार्मिक स्तोत्रहरू पाठ गर्ने रुचि उनमा रहेको देखिन्छ ।[६८] हिन्दूहरूको उत्थान, प्रवर्द्धन र विकासमा रुचि राख्ने उनी नेपालमा मात्र नभएर विदेशमा समेत हिन्दू समाजको उत्थान गर्न रुचि राख्दछन् ।[६९] यसै सिलसिलामा उनी

---

[६१] ऐजन ।
[६२] ऐजन ।
[६३] ऐजन ।
[६४] ऐजन ।
[६५] ऐजन ।
[६६] ऐजन ।
[६७] ऐजन ।
[६८] ऐजन ।
[६९] ऐजन ।

वर्तमानमा क्यानडा देशमा गएर हिन्दूधर्मको विस्तार, प्रवर्द्धन र विकासमा लागेको देखिन्छ ।[७०] देवीदेवताहरूको मन्दिर निर्माण गर्ने र समाजलाई विकसित तुल्याउने रुचि पनि उनमा रहेको पाइन्छ ।[७१] वैदिक साहित्यलाई समाजसापेक्ष रूपमा हिन्दू संस्कारका सबै जनमानसलाई ज्ञान दिनु पनि उनीमा रहेको अर्को विशेष रुचि हो ।[७२]

युवा अवस्थामा केही मिष्ठान्न भोजन मन पराउने उनी वर्तमान समयमा साधारण खाना मन पराउँछन् । खानपिनमा प्रायः दाल, भात र रोटी नै उनको रुचिको खाना हो ।[७३] विशेष प्रकारको लुगाभन्दा प्रायः साधारण सामान्य सजिलोखाले लुगाहरू लगाउन उनी मन पराउँछन् ।[७४] झा अन्य कुरामा भन्दा पढ्न र लेख्नमै रुचि राख्ने व्यक्तित्व भएका मानिस हुन् ।[७५]

## २.९ कार्यक्षेत्र

### २.९.१ शैक्षिक सेवा

तीर्थराम झाको जीवनको अधिकांश समय संस्कृत, नेपाली साहित्यको र हिन्दू धर्मको समृद्धिका लागि समर्पित भएको देखिन्छ । साहित्याचार्यसम्मको अध्ययन पूरा गरेका तीर्थराम झाको मुख्य पेसा शिक्षण नै रहेको देखिन्छ ।[७६] २००३ सालबाट शिक्षण पेसा प्रारम्भ गरेका झाले सर्वप्रथम २००३ सालमा भक्तपुरको श्रीपद्म हाइस्कुलमा नेपाली शिक्षकमा रूपमा स्थायी नियुक्ति लिएका थिए ।[७७] यस कर्मले उनको जीवनको अध्यापक बन्ने लक्ष्यको थालनी गरेको थियो । यसरी शिक्षण सेवामा प्रवृत्त भएका यिनले २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थायी उपप्राध्यापक पदमा नियुक्ति भई भक्तपुर क्याम्पसमा नेपाली विषय अध्यापन गराउन थालेको देखिन्छ ।[७८] झाले प्राध्यापन गर्ने क्रममा त्रिचन्द्र एवम् पिपुल्स कलेजमा पनि प्राध्यापन

[७०] ऐजन ।
[७१] ऐजन ।
[७२] ऐजन ।
[७३] ऐजन ।
[७४] ऐजन ।
[७५] ऐजन ।
[७६] ऐजन ।
[७७] ऐजन ।
[७८] ऐजन ।

गरेको देखिन्छ ।[७९] यी उल्लिखित शिक्षण संस्थाबाहेक भक्तपुरस्थित विद्यार्थी निकेतन मा. वि., शारदा रात्री मा. वि., सरस्वती विद्यागृह मा. वि. आदि शिक्षण संस्थामा पनि अध्यापन गरेको देखिन्छ । जीवनमा आफूले पाएको ज्ञान अरूलाई बाँढेर अज्ञानरूपी अशिक्षामा पिल्सिएका विद्यार्थीहरूलाई ज्ञानको ज्योति बाल्न प्रयासरत हुँदाहुँदै उनका जीवनमा अधिक समय बितेका देखिन्छन् ।[८०] यसरी अध्यापन गर्दा मनमा सन्तोष भएको उनी ठान्दछन् ।

शिक्षण पेसाका अतिरिक्त नेपाली साहित्यको सेवामा उनी समर्पित भएका देखिन्छन् । विभिन्न विधाका पुस्तकहरूको रचना गरी नेपाली साहित्यको श्रीवृद्धि गर्न उनी लगनशील भएर लागेको देखिन्छ । नेपाली भाषाका अतिरिक्त हिन्दी र संस्कृत भाषाको साहित्यसेवामा पनि उनी क्रियाशील भएर लागेको कुरा उनका संस्कृत र हिन्दी भाषाका कृतिहरूको प्रकाशनले जनाउँदछ ।

## २.९.२ धार्मिक व्यक्तित्व

शिक्षण, साहित्यरचनाबाहेक उनले जीवनमा अँगालेको अर्को विषय धर्मको प्रचार गर्नु हो । शिक्षण सेवाबाट निवृत्ति भएपछि साहित्य र धर्मको प्रचारमा जीवन नै अर्पण गरेका झ्ाले वर्तमानमा हिन्दू आर्य संस्कृतिको प्रचारप्रसार गरिरहेको देखिन्छ ।[८१] देशमा मात्र नभएर विदेशमा समेत हिन्दू आर्यसंस्कृतिको प्रचार गर्न थालेका उनी वर्तमान समयमा हिन्दू आर्यसंस्कृतिको प्रचारप्रसारका क्रममा क्यानडामा रहेका छन् । हिन्दूसम्बन्धी धारणा र मान्यताहरूको प्रवचनसमेत गर्ने झ्ाले विश्वका व्यक्तिहरूले पश्चिमी शैलीभन्दा पूर्वीय संस्कृतिको अनुकरण गर्दा मानवजीवनका लागि श्रेयस्कर हुने कुरा बताउँदछन् ।[८२] यसरी उनी शिक्षण र साहित्यसेवाका अतिरिक्त वैदिक तत्त्वको प्रचारप्रसार र वेदका ऋचाहरूले सिकाएका कर्महरू गर्न र गराउन लागेको देखिन्छ ।[८३]

## २.१० संस्थागत संलग्नता

नेपाली साहित्य र धर्मको सेवामा समर्पित भएका झ्ा समाजमा साहित्यको विकास र धर्मको विस्तार गर्न लागिपरेका व्यक्तिका रूपमा देखिन्छन् । विभिन्न सङ्घसंस्थासँग आबद्ध

---

[७९] ऐजन ।

[८०] ऐजन ।

[८१] ऐजन ।

[८२] ऐजन ।

[८३] ऐजन ।

भएर कार्य गरेका उनले समाजको उत्थान र समाजको विकासका लागि धर्मसम्बन्धी विभिन्न मठमन्दिरहरूको निर्माण गरेको देखिन्छ ।[८४] समाजको उत्थानका लागि आफ्नो जीवन समर्पण गरेका झाले देशमा मात्र होइन, विदेशका सङ्घसंस्थामा पनि आबद्ध भई कार्य गरेको देखिन्छ ।[८५] धर्मको प्रचारप्रसार गर्न वर्तमानमा क्यानडा पुगेका झाले क्यानडामा भारतीय कल्चलर सोसाइटीमा सन् १९९४ देखि २००३ सालसम्म उक्त सोसाइटीको प्रमुख पण्डितको हैसियतले निस्वार्थ भावनाले सेवा गरेको देखिन्छ भने त्यहीस्थित नेपालीज एन्ड क्यानेडियन सोसाइटी नामक संस्थाको आजीवन सदस्य पदमा रही सेवा गरिरहेको पनि देखिन्छ ।[८६]

## २.११ भ्रमण

तीर्थराम झा सानै उमेरदेखि भ्रमणप्रति रुचि राख्ने व्यक्ति थिए । विभिन्न ठाउँको भ्रमण गरी नयाँनयाँ कुरा जान्ने सौख उनमा रहेको देखिन्छ ।[८७] त्यसैअनुरूप तीर्थराम झाले विभिन्न उद्देश्य लिएर नेपाल अधिराज्यका विभिन्न स्थानहरूका साथै केही विदेशी राष्ट्रहरूको भ्रमण गरेको देखिन्छ । देशमा रहँदा अध्ययन वा अध्यापनका सिलसिलामा अनेक उद्देश्यअनुरूप भ्रमण गरेको देखिन्छ ।[८८] तीर्थराम झा विदेशबाहिर सर्वप्रथम अध्ययनको सिलसिलामा भारतको वाराणसी पुगेका थिए ।[८९] त्यहाँ बस्दारहँदा भारतका विभिन्न स्थानहरू; जस्तै : हरिद्वार, अयोध्या, वृन्दावन, दिल्ली आदि प्रमुख धार्मिक वा सहरिया स्थानहरूको भ्रमण गरेको देखिन्छ ।[९०] यसरी भ्रमण गर्ने क्रममा उनी हिन्दूधर्मको प्रचारप्रसारका लागि हाल क्यानडामा पुगेका छन् भने यसभन्दा अगाडि अमेरिकाको भ्रमण उनले गरिसकेका छन् ।[९१]

तीर्थराम झाले उपर्युक्त भ्रमणहरूमा अनुभव गरेका, भोगेका र देखेका विविध विषयलाई आफ्ना रचनामा उतारेको देखिन्छ । कतिपय भ्रमणहरू शुद्ध यात्रामा आधारित रहेका थिए भने

---

[८४] ऐजन ।

[८५] ऐजन ।

[८६] ऐजन ।

[८७] ऐजन ।

[८८] ऐजन ।

[८९] ऐजन ।

[९०] ऐजन ।

[९१] ऐजन ।

कतिपय भ्रमणहरू अध्ययन र हिन्दू धर्मको प्रचारप्रसारका लागि भएको देखिन्छ ।[ढद] विश्वमा हिन्दू धर्मको प्रचार गरेर पूर्वीय आर्यसंस्कृतिको उत्थान र प्रवर्द्धनमा जुटेका उनी भ्रमण गर्दा त्यहाँको प्राकृतिक, सामाजिक, सांस्कृतिक तथा सौन्दर्य र आधुनिक विकासको अवलोकन एवम् अध्ययन गर्ने र त्यसैका आधारमा रचना लेख्ने गर्दछन् ।[ढघ] विभिन्न व्यक्तिहरूसँगको भेटघाट, विभिन्न नयाँ कुराहरूको अवलोकन, विभिन्न विकासको अवस्थालाई आत्मसात् गरी भ्रमणका समयमा देखिएका विकृतिहरूको निर्मूल गर्न उनी साहित्यका तर्फबाट लागेका देखिन्छन् ।[ढढ] यसरी उनका भ्रमणहरू सार्थक हुन पुगेका देखिन्छन् ।

## २.१२ सम्मान तथा पुरस्कार

किशोरावस्थादेखि नै आफ्नो सिर्जनप्रतिभा प्रस्फुटित गराउँदै आएका झाको साहित्यसाधना २०२४ सालदेखि निरन्तरता रहेको देखिन्छ । आफ्नो साधनाका क्रममा नेपाली साहित्यमा झा विशेषतः समालोचना र आध्यात्मिक विषयवस्तु भएका कृतिहरू रचना गर्न बढी लगनशील भएर लागेको देखिन्छ । जीवनभर शिक्षण पेसालाई अँगालेर साहित्यको साधनामा निरन्तर लागेका झालाई केही सङ्घसंस्थाहरूले उनको सेवाको कदर गर्दै विभिन्न सम्मान तथा पुरस्कारले विभूषित गरेको पाइन्छ । यसै सिलसिलामा उनले २०३१ युवा महोत्सव पुरस्कार, सर्वोत्कृष्ट सान्त्वना पुरस्कार र प्रमाणपत्र पाएको देखिन्छ ।[ढछ] त्यसरी नै उनले ज्ञानपद सेवापदक र शुभराज्याभिषेक पनि पाएको देखिन्छ ।[ढट] यी सेवापदकहरू पाएको समय उनले बिर्सेकाले अन्तर्वार्तामा उल्लेख गर्न नसकेको कुरा उनले आफैँ बताएका छन् ।[ढठ]

## २.१३ धारणा/मान्यता

आफ्नो जीवन साहित्य, समाजसेवा र शिक्षाजस्ता अनेक क्षेत्रमा सक्रिय बनाएका तीर्थराम झाका सम्बद्ध हरेक क्षेत्रका बारेमा आफ्ना मौलिक धारणा वा मान्यता छन् । विचारको

---

[९२] ऐजन ।

[९३] ऐजन ।

[९४] ऐजन ।

[९५] ऐजन ।

[९६] ऐजन ।

[९७] ऐजन ।

प्रस्तुति नै साहित्य भएकाले विभिन्न साहित्यकारले आआफ्ना विचारहरू आफ्नै तरिकाले प्रस्तुत गरेका हुन्छन् । तीर्थराम झा पनि एक साहित्यकार, समाजसेवी र प्राध्यापक भएकाले उनले पनि आफ्ना जीवनमा अनेक धरणा/ दर्शन वा मान्यतालाई अगि सारेर जीवन सञ्चालन गरेको देखिन्छ । मानवीय आवेग, संवेग, विस्मरण, सन्देह, आँसु, हाँसो र करुणा आदिलाई भिन्नभिन्न तरिकाले मानवले जीवनमा भोग्ने र ती कुराहरूप्रति मानवले एक प्रकारको विचार प्रस्तुत गरी जीवनलाई गन्तव्यस्थलमा पुऱ्याएको हुन्छ । यसैअनुरूप झा साहित्यलाई नै काव्य ठान्दछन् । काव्य भन्नु नै वर्णनात्मक विषय हो । कविको कर्म नै काव्य भएकाले कुनै विषयवस्तुसँग सम्बन्धित रहेर वर्णनात्मक ढङ्गले प्रस्तुत गरिएको विषय नै साहित्य हो भनी उनी ठान्दछन् ।[९८] साहित्यमा सामाजिक स्थितिको स्वरूप झल्किएको हुन्छ । त्यसबाट सामाजिकले केही प्रेरणा पाउने गरेको कुरा उनी बताउँछन् ।[९९] काव्यमा सौन्दर्य अँगालिएको हुनुपर्छ । साहित्य सत्यं, शिवं, सुन्दरम्मा आधारित हुनुपर्दछ । यिनै तत्त्वको भूमिकामा साहित्यको जन्म हुने कुरा उनी बताउँदछन् ।[१००] उनले जीवन र साहित्यको सम्बन्ध अटुट रूपमा हुने कुरा मानेका छन् ।[१०१] मानवीय संवेदनालाई चरितार्थ गर्दै जीवनको सुन्दर भावलाई काव्यको प्रमुख रूप मान्ने झा सर्जक, पाठक र प्रेषकका माध्यमबाट नै साहित्यको निर्माण हुन्छ भन्ने कुरामा विश्वस्त छन् ।

मानवले स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्दछ । वातावरण स्वतन्त्र होस् । कसैको दास बन्नु नपरोस् । जीवन एक प्रकारको सङ्घर्ष हो । मानवले आशा नगरी कुनै क्षेत्रमा सङ्घर्ष गऱ्यो भने अवश्य आफ्नो लक्ष्यमा पुग्न ऊ सफल हुन्छ । कार्य गर्नु मानवको कर्तव्य हो । जीवनमा जेजस्ता अप्ठ्यारा आइ पर्दछन् तिनीहरूको सामना गर्दै जानुपर्छ । एकदिन अवश्य आफ्नो लक्ष्यमा पुग्न सफल भइन्छ भन्ने झाको धारणा रहेको पाइन्छ ।[१०२]

आदर्श भनेको लेखकले उद्देश्यपूर्ण भएर लेख्नुपर्दछ । मानवजीवन एक ईश्वरीय शक्तिको अंश भएकाले जीवनमा धर्म र संस्कृतिलाई कदापि बिर्सनु हुँदैन । पूर्वीय आर्यसंस्कृति नै

---

[९८] ऐजन ।

[९९] ऐजन ।

[१००] ऐजन ।

[१०१] ऐजन ।

[१०२] ऐजन ।

संसारको सबैभन्दा उत्तम संस्कृति हो । यो संस्कृतिअनुरूप जीवननिर्माण गर्न सक्नुपर्दछ । आफ्नो जातीय धर्म र आर्यसंस्कार विधिको व्याख्या र विश्लेषण गरे तापनि उनी जातजातिमा समान व्यवहार गर्नुपर्ने कुरामा जोड दिन्छन् ।[103] हिन्दूहरूको जीवनपद्धतिलाई आत्मसात् गरेर हिँड्ने उनी अरूलाई पनि हिन्दूदर्शनमै आधारित भएर जीवन सञ्चालन गर्नका लागि अनुरोध गर्दछन् । नेपालमा जातजाति, भाषा, संस्कृति, परिवेश, रहनसहन, बोलीचाली, व्यवहार आदि विभिन्न भएकाले आफ्नो जातिगत मौलिक अधिकार लिएर हिँड्नु उनीहरूको आफ्नो मौलिक जातिगत अधिकार हो । त्यसैले आआफ्ना मौलिक जातीय चिह्नहरूलाई उनीहरूले नै झल्काउनु पर्दछ । यसरी जातीय मौलिक संस्कृति झल्किएमा मात्र नेपाली भनेर हामी विश्वमा चिनिन सक्छौँ र हाम्रो देश नेपाल हो भनेर विश्वलाई चिनाउन सक्दछौँ भन्ने झाको धारणा रहेको पाइन्छ ।[104]

## २.१४ सुखदुःखका क्षणहरू

सुखसँग जीवनयापन गर्दै गरेका झा जीवन सुखमय नै बितिराखेको छ भन्दछन् ।[105] बाल्यकालमा आफू सम्भ्रान्त र उच्च एवम् प्राज्ञिक परिवारमा जन्म लिएकाले कुनै प्रकारको दुःख झेल्नु नपरेको कुरा उनी बताउँदछन् । वैदिक साहित्यलाई समाजसापेक्ष रूपमा हिन्दू संस्कारका कुराहरू सबै जनमानसमा पुऱ्याउँदा जीवनमा सबैभन्दा आनन्द प्राप्त हुने कुरा उनी बताउँदछन् ।[106] त्यसैगरी आफूलाई पण्डितराज श्री सोमनाथ सिग्द्यालबाट शिक्षा लिने अवसर प्राप्त भएको र गुरुले आफूलाई पुत्रवत् व्यवहार गरेको कुरालाई उनी सुखद् क्षण ठान्दछन् । यसरी नै आफ्ना बुबाले प्रसन्नतापूर्वक दिएको आशीर्वाद मेरा लागि सुखद् क्षण हो भनेर उनी भन्दछन् ।[107] यसरी जीवन सुखमयसँग बिताएका झाले जीवनमा अधिक क्षण सुखमय बिताए तापनि केही दुःखद् क्षणहरू पनि उनले भोग्नुपरेको देखिन्छ ।

---

[१०३] ऐजन ।

[१०४] ऐजन ।

[१०५] ऐजन ।

[१०६] ऐजन ।

[१०७] ऐजन ।

तीर्थराम झाले जीवनमा आफ्नो बाल्यकाल नहुर्किंदै आमाको मृत्युको पीडालाई खप्नु परेकाले मातृवियोगको पीडा उनको जीवनको सर्वश्रेष्ठ दुःखद् क्षण रहेको थियो । आमाको मायाममताबाट वञ्चित भए तापनि फुपू र बुबाले उनलाई सुखसँग हुर्काएका थिए तर जुन सुख र जुन मातृवात्सल्य नै हो त्योबाट आफू वञ्चित भएको र आफूले केही थाहा नपाउँदै आमाको मृत्यु भएकाले आमाको मृत्युबाट उनी अहिलेसम्म मर्माहत भइरहेको कुरा बताउँछन् ।[108] यसरी नै पत्नी ब्रह्मलीलाको मृत्युले पनि आफूलाई साह्रै दुःख लागेको कुरा उनी बताउँछन् ।[109] त्यसैगरी बुबाको मृत्युले पनि उनी निकै दुःखी भएको कुरा बताउँछन् ।[110]

यसरी झाले जीवनमा अधिकांश समय सुखद् क्षणमा जीवन बिताए तापनि केही समयमा विभिन्न मानसिक दुःखद् क्षणहरू भोग्नुपरेको देखिन्छ । सबैको नियति नै यस्तै हो तर पनि उनलाई बुबा र आमाको मृत्युपीडाले केही समय मर्माहत तुल्याएको थियो ।

## २.१५ लेखन

### २.१५.१ लेखनको प्रेरणा र लेखनारम्भ

साहित्यिक क्षेत्रमा आकर्षित भएको कारण र घटना सम्झन सक्दिन भन्ने झाले साहित्यिक लेखनको प्रेरणा आफ्नै पिता रामशरण झाबाट पाएका थिए ।[111] मेरा बुबा र हजुरबा पण्डित भएकाले बिहान नित्य पूजापाठ गर्ने र धेरै बेरसम्म अनेक देवीदेवताहरूका स्तोत्रहरू पाठ गर्दथे । बुबा र हजुरबाले स्तोत्र पाठ गर्दा छेउमा बसेर ध्यान लगाएर सुन्ने झाले केही स्तोत्रहरू सुनेकै भरमा कण्ठस्थ पार्ने गरेको देखिन्छ ।[112] संस्कृत साहित्यपट्टि झुकाव भएका उनी उत्तरमध्यमाको पढाइपछि बनारसबाट नेपाल फर्केपछि २००१ सालमा हिन्दीमा नाटकलेखन गरेको देखिन्छ । उक्त नाटकका बीचमा गाइने गीत पनि आफैँ लेखेको र सो नाटक मञ्चन पनि भएको र झाको औपचारिक लेखनको सुरुआत यहीबाट भएको भए तापनि उनको यो नाटक कुन अवसरमा कहाँ मञ्चन भएको कुरा उनले बताएका छैनन् ।[113] यसरी नाटक लेखेका

[108] ऐजन ।

[109] ऐजन ।

[110] ऐजन ।

[111] ऐजन ।

[112] ऐजन ।

[113] ऐजन ।

झाको उक्त नाटकको अवलोकन गरेपछि पिताजी आदिले उनको प्रशंसा गरेकाले उनको झुकाव साहित्यतिर बढ्न थालेको देखिन्छ । विद्यार्थी कालमा गुरु सिद्धिचरण श्रेष्ठले पनि उनलाई साहित्यसाधनातिर लाग्न सल्लाह दिएको पाइन्छ ।[114] यसरी साहित्यतिर प्रवृत्त भएका झाले काठमाडौँको प्याकल (हाल : भगवती बारीको) ज्ञानकुञ्ज विद्यालयबाट निस्केको पत्रिकामा लेखनाथ पौड्यालका कविताहरू पढेपछि कविता विधातिर आकृष्ट भएको देखिन्छ ।[115] यी कविताहरूको अध्ययनपछि उनले पनि कविता लेख्न थालेको पाइन्छ । उनले 'आँखा' भन्ने शीर्षकको कविता लेखेको पाइन्छ । त्यस कविताको केही अंश यस प्रकार रहेको देखिन्छ :

भागी आज कता पुगेछ तम त्यो
भागिन् तिनी यामिनी ।
ओ हो ! विश्व त फेरिएछ अब ता फुल्छु छिटो नै भनी
प्यारा स्वच्छ प्रभातको उदयमा हाँसेसरी पद्मिनी ॥[116]

यो कविता **आँखा** नामक पत्रिकाकै लागि लेखिए तापनि किन हो त्यसबेला उक्त पत्रिकामा यो कविता छापिएको पाइँदैन ।[117] उक्त कविता नछापिएपछि हतोत्साही भएर २००८ सालको मध्यदेखि झाले नेवारी, नेपाली र संस्कृत तथा केही हिन्दी भाषामा कविताहरू रच्ने अभ्यास गरेको देखिन्छ ।[118] निरन्तर रूपमा कविताहरू रचना गर्दै जाँदा उनको लेखन परिष्कृत हुँदै गएको पाइन्छ । नाटक र नाटकका बीचबीचमा राखिने गीतहरू पनि रचना गर्ने गरेको झा बताउँछन् ।[119]

## २.१५.२ प्रकाशित पुस्तकाकार कृति

तीर्थराम झाको लेखनयात्रा २०११ सालबाट प्रारम्भ भएको भए पनि वर्तमानमा त्यस समयका रचनाहरू उपलब्ध नभएका झाको प्रथम पुस्तकाकार कृति चाहिँ **'जुनेली'को प्रकाशमा कवि व्यथित** (२०२४) रहेको देखिन्छ । २०२४ सालबाट कृतिहरू प्रकाशित गर्न प्रारम्भ गरेका

---

११४ ऐजन ।
११५ ऐजन ।
११६ ऐजन ।
११७ ऐजन ।
११८ ऐजन ।
११९ ऐजन ।

झाका हालसम्म प्रकाशित कृतिहरूको सूची कालक्रमिक आधारमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**(क) नेपाली भाषाका कृतिहरू**

| **क्र. सं.** | **शीर्षक** | **विधा** | **प्रकाशनस्रोत** | **थप जानकारी** |
|---|---|---|---|---|
| १ | **'जुनेली'को प्रकाशमा कवि व्यथित** | समालोचना | रत्न पुस्तक भण्डार, २०२४ | |
| २ | **बाह्रफूल एक गुच्छा** | | रत्न पुस्तक भण्डार, २००५ | आई.ए. को पाठ्यक्रममा आधारित सहलेखन कृति |
| ३ | **आठफूल एक माला** | | पुस्तक संसार, २०२९ | बी. ए. को पाठ्यक्रममा आधारित |
| ४ | **देह रामायण व्याख्या** | समालोचना | दिव्यलक्ष्मी झा, २०३७ | |
| ५ | **पं.लेखनाथ पौड्यालको ऋतुविचार** | समालोचना | अमृतकुमार अर्याल, २०४१ | |
| ६ | **शुभाशुभ संस्कारादि निर्णय** | समालोचना | रूपादेवी शर्मा, २०५९ | |

**(ख) हिन्दी भाषाका कृतिहरू**

| क्र. सं. | **शीर्षक** | विधा | प्रकाशनस्रोत | थप जानकारी |
|---|---|---|---|---|
| १ | **जीवन और शान्ति** | समालोचना | रूपादेवी शर्मा, २०४७ | |
| २ | **श्री स्वामी ब्रह्मानन्द तथा आद्य शङ्काराचार्यके स्तोत्रोका पद्यानुवाद** | अनुवाद | रूपादेवी शर्मा, २०५५ | |

यसरी हालसम्म तीर्थराम झाका नेपाली र हिन्दी भाषाका सहलेखनसमेत गरी जम्मा ८ वटा कृतिहरू प्रकाशित भएका छन् । संस्कृत, नेपाली, नेवारी र हिन्दी भाषाका लगभग डेढ दर्जन कृतिहरू भने प्रकाशोन्मुख अवस्थामा रहेको कुरा उनी बताउँछन् ।

# तेस्रो परिच्छेद
# तीर्थराम झाको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने विभिन्न आरोह-अवरोह, पीर-वेदना, हर्ष-खुसी तथा क्रिया-प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । साथै व्यक्तित्व निर्माणमा पारिवारिक सामाजिक, सांस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी निर्माण भएको व्यक्तित्व व्यक्तित्वका समस्त आर्जित विन्यास एवम् प्रवृत्तिहरूको समूह हो ।[120] यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, साथसङ्गत र जीवनजगत्प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई किसिमको हुन्छ । बाह्य व्यक्तित्व उसको रूप, रङ, बनौट अर्थात् शारीरिक व्यक्तित्वसँग सम्बद्ध हुन्छ भने आन्तरिक व्यक्तित्व उसमा अन्तर्निहित गुण, स्वभाव र समग्रमा उसले जीवनमा गरेका महत्त्वपूर्ण कार्यहरूसँग सम्बद्ध हुन्छ ।[121]

तीर्थराम झाको व्यक्तित्व उपर्युक्त प्रक्रियाअनुसार नै निर्माण भएको देखिन्छ । उनको व्यक्तित्व निर्माणमा विशेषतः पारिवारिक, सामाजिक, आर्थिक तथा शैक्षिक पक्षले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

तीर्थराम झाले नेपाली, संस्कृत र हिन्दी साहित्यको समुन्नतिका लागि अथक मिहिनेत गरेका छन् । नेपाली राष्ट्र र राष्ट्रियताका लागि विभिन्न क्षेत्रमा विशिष्ट काम गरेका झाले आफ्नो गाउँघरदेखि काठमाडौँ, बनारस आदि क्षेत्रको भ्रमणका समयमा अनुभव गरेका विषय, त्यहाँको साहित्यिक वातावरण एवम् आफ्नो जीवनयात्राका सन्दर्भमा विभिन्न ठाउँका सामाजिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, साहित्यिक वातावरणका अतिरिक्त छरछिमेक, साथीभाइ, परिवार, विद्वान्, इष्टमित्र, हजुरबा, पिता आदिको प्रभाव र प्रेरणा ग्रहण

---

[१२०] केशवप्रसाद उपाध्याय, 'मोतीरामको व्यक्तित्व र योगदान', **मोतीस्मृति ग्रन्थ**, (काठमाडौँ : नेपाली शिक्षा परिषद्, २०३९) ।

[१२१] रामबहादुर बोगटी, **बल्लभमणि दाहालको जीवनी, व्यक्तित्व र कृतित्व**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि. वि. कीर्तिपुर, २०६० ।

गरेका छन् । यी प्रभाव र प्रेरणाबाट निर्मित झाको व्यक्तित्वका विविध पक्षहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

## ३.२ शारीरिक व्यक्तित्व

तीर्थराम झा करिब पाँच फुट, छ इन्च उचाइ भएका शान्त प्रकृतिका व्यक्तित्व छन् । गहुँगोरो वर्ण, हिसी परेको अनुहार, न मोटो न दुब्लो ठिक्कको शरीर, पातला खालका मिलाइएका जुँघा, पातलो नरम कपाल, गोलाकार नाक, ठूलो निधार, ठिक्कका कान, मिलेका दाँत, मझौला कद, गम्भीर मुखाकृति, मीठो मसिनो बोली, सालाखालामा खाइलाग्दो चिटिक्क परेको निकै आकर्षक र प्रभावकारी व्यक्तित्वबाट तीर्थराम झाको शारीरिक बनोट निर्माण भएको देखिन्छ । कुनै पनि व्यक्तित्वलाई सहज रूपमा आकर्षक गर्न सक्ने गुण उनको शारीरिक बनावटमा पाइन्छ ।[१२२] वर्तमान समयमा तीर्थराम झाका कपालका रौँहरू फुलेका देखिन्छन् । जीवनको सञ्चालनमा वा दैनिक खानपिनमा केही ध्यान दिने झालाई सामान्य प्राकृतिक विपरीतका समयमा आइपर्ने ज्वरो, रुघा, खोकी आदि रोग केही दिन लागे तापनि कुनै गम्भीर रोग भने नलागेको पाइन्छ ।[१२३] सरल, विनम्र, मृदुभाषी र मिलनसार स्वभावका झा त्यत्तिकै गम्भीर र मनोबलयुक्त देखिन्छन् । उनी कुनै पनि काम गर्दा अत्यन्त धैर्यका साथ कार्यप्रति लगनशील देखिन्छन् र आफ्नो हैसियतभन्दा माथिको कार्य नगर्ने तथा हात हालेको कार्य फत्ते गरेरै छाड्ने प्रवृत्ति उनमा रहेको देखिन्छ ।[१२४]

## ३.३ व्यक्तित्वका विभिन्न पाटाहरू


विविध क्षेत्रमा गरेको भूमिका र योगदानका कारण उनको व्यक्तित्व बहुआयामिक हुन पुगेको छ । उनको व्यक्तित्व जुनजुन क्षेत्रमा संलग्न रहेको छ; ती क्षेत्रमा निर्वाह गरेका भूमिका र योगदानका आधारमा उनको व्यक्तित्व गौरवमय र अविस्मरणीय देखिन्छ । तीर्थराम झाको व्यक्तित्वलाई निम्नलिखित विभिन्न पाटाहरूमा विभाजन गरी अध्ययन गरिएको छ :

---

[१२२] तीर्थराम झाबाट प्राप्त जानकारी ।

[१२३] ऐजन ।

[१२४] ऐजन ।




## ३.३.१ साहित्यिक व्यक्तित्व

तीर्थराम झाले शिक्षा आर्जन गर्दागर्दै २०१३ बाट साहित्यिक लेखन प्रारम्भ गरे तापनि उनको सार्वजनिक लेखनयात्रा २०२४ बाट मात्र प्रारम्भ भएको देखिन्छ । यिनको साहित्यिक व्यक्तित्व कुनै एक विधा विशेषमा केन्द्रित नरही साहित्यका विभिन्न विधाहरूमा फैलिएको देखिन्छ । यिनको बहुआयामिक साहित्यिक व्यक्तित्वलाई निम्नलिखित प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ :

### ३.३.१.१ स्रष्टा व्यक्तित्व

तीर्थराम झाको सार्वजनिक लेखनयात्रा सर्वप्रथम २०११ सालतिर कविता विधाबाट प्रारम्भ भए पनि उनले रचना गरिएका कविताहरूको कुनै पुस्तकाकार कृति प्रकाशित भएको छैन ।

### ३.३.१.२ द्रष्टा व्यक्तित्व

तीर्थराम झाको व्यक्तित्वको अर्को पाटो द्रष्टा व्यक्तित्व हो । द्रष्टा व्यक्तित्वका रूपमा सशक्त योगदान दिएका झाले विभिन्न समालोचनात्मक कृतिहरू प्रकाशन गरेका छन् । यसै

व्यक्तित्वअन्तर्गत उनको अनुवादक व्यक्तित्व पनि केही रूपमा झल्किएको देखिन्छ । उनको द्रष्टा व्यक्तित्वलाई निम्नलिखित २ प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ :

## १. समालोचक व्यक्तित्व

तीर्थराम झाले समालोचना विधामा पर्याप्त मात्रामा कलम चलाएका छन् । विभिन्न विषयवस्तुलाई लिएर विभिन्न भाषामा वस्तुपरक र प्रभाववादी पद्धतिअनुसार समालोचना गर्न झाले केही समालोचनात्मक कृतिहरू प्रकाशित गरेका छन् भने केही प्रकाशोन्मुख अवस्थामा रहेका छन् । उनका प्रकाशित समालोचनात्मक कृतिहरूमा नेपाली भाषाका **'जुनेली'को प्रकाशमा कवि व्यथित** (२०२४), **देह रामायण व्याख्या** (२०३७), **पं. लेखनाथ पौड्यालको 'ऋतुविचार'** (२०४१), **शुभाशुभ संस्कारादि निर्णय** (२०५९) रहेका छन् हिन्दी भाषामा प्रकाशित कृति **जीवन और शान्ति** (२०४७) रहेको छ ।

उनले यी समालोचनात्मक कृतिहरूमा नेपाली साहित्यकार व्यथित र लेखनाथको विश्लेषणका साथै पूर्वीय हिन्दू आर्यसंस्कृतिअनुसार ब्राह्मणले गर्नुपर्ने नित्यकर्म र संस्कारको विश्लेषण, देहसम्बन्धी रामायणले प्रतिपादन गरेको व्याख्या र जीवनजगत्सम्बन्धी आध्यात्मिक चिन्तनलाई विस्तृत, सुव्यवस्थित र विश्लेषणात्मक रूपमा अध्ययन गरी तिनीहरूबाट निष्कर्ष निकाली ती निष्कर्षित सारहरूलाई यी कृतिहरूमा प्रस्तुत गरेको देखिन्छ । उनका समालोचनात्मक कृतिहरू वस्तुवादी, सपाट र सरल रहेका छन् ।

## २. अनुवादक व्यक्तित्व

तीर्थराम झाले संस्कृत साहित्यका कृतिहरूको अनुवाद गरी नेपाली जनमानसमा संस्कृत साहित्य र संस्कृतमा व्याख्या भएको आध्यात्मिक चिन्तनलाई चिनाउने प्रयास गरेका छन् । श्री स्वामी ब्रह्मलाल आद्य शङ्कराचार्यद्वारा विरचित स्तोत्रलाई नेपालीमा अनुवाद गरी नेपाली जनमानसमा आद्य शङ्कराचार्यका जीवनसम्बन्धी व्याख्यालाई चिनाएको देखिन्छ । उनको अनुवादसम्बन्धी एक मात्र कृति **श्री ब्रह्मलाल तथा आद्य शङ्कराचार्यके स्तोत्रोंका पद्यानुवाद** (२०५५) हो । यस कृतिले उनको अनुवाद व्यक्तित्वलाई स्पष्ट पारेको पाइन्छ ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

जीवनमा अनेक क्षेत्रसँग सम्बद्ध र क्रियाशील रहेका तीर्थराम झाको लेखन क्षेत्रबाहेक अन्य विविध व्यक्तित्व, उनको रुचि, पेसा, विभिन्न क्षेत्रहरूमा सहभागिता, उनको प्रतिभाका कारणले निर्माण भएको देखिन्छ । विभिन्न कार्य क्षेत्रहरूमा संलग्न तथा सक्रिय कार्यदक्षताले उनको व्यक्तित्व कार्यप्रतिको लगनशीलता, कर्तव्यको कुशल निर्वाह, उच्च विद्वत्ता आदिले निर्माण भएको देखिन्छ । तीर्थराम झाको राष्ट्रिय व्यक्तित्वलाई निम्नलिखित प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ :

### १. शिक्षक-प्राध्यापक व्यक्तित्व

तीर्थराम झाको मुख्य कार्यक्षेत्र शिक्षण तथा प्राध्यापन भएकाले यिनको जीवन शिक्षण-प्राध्यापन कार्यमा खर्च भएको देखिन्छ । यसै पेसामा संलग्न भएर उनी अन्य क्षेत्रमा पनि व्यक्तित्वको निर्माण गर्न सफल भएका छन् । उनले शैक्षणिक क्षेत्रबाट हाल अवकाश पाइसकेका छन् । शिक्षाप्राप्तिका दृष्टिले आचार्यसम्मको अध्ययनपश्चात् शैक्षणिक कार्यमा कार्य प्रवेश गरेका तीर्थराम झाले २००३ सालमा भक्तपुरको पद्म हाइस्कुलमा शिक्षक पदमा नियुक्ति भएर पढाउन थालेको पाइन्छ । यस विद्यालयमा ग्रामीण समाजका नानीहरूलाई अक्षर चिनाएका थिए भने कतिपय विद्यार्थीहरूलाई पाठ्यक्रमअनुसार शिक्षा प्रदान गरेका थिए । यसरी शिक्षण सेवामा निवृत्त भएका यिनले झन्डै १३ वर्ष माध्यमिक स्तरमा अध्यापनपछि २०१६ सालमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्थायी उपप्राध्यापक पदमा नियुक्ति भई भक्तपुर क्याम्पसमा प्राध्यापन गर्न थालेको पाइन्छ । झाले प्राध्यापन गर्ने सिलसिलामा त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पस त्रिचन्द्र कलेजमा पनि प्राध्यापन गरेका थिए । त्यस्तै पिपुल्स कलेजमा पनि केही समय अध्यापन गरेका झाले यी शिक्षणसंस्थाका अतिरिक्त भक्तपुरस्थित विद्यार्थी निकेतन मा. वि., शारदा रात्री मा. वि., सरस्वती विद्यागृह मा. वि. आदि शिक्षण संस्थाहरूमा पनि अध्यापन गरेको देखिन्छ । यसरी शैक्षणिक कार्यमा संलग्न भएर जीवनको अधिक समय शिक्षा सेवा प्रदान गरेका झा वर्तमानमा निवृत्त जीवन बिताइरहेका छन् ।

यसरी शिक्षाको सेवामा जीवन नै समर्पण गरेका झाको शिक्षक-प्राध्यापक व्यक्तित्व एक विद्यालयको शिक्षकबाट प्रारम्भ भई त्रिभुवन विश्वविद्यालयको प्राध्यापक तहसम्म गरिमामय

स्थान ओगट्न सफल देखिन्छ । यिनको शिक्षक-प्राध्यापक व्यक्तित्व विषयको विद्वता, कार्यप्रतिको निष्ठा, विद्यार्थीप्रतिको लगाव र प्राज्ञिक अध्यापन एवम् इमानदारिताले भरिपूर्ण भएको देखिन्छ । यिनको शिक्षक-प्राध्यापक व्यक्तित्व विश्वसाहित्यको ज्ञान र प्रकाण्ड विद्वत्ताले निर्माण भएकाले नै देशको राष्ट्रिय व्यक्तित्वको स्थान प्राप्त गरी सम्बन्धित क्षेत्रमा महत्त्वपूर्ण जिम्मेवारी प्राप्त गर्ने र त्यसको कुशल निर्वाह गर्ने काममा सफलता पाएको देखिन्छ ।

## २ धार्मिक व्यक्तित्व

तीर्थराम झा हिन्दू धर्मावलम्बी हुन् । उनी धर्म र ईश्वरप्रति सकारात्मक थिए र उनको धर्मप्रति गहिरो आस्था रहेको थियो । उनी पश्चिमी संस्कृतका विरोधी र पूर्वीय संस्कृति एवम् धर्मका अनुयायी एवम् प्रचारक व्यक्ति हुन् । समाजमा धर्म बिना मानिस पापी, पाखण्डी, कुकर्मी हुने भएकाले धर्मले मान्छेलाई एउटा नजरबन्दमा राख्छ । मान्छेलाई कुलतमा फस्न नदिने मूल कसी नै धर्म हो भन्ने विचार उनको रहेको देखिन्छ । आगोमा पोल्ने धर्म भएझैं मान्छेमा मनुष्यता हुनु धर्म हो । अझ भनौं शाश्वत, सार्वभौम, उच्चतम मानवीय मूल्य नै धर्म हो । जसलाई धारण गरिसकेपछि मान्छे मान्छे भएर बाँच्न सक्छ । धर्ममा भएका कुरा सबै मान्नै पर्छ भन्ने होइन । समाज र समयसापेक्ष धर्मलाई परिष्कृत गरेर पनि मान्न सकिन्छ तर अवश्य धर्म भने मान्नुपर्दछ भन्ने धर्मसम्बन्धी धारणा लिएर उनले जीवनमा धर्मसम्बन्धी प्रवचन गर्दछन् । जीवनका केही अंश धर्मको प्रचारप्रसारमा लागेर बिताएका झा पूर्वीय आर्यसंस्कृतिलाई विश्वमा चिनाउन प्रयासरत छन् । हाल शैक्षिक सेवाबाट निवृत्त भएपछि धर्मको प्रचारप्रसारमा जीवन समर्पण गरेर उनी लागेका देखिन्छन् । स्वदेशमा मात्र नभएर विदेशका भूमिमा समेत पूर्वीय आर्यदर्शनलाई परिचित गराउन हाल क्यानडा पुगेका झाले क्यानडा अगाडि अमेरिकामा गएर पूर्वीय आर्यसंस्कृतिको प्रवचन गरेको पाइन्छ ।

यसरी यिनै कार्यहरूले गर्दा उनको धार्मिक व्यक्तित्व उज्ज्वल रहेको पाइन्छ । जीवनमा अधिक आनन्द आफ्नो धर्म र संस्कृतिलाई चिनाउँदा हुने गर्दछ भन्ने झा वर्तमानमा हिन्दू धर्मको प्रचारमा तीव्र रूपमा समर्पित भएका छन् । यिनै कार्यहरूले उनलाई एक धार्मिक व्यक्तित्वका रूपमा प्रतिष्ठापित गराएको देखिन्छ ।

### ३. सामाजिक व्यक्तित्व

नेपाली साहित्य र धर्मको सेवामा समर्पित भएका झा समाजमा साहित्यको विकास र धर्मको विस्तार गर्न लागिपरेका देखिन्छन् । विभिन्न सङ्घसंस्थामा आबद्ध भएर कार्य गरेका उनले धर्मको विस्तार गर्न विभिन्न मठमन्दिरहरूको स्थापना गरेको देखिन्छ । समाजका निमित्त वा समाजको उत्थानका लागि नै आफ्नो जीवन समर्पण गरेका झाले देशमा मात्र होइन, विदेशका सङ्घसंस्थामा पनि आबद्ध भई नेपाली साहित्यको विकास र धर्मको विस्तार गरेको देखिन्छ । धर्मको प्रचारप्रसार गर्न क्यानडा पुगेका झाले क्यानडामा भारतीय कल्चलर सोसाइटीमा सन् १९९४ देखि २००३ सालसम्म उक्त सोसाइटीको प्रमुख पण्डितको हैसियतले निःस्वार्थ भावनाले सेवा गरेको देखिन्छ भने त्यहीस्थित नेपलीज एन्ड क्यानेडियन सोसाइटी नामक संस्थाको आजीवन सदस्य पदमा रही सेवा गरिरहेको पनि देखिन्छ ।

## ३.३.३ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तर्सम्बन्ध

तीर्थराम झाले आफ्नो जीवनको यात्रामा अनेक क्षेत्रमा संलग्न भई महत्त्वपूर्ण कार्यहरू गर्दै आइरहेका छन् । तिनै महत्त्वपूर्ण कार्यहरूले झाको जीवनी एक सामान्य व्यक्तिभन्दा भिन्न राष्ट्रिय व्यक्तित्वका रूपमा स्थापित हुन पुग्यो । उनले गरेका कार्यहरूबाट निर्मित उनको राष्ट्रिय व्यक्तित्व र उनीद्वारा लिखित कृतिहरूका बीच परस्पर निकटता र सम्बन्ध भेटिन्छ ।

तीर्थराम झाको पारिवारिक पृष्ठभूमि सम्पन्न र पण्डित भएकाले उनको बाल्यकाल सुखसाथ बितेको पाइन्छ । शिक्षाध्यनका लागि काठमाडौँ र बनारस गएको समयमा देखेका विषयहरूको प्रभाव यिनको साहित्यिक लेखनमा पर्न गयो । साथै उनले गरेका स्वदेश तथा विदेशका भ्रमणका समयमा अनुभव गरेका तथा प्रत्यक्ष भोगेका घटनाहरूको प्रभाव पनि यिनको साहित्यिक लेखनमा पर्न गयो ।

तीर्थराम झाको कृतिलेखन, समालोचना तथा अनुवादमा उनको शिक्षाले प्रभाव देखिन्छ । संस्कृत, नेपाली र हिन्दी भाषाका ज्ञाता झाले संस्कृतमा आचार्य गरेपछि संस्कृतिको अथाह ज्ञान र चिन्तनमननले गर्दा उनमा अथाह ज्ञान गरिएको पाइन्छ । यही ज्ञानलाई प्रदान गर्न आफ्नो मुख्य कार्यक्षेत्रको रूपमा शिक्षण-प्राध्यापन पेसा अँगालेका झाको मुख्य प्राध्यापनको विषय नेपाली हो । प्रारम्भमा सहज सिर्जना क्षेत्रबाट बिस्तारै गहन क्षेत्रतिर उनको लेखनकार्य

मोडिएको पाइन्छ । प्रारम्भमा केही नाटक र कविता लेखेका झाले कालान्तरमा समालोचना र अनुवादमा बढी कलम चलाएको पाइन्छ । संस्कृत तथा नेपाली साहित्यको गहन अध्ययन गरी समालोचना गर्न थालेका झा नेपाली साहित्यका क्षेत्रमा उल्लेखनीय र महत्त्वपूर्ण योगदान गरी विभिन्न कृतिहरू लेखिसकेकाले शैक्षिक जीवनले उनको उनको व्यक्तित्व निर्माण र कृतित्व लेखनमा महत्त्वपूर्ण स्थान ओगटेको देखिन्छ ।

तीर्थराम झाको शारीरिक र मानसिक व्यक्तित्वले पनि उनको कृतिलेखनमा अन्तःसम्बन्ध कायम गरेको देखिन्छ । उनी अनेक क्षेत्रसँग सम्बद्ध रहेकाले प्रायः व्यस्तै रहेका देखिन्छन् । शैक्षिक, धार्मिक आवश्यकताअनुरूप परिमाणात्मक रूपमा उनका जेजति कृतिहरू प्रकाशित भएका छन् ती गहन देखिन्छन्; पठनयोग्य छन् । झाको मानसिक अवस्थामा भएको भावनाको विपुलता र कल्पनात्मक शक्तिको प्रचुरताको परिमाणस्वरूप उनले साहित्य सिर्जना र समालोचना गर्न सकेका हुन् । सिर्जनाको क्रमलाई केही खोटी बनाए तापनि उनका कृतिहरूको अध्ययनबाट उनको मस्तिष्क, विद्वत्ता र साधनाले भरिपूर्ण रहेको देखिन्छ ।

तीर्थराम झाले विभिन्न कार्यहरू र भ्रमणका सिलसिलामा देश तथा विदेशका विभिन्न भागहरूका जातीय, सांस्कृतिक र भाषिक अध्ययन र दृश्यावलोकन गरेका थिए । त्यही भ्रमण समयमा गरेका अनुभव, दृश्यावलोकनका घटना तथा अनुभवबाट उनले साहित्यलेखनमा प्रभाव ग्रहण गरेका छन् ।

यसरी हेर्दा तीर्थराम झाको समग्र जीवनीका मूलभूत पक्षहरू, महत्त्वपूर्ण कार्यहरू र तिनबाट बनेको उनको उच्च व्यक्तित्व तथा तिनै जीवनीका विविध पक्षहरू र व्यक्तित्वको प्रभाव उनको कृतिलेखनमा परेको देखिन्छ । तिनमा पनि उनको पारिवारिक अवस्था, तत्कालीन सामाजिक परिवेश, शिक्षा र शिक्षण-प्राध्यापन पेसाको परिणामस्वरूप उनले नेपाली, संस्कृत र हिन्दी साहित्यको क्षेत्रमा ठूलो योगदान दिएको देखिन्छ । यसरी हेर्दा अत्यन्त परिश्रमी, व्यस्त, गहन अध्ययन र अनुसन्धान गर्ने तीर्थराम झाको जीवनी, व्यक्तित्व र कृतित्वका बीच परस्पर एकअर्काको प्रभाव र प्रेरणा प्राप्त भई अन्योन्याश्रित अन्तर्सम्बन्ध स्थापित भएको पाइन्छ ।

# चौथो परिच्छेद

# तीर्थराम झाको साहित्यिक यात्रा

## ४.१ साहित्ययात्रा

तीर्थराम झाको कृतिलेखन व्यक्तित्व नेपाली साहित्य र हिन्दी साहित्यमा समर्पित भएको देखिन्छ । तीर्थराम झाका कृतिहरू नेपाली साहित्य र हिन्दी साहित्यका विभिन्न क्षेत्रसँग सम्बन्धित रहेका छन् । उनले नेपाली साहित्यका कविता, नाटक, समालोचना र अनुवाद र धार्मिक क्षेत्रमा आफ्नो द्रष्टा र स्रष्टा व्यक्तित्वलाई अग्रगति दिएका छन् । तीर्थराम झाको नेपाली एवम् हिन्दी साहित्यको यात्राको निरूपण गर्दै साहित्ययात्रामा देखापरेका लेखनगत भिन्नताका आधारमा त्यस चरणको विभाजन गरी सम्बन्धित चरणमा प्रकाशित कृतिहरूका आधारमा उनको लेखक व्यक्तित्वका प्रवृत्तिहरू केलाइएको छ ।

तीर्थराम झाले नेपाली साहित्यका कविता, नाटक, समालोचक, अनुवादक हुनाका साथै धार्मिक महत्त्वका कृतिहरूसमेत लेखेका छन् भने हिन्दी साहित्यमा पनि उनको कलम केही मात्रामा चलेको छ । यसकारण उनी बहुमुखी प्रतिभा हुन् । नाटक र कविताका क्षेत्रबाट सिर्जनकला प्रारम्भ गरेका उनी औपचारिक कृति प्रकाशित समयका आधारमा नेपाली साहित्यमा समालोचनाबाट प्रवेश गरेको देखिन्छ । हालसम्म उनका प्रकाशित कृतिहरूमा नेपाली भाषाका **'जुनेली'को प्रकाशमा कवि व्यथित** (२०२४), **बाह्रफूल एक गुच्छा** (आई. ए. पाठ्यक्रममा आधारित पुस्तक, २०२५), **आठफूल एक माला** (२०२९), **देह रामायण व्याख्या** (२०३७), **पं. लेखनाथ पौड्यालको 'ऋतुविचार'** (२०४१), **शुभाशुभ संस्कारादि निर्णय** (२०५९) रहेका छन् भने हिन्दी भाषाका कृतिहरू **जीवन और शान्ति** (२०४७) र **श्री स्वामी ब्रह्मानन्द तथा आद्य शङ्कराचार्यकें स्तोत्रोका पद्यानुवाद** (२०५५) रहेका छन् ।

एकातिर पेसाले शैक्षिक सेवा र रुचिले भने नेपाली र हिन्दी साहित्यका स्रष्टा र द्रष्टा दुवै विधामा कलम चलाउने झा रचनात्मक र सिर्जनात्मक कार्यका साथै नेपाली समालोचनालाई आधुनिकता र यथार्थपरकताका पथमा डोऱ्याउन लागिपरेका देखिन्छन् । यसरी नेपाली, मैथिली, संस्कृत तथा हिन्दी साहित्यको श्रीवृद्धिमा निरन्तर लगेका झाको समग्र साहित्ययात्रालाई चरणमा विभाजन गरी तल अध्ययन गरिएको छ :

## ४.२ तीर्थराम झाको साहित्ययात्राको चरण विभाजन

प्रकाशित कृतिका आधारमा २०२४ सालदेखि सार्वजनिक लेखनयात्रा प्रारम्भ गरेका तीर्थराम झाको नेपाली तथा हिन्दी साहित्यिक यात्रा वर्तमानसम्ममा आइपुग्दा लगभग चारदशक लामो समयावधि उल्लिखित साहित्यको उन्नति र श्रीवृद्धिमा समर्पित भएको देखिन्छ । साहित्यसिर्जनामा तीर्थराम झाको प्रतिभा, पेसा, विज्ञता र अध्ययनशील व्यक्तित्वले जेजति सहयोग पुग्यो त्यसका विपरीत अनेक क्षेत्रसँगको सम्बद्धताले उनी जीवनमा साह्रै व्यस्त रहेका देखिन्छन् । व्यस्त जीवनमा पनि साहित्यसिर्जनामा आफ्नो प्रतिभा र विज्ञतालाई प्रदर्शन गराउन उनी पछि परेका छैनन् । उनले करिब चारदशक लामो आफ्नो सार्वजनिक लेखनयात्रामा निकै कृतिहरू लेख्न र प्रकाशन गर्न सफल भइसकेका छन् । उनको लेखनकार्य नियमित र निरन्तर हुन नसक्दा केही वर्षहरूको अन्तरालमा मात्र उनका कृतिहरू प्रकाशित भएको देखिन्छ । २०२४ सालदेखि आजसम्ममा उनका ८ वटा कृतिहरू प्रकाशित भएका छन् । यी कृतिहरूको विषयवस्तुगत र प्रवृत्तिका आधारमा उनको समग्र साहित्ययात्रालाई निम्नलिखित दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ :

१. पहिलो चरण २०२४ सालदेखि २०४१ सालसम्म ।

२. दोस्रो चरण २०४२ देखि आजसम्म ।

**१. पहिलो चरण**

तीर्थराम झाको लेखनयात्राको पहिलो चरण २०२४ सालदेखि २०४१ सालसम्म मान्न सकिन्छ । पूर्वार्द्ध चरण झाको सिर्जना र समालोचनाको अवधि हो । तीर्थराम झाले यस चरणमा प्रायः कविता, नाटक र समालोचना विधामा कलम चलाएको देखिन्छ । उनका यस चरणमा प्रकाशित कृतिहरूमा भने **'जुनेली'को प्रकाशमा कवि व्यथित** (२०२४), **बाह्रफूल एक गुच्छा** (आई. ए. पाठ्यक्रममा आधारित पुस्तक, २०२५), **आठफूल एक माला** (बी. ए. पाठ्यक्रममा आधारित पुस्तक, २०२९), **देह रामायण व्याख्या** (२०३७), **पं. लेखनाथ पौड्यालको 'ऋतुविचार'** (२०४१) रहेका छन् । तीर्थराम झाका उक्त कृतिहरूमा दुईवटा कृतिहरू आई. ए. र बी. ए. को पाठ्यक्रममा आधारित भएर लेखिएका कृतिहरू रहेका छन् भने ती कृतिहरू हाल उपलब्ध रहेका छैनन् । समालोचना विधाको **पं. लेखनाथ पौड्यालको 'ऋतुविचार'** कृतिका आधारमा उनको समालोचक व्यक्तित्वलाई केही मात्रामा यहाँ स्पष्ट पारिएको छ ।

नेपाली साहित्यका प्रसिद्ध कवि लेखनाथ पौड्यालका कविताहरू पढेर उनी कवितालेखनमा केही समय प्रवृत्त भएको जानकारी उनले दिए तापनि उनका कविताहरू कुन समय, कुन पत्रिकामा, के शीर्षकमा प्रकाशित भएका थिए भन्ने जानकारी नपाउँदा उनको कवि व्यक्तित्वलाई यसभन्दा बढी जानकारी गराउन सकिँदैन तर कविताहरूको विश्लेषणात्मक कृति **पं. लेखनाथ पौड्यालको 'ऋतुविचार'** (२०४१) नामक समालोचनात्मक कृतिमा भने झाले लेखनाथको **ऋतुविचार**को व्याख्या-विश्लेषण गरेका छन् । **ऋतुविचार**सम्बन्धी विविध विषयसँग सम्बन्धित भएको यो समालोचनात्मक कृतिमा विशेष गरी तीर्थराम झाले लेखनाथको आलङ्कारिक प्रतिभालाई प्रस्ट्याउने काम गरेका छन् । त्यसरी नै लेखनाथ **ऋतुविचार** कृतिका आधारमा केकस्ता कविका रूपमा चिनिन्छन् भन्ने पक्षलाई सङ्क्षिप्त रूपमा स्पष्ट पार्न प्रस्तुत कृति सफल रहेको छ । वस्तुतः पूर्वीय साहित्यिक सिद्धान्तलाई पछ्याउँदै अगि बढेको **ऋतुविचार**मा पूर्वीय परिपाटीमा प्रस्तुत गरिएका अभिव्यक्तिहरूमा अनगिन्ती रूपमा जनमुखी भावनाहरू व्यक्त गरिएका छन् र जसबाट कविको कृतिमा समाजसापेक्ष साहित्यको स्वरूप राम्ररी झल्किएको छ भन्ने मूलसार नै यस कृतिमा झाले विश्लेषणद्वारा निकालेका छन् । तत्कालीन समयमा पनि त्यसरी जनजागरणसम्बन्धी अभिव्यञ्जना प्रस्तुत गर्न अघि सर्नु कविको उत्कृष्ट विशेषता हो भन्ने झाको अध्ययनबाट प्रस्ट भएको छ । वस्तुतः यो आध्यात्मिक र विचारप्रधान कवितासङ्ग्रह हो । त्यसैले यसको तहअनुरूपको दृष्टिले हेर्दा मात्र यसमा मीठो स्वाद भेटिन्छ भन्ने झाको **ऋतुविचार**सम्बन्धी निचोड रहेको पाइन्छ ।

यसरी समालोचनाको क्षेत्रमा यस चरणमा झाले आफ्नो लेखनीलाई तिख्खर रूपमा चलाएका छन् । यो चरण उनको आभ्यासिक र केही परिमार्जित चरण हुँदाहुँदै पनि उनको समालोचनात्मक प्रतिभा भने बेजोड रहेको देखिन्छ ।

### २. दोस्रो चरण

तीर्थराम झाको साहित्ययात्राको दोस्रो चरण २०४२ सालदेखि आजसम्म मानिएको छ । यो चरण उनको खासगरी धार्मिक महत्त्वका दृष्टिले सफल रहेको छ । संस्कृत साहित्यको गहन अध्ययन गरेका उनले संस्कृतमा व्यक्त पूर्वीय आध्यात्मिक दर्शनलाई स्पष्ट पार्न यस चरणमा निकै समय खर्चेको देखिन्छ । यो चरणमा उनका प्रकाशित कृतिहरू नेपाली र हिन्दी भाषामा छन् । यो चरणको नेपाली भाषाको कृति **शुभाशुभ संस्कारादि निर्णय** (२०५९) हो भने हिन्दी

भाषाका कृतिहरू **जीवन और शान्ति** (२०४७) र **श्री स्वामी ब्रह्मानन्द तथा आद्य शङ्कराचार्यकें स्तोत्रोका पद्यानुवाद** (२०५५) रहेका छन् ।

यस चरण उनको जीवनको उत्तरार्द्ध चरण पनि हो । शिक्षक पेसाबाट निवृत्त भएर आर्य धर्मको प्रचारप्रसारमा समर्पित भएका झाको साहित्ययात्रा पनि धार्मिक महत्त्वतिर नै ढल्केको देखिन्छ । पूर्वीय आध्यात्मिक दर्शनलाई जनमानसमा फैलाएर मनुष्य जीवनलाई कालरूपी पन्जाबाट छुट्कारा दिलाउन कसरी सकिन्छ ? मनुष्य जीवन लिएर यस धर्तीमा जन्मेपछि मानवले केकस्ता कार्यहरू गर्नुपर्दछ । मानवको कर्तव्य के हो ? मानवले नित्य उठेर केकस्ता कार्यहरू गर्दा मनुष्य जीवन धन्य बन्दछ आदि कुराहरूलाई उनले यस चरणका कृतिहरूमा प्रस्तुत गरेको पाइन्छ । मनुष्य जीवनको परम लक्ष्य उसले मोक्ष प्राप्ति गर्नु हो । मोक्षप्राप्तिका लागि मानवले अपनाउनुपर्ने गुण केके हुन् । शान्ति कसरी मिल्छ । धार्मिक शास्त्रमा के रहस्य छ ? यी आदि कुरालाई नै उनले चरणका कृतिहरूमा विशद् रूपमा चर्चा गरेका छन् । यसरी तीर्थराम झाको दोस्रो चरणले धार्मिक महत्त्वका दृष्टिमा उच्च स्थान प्राप्त गर्न सफल भएको छ ।

समग्रमा भन्नुपर्दा चारदशकको अवधिमा नेपाली, संस्कृत, मैथिली तथा हिन्दी साहित्यमा पनि थोरबहुत कलम चलाएर बहुभाषी व्यक्तित्वको परिचय दिन उनी सफल भएका छन् । उनका कृतिहरूको भाषा सरल छ । समालोचना विधाका आधारमा उनी कतै वस्तुवादी र कतै प्रभाववादी समालोचक भएर देखापरेका छन् । धार्मिक कृतिहरूका आधारमा उनी धर्मवादी, पूर्वीय अध्यात्मवादी, दार्शनिकका रूपमा परिचित र स्थापित हुन सफल भएका छन् ।

पा“चौ” परिच्छेद

तीर्थराम झाका कृतिहरूको विश्लेषण

## ५.१ पृष्ठभूमि

नेपाली साहित्यमा उनका प्रकाशित कृतिहरूका आधारमा २०२४ सालदेखि देखापरेका झाले २००३ सालदेखि रचना गर्न थाले तापनि उनका २००३ सालदेखि २०२४ सालसम्मका रचनाहरू कुनै सङ्ग्रहमा सङ्गृहीत नभई केवल पत्रपत्रिकामा सीमित भएका र ती फुटकर लेखरचनाहरू हाल उपलब्ध नभएकाले तिनीहरूको विश्लेषण यस शोधपत्रमा गर्न सकिएको छैन । त्यसैले कृति प्रकाशनका आधारमा उनका उपलब्ध कृतिहरूको विश्लेषण यस परिच्छेदमा गरिएको छ । २०२४ सालदेखि उनका कृतिहरू प्रकाशित भए तापनि हाल उनका नेपाली भाषाका कृतिहरू **पं. लेखनाथ पौड्यालको ‘ऋतुविचार’** (२०४१) समालोचना र **शुभाशुभ संस्कारादि निर्णय** (२०५९) धार्मिक महत्त्वलाई स्पष्ट पारिएको कृति मात्र उपलब्ध भएकाले यी कृतिहरूको अध्ययन तल गरिएको छ ।

## ५.२ पं.लेखनाथ पौड्यालको ‘ऋतुविचार’ समालोचनात्मक कृतिको विश्लेषण

### ५.२.१ कृतिपरिचय

पं. लेखनाथ पौड्यालको **ऋतुविचार** (२०४१) समालोचना कृति श्री अमृतकुमार अर्यालज्यूले प्रथम पटक (२०४१) सालमा प्रकाशन गर्नुभएको हो । प्रस्तुत समालोचनात्मक कृतिको पहिलो आवरण पृष्ठको सिरानमा कृतिको नाम लेखिएको छ भने अन्त्यमा कृतिलेखकको नाम लेखिएको छ । आकारप्रकारका दृष्टिले मध्यम आकारको देखिने प्रस्तुत कृतिको साइज डिमाइ आकारको रहेको छ । कृतिको तेस्रो पृष्ठमा कृतिलेखकको व्यक्तिगत विवरण ‘लेखकको प्राज्ञिक विवरण’ शीर्षकमा २ पृष्ठमा प्रस्तुत गरिएको छ । त्यसरी नै पाँचौं पृष्ठदेखि लेखकको तर्फबाट ‘केही भन्नुपर्ने कुरा’ शीर्षकमा १० पेजमा लेखकले प्रस्तुत कृति लेख्नुको उद्देश्य, कृतिमा समाविष्ट विषयवस्तुको सार र प्रस्तुत कृति प्रकाशक र मुद्रणसम्बन्धी अभिभारा बोक्ने सम्पूर्ण पक्षलाई छोटकरीमा धन्यवाद दिइएको छ । त्यसपछि प्रस्तुत कृतिको विषयसूची प्रस्तुत गरिएको छ । प्रस्तुत कृति तीन भागमा विभाजित रहेको छ । पूर्वार्द्ध भागअन्तर्गत विभिन्न

शीर्षक तथा उपशीर्षकमा लेखनाथको काव्यप्रतिभाको चर्चा गरिएको छ उत्तरार्द्ध भागमा लेखनाथको **ऋतुविचार**मा प्रयोग गरिएका अलङ्कारहरूलाई केलाइएको छ । अन्त्यमा परिशिष्ट भाग पनि राखिएको छ र यस भागमा लेखनाथकै प्रतिभाको चर्चा गरिएको छ । यो कृति जम्मा १९३ पृष्ठमा संरचित रहेको छ । कृतिमा अनुच्छेद योजना मध्यम खालको रहेको छ । कृतिको अन्तिम पृष्ठमा लेखकको फोटोसहित छोटकरीमा परिचय प्रस्तुत गरिएको छ । यसरी संरचित प्रस्तुत समीक्षात्मक कृतिको विश्लेषण कृतिमा प्रस्तुत गरिएका लेखका शीर्षकमा आधारमा निम्नानुसार गरिएको छ :

## ५.२.२ विषयवस्तु

'कवि शिरोमणि पं. लेखनाथ पौड्याल' यस कृतिको पहिलो शीर्षक हो । मात्र २ पेजमा विस्तारित यो लेख २ वटा लामा अनुच्छेदहरूमा विस्तारित रहेको छ । यस शीर्षकअन्तर्गत तीर्थराम झाले नेपाली भाषासाहित्यका एक महान् ओजस्वी र तेजस्वी साधकको रूपमा देखापरेका स्व. पण्डित लेखनाथ पौड्यालको प्रचुर उत्कृष्ट तथा परिमार्जित साहित्यिक कृतिपुञ्जले राष्ट्रिय भाषासाहित्यको भण्डार निकै सजिएको कुरालाई दर्साउँदै उनका कृतिहरूले आफ्नो प्राचीन, धार्मिक, आध्यात्मिक, सांस्कृतिक, नैतिक र सामाजिक आदि विभिन्न महत्त्वपूर्ण पक्षहरूलाई उद्घाटन गरेका छन् । आदर्श पक्षहरूको यथार्थता र महत्ता स्पष्ट गर्ने लेखनाथका कविताहरूले समाजोपयुक्त आदर्श मार्गको अनुसरण गर्ने प्रेरणा प्रदान गरेको कुरा तीर्थराम झाले प्रस्तुत गरेका छन् । काव्यसाधानामा निरन्तर रूपमा लागिपरेका पौड्याल कालान्तर समयसम्म पथप्रदर्शक बनिरहनेछन् । नेपाली भाषासाहित्यका युग स्रष्टाहरूमध्ये एक स्रष्टा कवि शिरोमणि पं. लेखनाथका कृतिहरू नेपाली साहित्यका क्षेत्रमा अनगिन्ती रूपमा प्रस्तुत भएका छन् । वि. सं. १९६१ देखि जीवनको आखिरी समय २०२२ सालसम्म प्रस्तुत भएका उनका कृतिहरू परिमार्जित र प्रौढ छन् । मुक्तक, खण्डकाव्य, महाकाव्य, नाटक आदि विधामा कलम चलाएका पौड्यालले आध्यात्मिक, नैतिक, धार्मिक, सामाजिक, सांस्कृतिक र विभिन्न प्राकृतिक पक्षहरूसम्बन्धी विषयवस्तुलाई आफ्नो कल्पनाको रङले मुछेर गहन अनुभूतिको छाप लगाउँदै आफ्नै दर्शन प्रतिपादन गरिएका काव्यात्मक पङ्क्तिहरूले मानवताको वकालत गर्न सफल भएका छन् भन्ने झाको विश्लेषण रहेको छ । त्यसैगरी सर्वजन हितायको सिद्धान्तलाई आत्मसात् गरी प्राचीन आदर्शोन्मुख आध्यात्मिकता सम्पन्न भएर कवि शिरोमणि लेखनाथ प्रकृति

नै मानवका गुरु हुन् भन्ने पक्षलाई समर्थन गराउन निकै सफल र समर्थ मानिन्छन् भन्ने झाको समालोचना रहेको छ । प्रकृतिसम्बन्धी काव्यहरूमा उनको **ऋतुविचार** उत्कृष्ट काव्य हो भनी यस शीर्षकअन्तर्गत झाले औंल्याएका छन् ।

यस समालोचनात्मक कृतिको दोस्रो लेख 'ऋतुविचार एक सङ्क्षिप्त परिचय' शीर्षकमा रहेको छ । यो लेख डेढ पेज र छोटाछोटा तीनवटा अनुच्छेदमा विस्तारित छ । यस लेखमा तीर्थराम झाले **ऋतुविचार** नेपाली साहित्य भण्डारको एक अनुपम रत्नका रूपमा लिएका छन् । ६ वटै ऋतुहरूको विवरण र ती ऋतुहरूमा पर्ने प्राकृतिक विशेषता र तिनबाट प्रभावित हुँदै देखापर्दै आएका परिवर्तनहरू अनि ती परिवर्तनहरूको प्रतिफलका रूपमा देखापरेका विभिन्न परिस्थितिहरूलाई सामाजिक जीवनसँग सम्बद्ध तुल्याई विशद् रूपमा यस कृतिमा पौड्यालले चित्रण गरेका छन् भन्ने कुरालाई झाले बताएका छन् । यस कृतिमा पौड्यालले आध्यात्मिकतालाई बढी प्रश्रय दिएका छन् भने वैदिक, सांस्कृतिक, धार्मिक आदि विषयसँग सम्बन्धित आदर्शोन्मुख स्वच्छ सामाजिक गतिविधिहरूलाई पनि प्रशस्त मात्रामा प्रस्तुत गरेको कुरालाई झाले औंल्याएका छन् । अभिव्यक्तिका क्रममा नैतिक-अनैतिक, राजनैतिक, कूटनैतिक, सङ्कीर्ण सामाजिक मनोवृत्तिलाई पनि विभिन्न वस्तुस्थितिहरूसँग चित्रण गर्दै जुनजुन ऋतुहरूसँग सम्बन्धित प्राकृतिक पक्षको वर्णनको क्रममा विभिन्न रूपका दृष्टान्तको रूपमा लेखनाथले प्रस्तुत गरेका छन् भन्ने झाको विश्लेषण छ । लेखनाथका यिनै विविध रूपलाई वैचित्र्यपूर्ण र आलङ्कारिक शैलीमा प्रस्तुत काव्यात्मक अभिव्यक्तिको प्रस्तुति नै **ऋतुविचार** खण्डकाव्य हो भन्दै यस **ऋतुविचार**मा एक ऋतुको वर्णनमा १०१ पद्यहरू प्रस्तुत भएका छन् र १०० पद्य अनुष्टुप् छन्दमा र अन्तिम एक पद्य मालिनी छन्दमा प्रस्तुत भएको कुरा झाले बताएका छन् । यो खण्डकाव्यमा प्रत्येक ऋतुसम्बन्धी भेटाइएजति वैभवको विशद् रूपमा वर्णन गरिएको छ । जसमा पौड्यालको अनुपम सचेत काव्यात्मक प्रतिभा मूर्त रूपमा झल्किएको पाइन्छ भनी यस शीर्षकमा झाले लेखनाथको **ऋतुविचार**को छोटकरीमा विश्लेषण गरेका छन् ।

यस कृतिमा रहेको तेस्रो लेख 'खण्डकाव्यको रूपमा ऋतुविचार' शीर्षकको रहेको छ । यो लेख डेढ पेज र छोटाछोटा ६ वटा अनुच्छेदमा विस्तारित रहेको छ । यस लेखमा झाले प्रारम्भमा खण्डकाव्यको परिभाषाको सङ्क्षिप्त चर्चा गरी **ऋतुविचार**लाई कोषकाव्यका रूपमा

स्वीकार गर्न सकिन्छ तापनि प्रचलित प्रथाअनुसार **ऋतुविचार** खण्डकाव्यकै नामले प्रसिद्ध भएको छ भनी विश्लेषण गरेका छन् ।

यस कृतिको अर्को लेख 'ऋतुविचारको रचनासमय' शीर्षकमा रहेको छ । यो लेख जम्मा १ पेज र दुईवटा छोटा अनुच्छेदमा विस्तारित रहेको छ । यस लेखअन्तर्गत **ऋतुविचार** १९९१ सालमा पूर्ण प्रकाशित कृतिका रूपमा प्रकाशन भएको थियो भने १९७३ सालमा पनि ऋतुविचारसम्बन्धी केही विषय प्रकाशन भएको थियो र १९७३ सालमा प्रकाशित उक्त अंशलाई १९९१ सालको **ऋतुविचार**को पूर्वरूप हो भन्ने कुरालाई झाले स्पष्ट पारेका छन् । यसै गरी **ऋतुविचार**सम्बन्धी प्रकाशन सर्वप्रथम (१९६५-१९६६) तिर भएको र त्यतिबेला सो अंशको नाम 'वर्षा विचार' रहेको थियो भनी झाले उल्लेख गरेका छन् । यसरी **ऋतुविचार** कृतिलेखन 'वर्षाविचार'बाट प्रारम्भ भई 'ग्रीष्म विचार'मा समाप्त हुन गएको हो भनी यस शीर्षकअन्तर्गत चर्चा गरिएको छ । यस कुरालाई पुष्टि गर्न वासुदेव त्रिपाठीको विद्यावारिधि शोधप्रबन्धको प्रमाण दिइएको छ ।

यस कृतिको 'पं. लेखनाथ पौड्यालको काव्यात्मक प्रतिभा- वैशिष्ट्य' अर्को महत्त्वपूर्ण लेख हो । यो लेख डेढ पेज र ७ वटा छोटा अनुच्छेदहरूमा विस्तारित भएको छ । यस लेखअन्तर्गत तीर्थराम झाले लेखनाथको काव्यात्मक प्रतिभालाई चर्चा गरेका छन् । प्रारम्भमा पूर्वीय साहित्याचार्यहरूले कृतिलेखनका लागि कविमा हुनुपर्ने बुद्धितत्त्वसम्बन्धी प्रतिभालाई औंल्याइएको सन्दर्भलाई यहाँ झाले छोटकरीमा वर्णन गरेका छन् । त्यसपछि काव्यसाधनाको मूलतत्त्व प्रतिभालाई स्विकार्दै झाले लेखनाथमा पनि त्यो प्रतिभा थियो जसले उनलाई नेपाली साहित्यमा कवि शिरोमणि पदले तुल्याएको छ भनी विश्लेषण गरेका छन् । प्रतिभा भन्ने कुरा सहजात रहेको हुन्छ भनी संस्कृत साहित्यले चर्चा गरे तापनि कविहरू निजी शिक्षा र अध्ययनकै आधारमा प्रतिभासम्पन्न बनेका हुन्छन् भन्ने झाको भनाइ रहेको छ । पं. लेखनाथलाई पनि स्वकीय अध्ययन र मनन तथा काव्यनिर्माणसम्बन्धी अभ्यासले नै कवि बन्ने प्रतिभा प्राप्त गरेको हो भन्ने झाको भनाइ रहेको छ ।

'**ऋतुविचार**को प्रेरणास्रोतसम्बन्धी चर्चा' शीर्षकको समीक्षात्मक लेख यस कृतिको अर्को महत्त्वपूर्ण लेख हो । यो लेख २२ पृष्ठमा विस्तारित रहेको छ भने बीचबीचमा विभिन्न **ऋतुविचार**का श्लोकहरू पनि पुष्टिका लागि प्रस्तुत गरिएको छ । यस लेखअन्तर्गत तीर्थराम

झाले वि. सं. १९६१-६२ मा प्रकाशित कविता कल्पद्रुमदेखि प्रारम्भ भएको लेखनाथीय कविता माझिँदै १९६६ तिर 'वर्षाविचार' जन्मिएको र १९७३ मा सो प्रकाशित भएको कुरा प्रस्तुत गरेका छन् । यो अवधिभित्र कविमा विषयगत र शैलीगत दुवैतर्फको काव्यात्मक अभिव्यक्तिसम्बन्धी परिवर्तन हुनु समसामयिक दृष्टिले स्वाभाविक भएको र **ऋतुविचार**का विविध पक्षहरूमा परिमार्जित प्रतिभा प्रस्फुटन हुनु यसको मौलिकताको पक्ष भएको कुरा प्रस्ट पार्दै **ऋतुविचार**को प्रस्तुति पूर्वीय साहित्य भण्डार प्रेरणाद्वारा भएको कुरालाई झाले दर्साएका छन् । **ऋतुविचार** खण्डकाव्यको स्रोत सम्बन्धमा चर्चा गर्दै झाले यससम्बन्धी भेटिएका विभिन्न विद्वान्हरूका केही तर्कहरूलाई प्रस्तुत गरेका छन् । तर्कहरू प्रस्तुत गर्ने क्रममा यज्ञराज सत्यालले कालिदासको अनुकरण, राममणि रिसालले लेखनाथको मौलिक कृतिका रूपमा, हिन्दी साहित्यका विद्वान् डा. दीननाथले हिन्दीमा प्रकाशित **बाह्रमासा**को अनुकरण, वासुदेव त्रिपाठीले आफ्नो शोधप्रबन्धमा **ऋतुविचार**को रचना परिपाटीमा पूर्ववर्ती कविहरूको केही अंशमा अनुकरण झल्किए पनि कालिदासको **ऋतुसंहार** नै **ऋतुविचार**सम्बन्धी रूपरेखा प्राप्त हुन गएको हो भनेर उल्लेख गरिएका कुराहरूलाई यस शीर्षकमा झाले प्रस्ट पारेका छन् । त्यसैगरी केशवप्रसाद उपाध्यायको **ऋतुविचार**सम्बन्धी धारणालाई प्रस्तुत गरी अन्त्यमा लेखनाथले **ऋतुविचार**को प्रेरणास्रोत विद्वान्हरूले कालिदासको **ऋतुसंहार**लाई लिए तापनि वास्तविक रूपमा **ऋतुविचार**को प्रेरणास्रोत **ऋतुसंहार** मान्न झा समर्थ देखिँदैनन् । यस कुरालाई उनले निम्नलिखित तर्क दिई पुष्टि गर्ने काम गरेका छन् :

(क) कवि लेखनाथ पौड्याल छन्दोविधानका प्रयोक्ता भएकाले यदि कालिदासको **ऋतुसंहार**बाट लेखनाथले प्रेरणा लिएको भए **ऋतुविचार** कृति पनि वंशस्थ, उपजाति, इन्द्रबज्रा, उपेन्द्रबज्रा अनि मालिनी वा वसन्ततिलका आदि छन्दहरूमा सजिलैसँग प्रस्तुत हुन सक्थ्यो होला तर **ऋतुविचार**का प्रत्येक विचारमा अन्तिम एक श्लोकबाहेक अन्य श्लोकहरू अनुष्टुप् छन्दमा रचिएका छन् ।

(ख) कालिदासको **ऋतुसंहार** पूर्ण रूपमा शृङ्गार भावले युक्त छ र कतैकतै प्राकृतिक चित्रण भए पनि त्यो पनि शृङ्गार भावमै प्रस्तुत छ । यसरी नै **ऋतुसंहार**मा सामाजिकताको झझल्को पाइए पनि नैतिक र आध्यात्मिक तथा सांस्कृतिक र दार्शनिक पक्षहरूको प्रायः शून्य जस्तै रहेका छन् तर लेखनाथले आफ्ना विचारहरूमा विभिन्न प्राकृतिक

चित्रणसँगै सामाजिक, नैतिक, आध्यात्मिक, सांस्कृतिकसम्बन्धी दर्शनहरू यत्रतत्र प्रशस्त रूपमा प्रस्तुत गरेका पाइन्छन् । त्यसरी नै **ऋतुसंहार**मा शृङ्गार भावलाई प्रधानता दिइएको छ भने **ऋतुविचार**मा आध्यात्मिक भावलाई प्रधानता दिइएको छ ।

(ग) अल्प रूपमा प्राकृतिक चित्रणसम्बन्धी प्रस्तुतिमा केही भावसम्म देखापर्दैमा शृङ्गारप्रधान **ऋतुसंहारलाई ऋतुविचार**को प्रेरणास्रोत मानिनु उपयुक्त देखिँदैन । यसरी मान्ने हो भने पूर्ववर्ती कुनै पनि ऋतुवर्णनसम्बन्धी कृतिलाई पनि प्रेरणाको स्रोत किन नमान्ने ? यो प्रश्नको उत्तर निकै कठिन देखिन्छ ।

(घ) कालिदासको **ऋतुसंहार** ग्रीष्म वर्णनबाट प्रारम्भ भई वसन्तमा टुङ्गिएको पाइन्छ भने **ऋतुविचार** वर्षा विचारबाट प्रारम्भ भई ग्रीष्म विचारमा टुङ्गिएको पाइन्छ । १९७३ सालमा प्रकाशित वर्षा विचारलाई कविले देशकाल, परिस्थिति र परम्पराअनुरूपको पद्धति अपनाएर वसन्त वर्णनसम्बन्धी वसन्त विचारलाई प्राथमिकता दिई मिलाएको हो ।

(ङ) कालिदासको **ऋतुसंहार** संस्कृत साहित्यमा त्यति प्रसिद्धि ग्रन्थ मानिएको छैन भन्ने कुरा **मेघदूत**का टीकामा मल्लिकनाथ कविले लेखेका छन् । त्यसैगरी चन्द्रशेखर पाण्डेय र शान्तिकुमार झाले **संस्कृत साहित्यको रूपरेखा**मा **ऋतुसंहार** कालिदासको यौवनोल्लासको प्रथम उद्‌गार हो भनेका छन् ।

यसरी आफ्ना तर्कहरू प्रस्तुत गर्दै लेखनाथ **रघुवंश** महाकाव्य, **कुमारसम्भव**, **किरातार्जुनीयम्**, **नैषधचरित** तथा वाल्मीकीय **रामायण** आदि प्रमुख महाकाव्यात्मक ग्रन्थहरूतर्फ नै विशेषतः ढल्किएका थिए भन्न सकिन्छ । **ऋतुसंहार** जस्तो प्रायः अप्रसिद्ध कृतिमा लेखनाथ ढल्किए भन्नु भ्रमात्मक कुरा हो भन्ने झाको विश्लेषण छ । **ऋतुविचार**मा प्रशस्त दृष्टान्त दिइएको छ त्यो **ऋतुसंहार**मा पाइँदैन । अतः लेखनाथले कालिदासीय महाकाव्यहरूबाट प्रेरणा लिई **ऋतुविचार** लेखेका हुन् भनी पूर्णतः दुराग्रह जस्तै मात्र देखापर्दछ भनी झा भन्दछन् ।

यसपछि तीर्थराम झाले **ऋतुविचार**को प्रेरणास्रोतसम्बन्धी विषयमा काठमाडौँबाट प्रकाशित **नेपाल पोस्ट** (अङ्क ४, पुस, २०३५) पत्रिकामा पुष्कर लोहनीले '**ऋतुविचार**को प्रेरणास्रोत भैरवकुमार राजभण्डारीको **ऋतुवर्णन** हो भनी प्रकाशित गरेको लेखको विश्लेषण गर्दै यस लेखमा राजभण्डारीले **ऋतुवर्णन** नै **ऋतुविचार**को प्रेरणास्रोत भनी ठोकुवा गरेको कुरालाई

झाले खण्डन गरेका छन् । १९७३ मा नै प्रकाशित **ऋतुवर्णन**बाट नै समकालीन लेखनाथले प्रेरणा लिए भन्नु लोहनीले भने तापनि त्यसमा ठोस प्रमाण पेस नगरिएकाले यो पनि युक्तिसङ्गत छैन भन्ने झाको ठहर छ ।

यस समालोचनात्मक कृतिको अर्को लेख '**श्रीभद्भागवत र ऋतुविचार**' रहेको छ । यो लेख २२ पेजमा विस्तारित रहेको छ । यस लेखमा श्रीमद्भागवतका दशमस्कन्धको २० अध्यायका विभिन्न श्लोक र लेखनाथको **ऋतुविचार**का विभिन्न श्लोकको तुलनात्मक अध्यययन पनि झाले गरेको देखिन्छ । यस शीर्षकमा झाले **ऋतुविचार**को सन्दर्भग्रन्थ **श्रीमद्भागवत** महापुराण रहेको कुरा उल्लेख गरेका छन् । लेखनाथले वेदव्यासद्वारा रचित पुराणहरूमा मूर्धन्य ठहरिएको **श्रीमद्भागवत** महापुराणबाट मूल प्रेरणा लिएको कुरा झा लेख्छन् । यो पुराणबाट प्रेरणा लिनुको मूल कारण लेखनाथ मूलतः प्राचीन आध्यात्मिक संस्कृतमा रमाउने व्यक्ति भएकाले उनका मानसिक स्पन्दनमा विशुद्ध आर्यसंस्कृति चम्किएको कुरा उनका कृतिहरूले प्रमाणित गर्दछन् भन्ने झाको विश्लेषण रहेको छ । यसकारण **श्रीमद्भागवत**जस्तो भक्ति, आध्यात्मिक तथा वैराग्यले परिपूर्ण ग्रन्थको अनुशीलन लेखनाथले गरेका हुन् झाको विश्लेषण छ ।

कवि व्यक्तित्व भएका लेखनाथले **श्रीमद्भागवत** अध्ययन गर्ने क्रममा दशमस्कन्धको पूर्वार्द्धको २० अध्यायमा गरिएको वर्षा र शरद् ऋतुको वर्णनलाई नेपालीमा अनुवाद गरेको कुरालाई झाले विभिन्न तर्क र उदाहरणका रूपमा व्याख्या गरेका छन् । **श्रीमद्भागवत**को उक्त बीस अध्यायको वर्षा विचारको छायानुवाद र भावानुवाद लेखनाथको **ऋतुविचार**मा रहेको कुरालाई झाले निम्नलिखित उदाहरण दिएर पुष्टि गरेका छन्; जस्तै :

सान्द्रलीलाम्बुदैर्व्योम सविद्युत्स्तनयित्नुभि : ।
अस्पष्टज्योतिराच्छन्नं ब्रह्मेव सगुणं बभौ ॥

(श्रीमद्भागवत, पूर्वार्द्ध, अध्याय २०, श्लोकसङ्ख्या ४)

यस श्लोकको अर्थ यस प्रकारको रहेको छ : बिजुलीको चमक साथमा लिई निकै ठूलो गर्जन गर्दै जताततै डुलिरहेका बाक्ला नीला बादल भरिएकाले आकाशमा चन्द्र, तारा र सूर्य आदि ज्योतिहरू स्पष्ट हुन सक्तैनन् र वर्षा ऋतुको आकाशको स्थिति स्वयं ब्रह्मस्वरूप भएर

पनि सत्व, रजः, तमः यी तिनै गुणले ढाकिदिँदा आफ्नो प्रकाशलाई प्रस्ट गर्न नसक्ने सगुण ब्रह्मजस्तै देखापर्दछ । यस भागवतको श्लोकलाई नेपालीमा निम्न श्लोकहरूमा छायानुवाद गरिएको कुरालाई देखाएका छन् :

छोडी क्षितिजको रेखा सुस्तसुस्त उँभोतिर
मैनाक तुल्य यो कालो उठायो मेघले शिर ।
देखिन्छ नयनानन्दी उसको कान्ति माधुरी
टलक्क टल्कने चिल्लो नौलो पर्वतको सरी ।
खिँची लपलपाऽकार तवरि बिजुली मय ।
गर्जन्छ रणमा मत्त वीरझैँ मेघ निर्भय ।
अथवा जलको भारी गह्रुगो भै गलीगली ।
चल्छ त्यो बिजुली रूप लठ्ठी टेकी अलीअली ॥

यस्ता अनेकौँ उदाहरण दिएर झाले लेखनाथको **ऋतुविचार**को मूल सन्दर्भग्रन्थ **श्रीमद्भागवत** रहेको कुरालाई पुष्टि गरेका छन् । उनले **श्रीमद्भागवत**बाट प्रेरणा लिएर वर्षा र शरद् विचार लेखिसकेपछि लेखनाथले अन्य ऋतुहरूको वर्णन यही क्रममा गरेकाले प्रतिभाद्वारा लेखेका हुन् भन्ने झाको विश्लेषण रहेको छ । त्यसैगरी अन्य संस्कृतका ग्रन्थहरूबाट पनि उनले सन्दर्भ लिएर **ऋतुविचार** लेखे तापनि अगाडि व्याख्या गरिएको **ऋतुसंहार** कृति मात्र प्रेरणा लिएको भन्ने तथ्य चाहिँ युक्तिसङ्गत छैन भनी झाले भनेका छन् ।

त्यसैगरी तीर्थराम झाले यस समीक्षात्मक कृतिको अर्को लेख 'वाल्मीकि **रामायण** र **ऋतुविचार**' शीर्षकमा लेखनाथले **ऋतुविचार** कृतिको सन्दर्भग्रन्थका रूपमा **रामायण**का केही ऋतुवर्णनहरूबाट पनि विषयवस्तु ग्रहण गरेका छन् भनी व्याख्या गरेका छन् । यो लेख ४ पृष्ठमा विस्तारित रहेको छ । यसै सिलसिलामा **रामायण**को किस्किन्धाकाण्डमा पनि वर्षा र शरद् ऋतुको वर्णन ज्यादै मीठो शैलीमा विस्तृत रूपमा गरिएको पाइन्छ । **रामायण**मा पनि आधा पद्यले प्राकृतिक वैभवको चित्रण र आधा पद्यले विभिन्न उपमा, उत्प्रेक्षा आदि आलङ्कारिक अभिव्यञ्जना प्रस्तुतीकरण शैली पाइएकाले गर्दा लेखनाथको **ऋतुविचार**को सन्दर्भग्रन्थ वाल्मीकि

रामायण पनि हो भनी झाले पुष्टि गरेका छन् । **रामायण**मा **श्रीमद्भागवत**भन्दा पनि विस्तृत रूपमा शरद् ऋतुको वर्णन गरिएको पाइन्छ । यी ऋतुवर्णनमा विभिन्न शब्दालङ्कार र अर्थालङ्कारको पनि प्रशस्त मीठा अभिव्यक्तिहरू भेटिन्छन् । त्यसैगरी **रामायण**मा अनुष्टुप् छन्दबाहेक अन्य छन्दको प्रयोग गरिएको भए तापनि लेखनाथ पौड्याल छन्दका ज्ञाता भएकाले उनले जुनसुकै छन्दलाई जुनै छन्दमा ढाल्न सक्ने भएकाले वाल्मीकि **रामायण**बाट **ऋतुविचार**का लेखनाथ प्रभावित भएका छन् भन्ने कुरा झाले भनेका छन् ।

अर्को लेख 'प्रेरणास्रोतसम्बन्धी निर्णय' शीर्षकमा रहेको छ । यो लेख साढ तीन पेजमा विस्तारित रहेको छ । यो कृतिको पूर्वार्द्धको यो अन्तिम लेख हो । यस लेखमा झाले लेखनाथको **ऋतुविचार**को मूल प्रेरणास्रोत वेदव्यासको **श्रीमद्भागवत** महापुराणको दशम स्कन्धअन्तर्गत पूर्वार्द्धको बीसौं अध्यायसम्बन्धी ऋतुवर्णन हो । यसबाट प्रेरणा लिएर लेखनाथले आफ्नो नैसर्गिक प्रतिभासम्पन्न कवि हृदयले आफैँमा रहेको काव्यात्मक शक्तिको अपूर्व शोभा देखाउँदै **ऋतुविचार**को वर्षाविचार र शरद् विचार लेखेका छन् भन्ने झाको निष्कर्ष रहेको छ । यसै गरी वर्षा र शरद् ऋतुको लेखनअभ्यासले अन्य ऋतुहरू लेखनाथले आफ्नै प्रतिभाले त्यस्तै शैलीमा लेखेको कुरा झाले बताएका छन् । यसरी नै लेखनाथले वाल्मीकि **रामायण**बाट पनि अंशतः प्रेरणा लिए तापनि **रामायण**मा वर्णन गरिएको वर्षा र शरद् ऋतुको वर्णन विप्रलम्भ शृङ्गारमा आधारित भएकाले **ऋतुविचार**को मूल स्रोत **श्रीमद्भागवत** महापुराण नै हो भन्ने झाको ठहर छ ।

यस समीक्षात्मक कृतिको उत्तरार्द्ध भागको पहिलो लेख 'पं. लेखनाथको आलङ्कारिक प्रतिभा' रहेको छ । यस लेखअन्तर्गत तीर्थराम झाले लेखनाथले **ऋतुविचार**मा प्रयोग गरेका अलङ्कारहरूको अध्ययन गर्दै लेखनाथको आलङ्कारिक प्रतिभाको विश्लेषण गरेका छन् । यस लेखअन्तर्गत झाले सर्वप्रथम संस्कृत साहित्यको अलङ्कारसम्बन्धी देखिएका मतमतान्तर र विकासक्रमको चर्चा गरेका छन् । चर्चा गर्ने क्रममा झाले अलङ्कारको परिचय, मम्मट, भामह, दण्डी, श्री गुलाब राय एम्. ए., आनन्दवर्द्धन, विश्वनाथ, पण्डितराज सोमनाथ सिग्द्याल आदिका अलङ्कारसम्बन्धी मान्यताहरूलाई स्पष्ट पार्दै पूर्वीय संस्कृत साहित्यमा चर्चित आलङ्कारिक विशेषताहरूको महत्त्वलाई पनि स्पष्ट पारेका छन् । उनका कृतिहरूमा छरिएका अभिव्यक्तिहरूमा वा साधारण मुक्तक कवितादेखि लिएर उनका सम्पूर्ण ग्रन्थात्मक कृतिहरूमा

लेखनाथको आलङ्कारिक प्रतिभा राम्ररी स्पष्ट भएको छ । जीवनका उत्तरार्द्धमा रचना गरिएका कृतिहरूमा उनको काव्यनिर्माणसम्बन्धी प्रतिभा उत्तरोत्तर प्रौढ रूपमा छिप्पिदै गएर उनको आलङ्कारिक वैशिष्ट्य झल्किएको कुरा उनका कृतिहरूबाट छर्लङ्गिएको कुरा झाले बताएका छन् । लेखनाथमा भएको आलङ्कारिक प्रतिभा उनको प्रारम्भिक कृति **ऋतुविचार**मा नै बेजोडसँग झल्किएको छ भनी झाले चर्चा गरेका छन् ।

कवि लेखनाथको आलङ्कारिक वैचित्र्य प्रदर्शनसम्बन्धी चमत्कारतिर दृष्टि दिने हो भने उनको केवल **ऋतुविचार** नै एउटै काव्य प्रशस्त छ । त्यसैले लेखनाथको कवितात्मक वैशिष्ट्यको परिचय **ऋतुविचार** एउटै कृतिले दिन सकेको छ भनी झाले विश्लेषण गरेका छन् । बत्तीस अक्षरमा एक श्लोक हुने अनुष्टुप् छन्दको भरमा अनौठा किसिमका वस्तुस्थितिहरूका चित्रण मार्मिक रूपमा यस कृतिमा गरिएको छ । प्रत्येक पद्यमा अन्त्यानुप्रास रूप शब्दालङ्कार छुटेको पाइँदैन भने विभिन्न अनुप्रासयुक्त पदावलीको चमत्कार पनि स्पष्ट भएको पाइन्छ । सहजात रूपमा झल्किएको शब्दालङ्कारयुक्त प्रत्येक पद्यमा जस्तै रूपका ललित पदावलीद्वारा विभिन्न विषयक वस्तुहरूको यथार्थ स्थितिसमेत बोध गराउन उच्च कल्पनाशक्ति तथा अन्य आलङ्कारिक विशेषताहरू चमत्कृत रूपमा प्रस्तुत गर्ने कवि नेपाली कविताका क्षेत्रमा अद्वितीय जस्तै देखापरेकाले उनी कवि शिरोमणि पदले विभूषित भएका हुन् भन्ने झाको ठहर छ ।

अर्थालङ.कारको क्षेत्रमा लेखनाथले उपमा, उत्प्रेक्षा र रूपक अलङ्कार नै बढी मात्रामा प्रयोग गरेका छन् । यीबाहेक अन्य अतिशयोक्ति, दृष्टान्त, काव्यलिङ्ग, स्वभावोक्ति, समाशोक्ति, निश्चय, सन्देह आदि अलङ्कारहरू पनि उनका रचनामा यत्रतत्र प्रशस्त रूपमा छरिएका पाइन्छन् । यो कुरा उनको **ऋतुविचार**का प्रत्येक विचारसम्बन्धी वर्णनले प्रमाणित गर्दछ भन्ने झाको विश्लेषण रहेको छ । यसरी नै तीर्थराम झाले **ऋतुविचार**मा प्रयोग भएका अलङ्कारहरूलाई विशद् रूपमा विश्लेषण गर्दै देखाएका छन् । झाका अध्ययनमा आएका अलङ्कारहरू निम्नानुसार रहेका छन् :

**(क) उपमा**

लेखनाथले उपमा अलङ्कारलाई आफ्नी प्रमुख नायिकाजस्तै मन पराएको कुरा बताएका छन् । झाले उपमा अलङ्कारलाई स्पष्ट पार्न मम्मटको उपमा अलङ्कारसम्बन्धी लक्षणलाई अघिसारेका छन्; जस्तै :

‘साधर्म्य मुपमा भेदे’

परस्परमा भिन्न भएर रहेका उपमान र उपमेयको समान धर्मका साथ सम्बन्ध हुनु नै उपमा अलङ्कार हो ।

यो लक्षणका आधारमा तीर्थराम झाले लेखनाथले विभिन्न विचारमा प्रयोग गरेका केही उपमा अलङ्कारलाई उदाहरणसहित देखाएका छन्; जस्तै :

वसन्त विचारमा वसन्त ऋतुसम्बन्धी प्राकृतिक वातावरणको उपयुक्त चित्रण गर्दै उपमा अलङ्कारसम्बन्धी वैचित्र्य यसरी प्रस्तुत गरिएको छ :

देखिन्छ नाति शीतोष्ण महिमा ऋतु राजको ।

दयादण्डज्ञ राजाको नीतिझैँ राजकाजको ॥

(**ऋतुविचार**, वसन्त विचार, श्लोक-५)

यहाँ ऋतुराज वसन्तको महिमा-उपमेय, राजाको काजकाजसम्बन्धी नीति-उपमान, ज्यादै चिसो र ज्यादै गर्मी नभएको अवस्थाबाट झल्कने मध्यम रूपको स्थिति तथा उचित ठाउँमा उचित रूपको दया र दण्डको व्यवस्था गर्न सक्ने मध्यम मार्गको नीतिसम्बन्धी स्थितिरूप दुवै (उपमान-उपमेय) तिर मिलेको साधारण धर्मले जनाएको तुल्यता अनि झैँ यो सादृश्यवाचक शब्दसमेत यी चारै तत्त्वले युक्त भएको हुँदा यस पद्यमा पूर्णोपमा अलङ्कार स्पष्ट हुन गएको छ ।

यसै प्रकारले वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर विचारहरूमा लेखनाथले प्रयोग गरेका उपमालाई उदाहरण र लक्षणका आधारमा झाले उपमा अलङ्कारको विश्लेषण गरेका छन् । यसै परिप्रेक्ष्यमा झाले वसन्त विचारका १६, २५,३४, ४६,४९, ५५, ६१, ७५,८७, ९०, ९१, १०० श्लोकहरू, ग्रीष्म विचारका २०, ६८ श्लोकहरू, वर्षा विचारका ५,६,७,१९,३४,३८,४७, र ५४ श्लोकहरू, शरद् विचारको ८ औं श्लोक, हेमन्त विचारको ३०, ३२, ३९, ५०, ८०, ८८ श्लोकहरू र शिशिर विचारको ५, ११, १९, २७, ५२, ९३ आदि श्लोकहरूमा उपमा अलङ्कार रहेका छन् भनी उदाहरण दिँदै पुष्टि गरेका छन् ।

**(ख) उत्प्रेक्षा**

उत्प्रेक्षा अलङ्कारको चर्चा गर्नुअघि तीर्थराम झाले उत्प्रेक्षा अलङ्कारको परिभाषा मम्मटको काव्यप्रकाशबाट उद्धृत गरेका छन् ।

संभावनमथोत्प्रेक्षा प्रकृतस्य समेनयत् ।

अर्थात् प्रकृति विषय (उपमेय)को सम (उपमान विषय) रूपले सम्भावना गर्नु नै उत्प्रेक्षा अलङ्कार हो ।

यस लक्षणका आधारमा झाले लेखनाथको अर्को प्रिय अलङ्कार उत्प्रेक्षा हो भन्दै **ऋतुविचार**का विभिन्न विचारहरूमा प्रयोग भएको उत्प्रेक्षा अलङ्कारहरूको लक्षणका आधारमा उदाहरणसहित विश्लेषण गरेका छन् । यसरी विश्लेषण गरिएको उदाहरणहरूमध्ये निम्न उदाहरणलाई हेरौँ :

पृथ्वीको दिव्य सौन्दर्य नअटाएर पट्ट भै ।

फुटी बाहिर निस्क्यो कि ? पुष्पका रूपमा सबै ।

(**ऋतुविचार**, वसन्त विचार, ३२) ।

यस श्लोकमा पृथ्वीको सौन्दर्य फूलहरूले गर्दा यति स्पष्ट रूपमा झल्केको छ, मानौँ पृथ्वीको भित्रभित्रै सौन्दर्य नअटाएकाले थाम्नै नसकी पट्ट फुटेर फूलहरूका रूप लिई विभिन्न रूपमा बाहिर निस्केर देखापरेको हो कि ? भन्ने अर्थ रहेको छ ।

यहाँ उपमेय पुष्पहरूलाई उपमान पृथ्वीको दिव्य सौन्दर्यको रूपमा सम्भावना गरी अनुपम सौन्दर्यको छटारूप साधारण धर्म झल्काउँदै 'कि' यो उत्प्रेक्षावाचक अर्थात् सम्भावनासूचक पदसमेत उल्लेख भएकाले यो उत्प्रेक्षा अलङ्कार वाच्य रूप हुन गएको छ ।

यसरी नै झाले वसन्त विचारका ४७ र ४८, ग्रीष्म विचारका २, १३, ७३, वर्षा विचारका ५, १४, ६८, ६९, ७६, शरद् विचारका १४, ३९, ८३, ८५, हेमन्त विचारको ३ श्लोक र शिशिर विचारका ३५, ४७, ६६ आदि श्लोकहरूमा लेखनाथले उत्प्रेक्षा अलङ्कारको प्रयोग गरी आफ्नो आलङ्कारिक प्रतिभाको प्रदर्शन गरेका छन् भनी देखाएका छन् ।

**(ग) रूपक**

अलङ्कारहरूको चर्चा गर्ने क्रममा झाले रूपक अलङ्कारको विश्लेषण गरेका छन् । रूपक अलङ्कारको चर्चा गर्ने क्रममा मम्मटको रूपक अलङ्कारबारे प्रस्तुत लक्षणलाई झाले यहाँ प्रस्तुत गरेका छन् ।

तद्रूपकमभेदो य उपमानोपमेययोः ।

अर्थात् उपमान र उपमेयको अभेदज्ञान अर्थात् अभेदारोग्य हुनु अथवा उपमान र उपमेयको काल्पनिक अभेदजस्तै बुझियो भने त्यहाँ रूपक अलङ्कार हुन्छ ।

झाले यस लक्षणका आधारमा **ऋतुविचार**का विभिन्न विचारमा रूपक अलङ्कार रहेको छ भन्दै उदाहरणसहित चर्चा गरेका छन् । झाले चर्चा गरेका उदाहरणहरूमध्ये एउटा उदाहरण निम्नानुसार रहेको छ :

रस वेतनका लोभी यद्वा भ्रमर शिक्षक ।

आफनू जीविक गर्छन् पढाई पुष्प बालक ॥

(**ऋतुविचार**, वसन्त विचार, ४६) ।

यहाँ रसरूपी तलबको लोभी भएको भ्रमररूपी शिक्षकले फूलरूपी बालकलाई (भूँभू आवाज गर्दै) पढाउने थालेको हो किन भन्ने उत्प्रेक्षाभित्र रसरूप वेतन, भ्रमररूप शिक्षक र पुष्परूप बालक भन्ने रूपकहरू परेका छन् । जसमा उपमेय बनेका रस, भ्रमर तथा पुष्पलाई वेतन, शिक्षक र बालकको रूपमा उपमान रूपले कल्पना गरी अभेद बुद्धि स्पष्ट गरिएकाले रूपक अलङ्कार रहेको छ ।

यसरी झाले **ऋतुविचार**का विभिन्न विचारअन्तर्गत वसन्त विचारको ८३, ग्रीष्म विचारका ४, ५, १७, ५८, शरद् विचारको ७९, हेमन्त विचारको ३४ र ६२, शिशिर विचारका २० र ७५ श्लोकहरूमा पनि रूपक अलङ्कार रहेको कुरा प्रस्ट पारेका छन् ।

**(घ) काव्यलिङ्ग**

काव्यलिङ्ग अलङ्कारलाई पनि लेखनाथले **ऋतुविचार**का विभिन्न ठाउँठाउँमा प्रस्तुत गरेका छन् भन्ने झाको विश्लेषण रहेको छ । झाले काव्यलिङ्ग अलङ्कारको व्याख्या गर्नुअघि लक्षण पेस गरेका छन् :

काव्यलिङ्गं हेतोर्वाक्य पदार्थता ।

अर्थात् जहाँ वाक्यार्थ रूपद्वारा अथवा पदार्थ रूपद्वारा कुनै बुझिन आउने अर्थको उपपादक स्पष्ट हुन जान्छ; त्यहाँ काव्यलिङ्ग अलङ्कार हुन्छ ।

यस लक्षणका आधारमा तीर्थराम झाले लेखनाथको **ऋतुविचार**मा प्रयोग भएको काव्यलिङ्ग अलङ्कारको विश्लेषण गरेका छन् । विश्लेषण गर्ने क्रममा उनले निम्न उदाहरण प्रस्तुत गरेका छन् :

वनमा बागमा राम्रा पुष्प लाखौँ थरी फुले ।

कुसुमाकरको नाम साथ पाऱ्यो वसन्तले ।

(**ऋतुविचार**, वसन्त विचार, श्लोक २६) ।

यहाँ वसन्तले कुसुमाकर (फूलहरूको खानी) भन्ने आफ्नो नाम सार्थक पार्नुमा वनमा र बागमा राम्रा लाखौँ थरी फूलहरू फुल्नु उपपादक हुन गएकाले काव्यलिङ्ग अलङ्कार पर्न गएको छ ।

यसरी नै ग्रीष्म विचारको ३० औँ श्लोकमा पनि काव्यलिङ्ग अलङ्कार रहेको छ भनी झाले देखाएका छन् ।

**(ङ) अर्थान्तरन्यास**

लेखनाथले **ऋतुविचार**मा प्रयोग गरेको अर्को अलङ्कार अर्थान्तरन्यास हो भनी झाले यसको लक्षण मम्मटको **काव्यप्रकाश**बाट लिएर प्रस्तुत गरेका छन्; जस्तै :

सामान्यं वा विशेषो वा तदन्येन समर्थ्यते ।

यत्तु सोऽर्थान्तरन्यासः साधर्म्येणेतरेणवा ॥

जहाँ साधर्म्य र वैधर्म्यको दृष्टिले सामान्य कुरोलाई विशेष कुराले वा विशेष कुरोलाई सामान्य कुराले समर्थन गरिएको हुन्छ त्यहाँ अर्थान्तरन्यास अलङ्कार परेको हुन्छ ।

यस लक्षणका आधारमा **ऋतुविचार**का विभिन्न विचारमा लेखनाथले प्रयोग गरेको अर्थान्तरन्यास अलङ्कारको उदाहरणसहित व्याख्या गरिएको छ । यिनै व्याख्या गरिएको उदारहणहरूमध्ये निम्नलिखित उदाहरणलाई हेरौँ :

तडागमा खडा फेरि भयो कमलको वन ।

भित्री बीज छँदासम्म मासिन्थ्यो र कुरा किन ? ॥

(**ऋतुविचार**, वसन्त विचार, श्लोक ९६) ।

यहाँ तडाग (तलाउ) मा फेरि खडा भएको विशेष कुराले भित्री बीज छँदासम्म कुन कुरो मासिन्थ्यो र ? भन्ने सामान्य कुराको समर्थन भएकाले अर्थान्तरन्यास अलङ्कार प्रस्ट भएको छ ।

यसरी नै झाले **ॠतुविचार**का ग्रीष्म विचारका १७, २९, ३१, हेमन्त विचारको ९६ र शिशिर विचारको ७६ श्लोकमा अर्थान्तरन्यास अलङ्कार प्रयोग भएको कुरा सोदारहण पुष्टि गरेका छन् ।

**(च) दृष्टान्त**

दृष्टान्त अलङ्कारलाई पनि लेखनाथले **ॠतुविचार**मा यथाशक्य प्रयोग गरेका छन् भन्ने झाको विश्लेषण छ । दृष्टान्त अलङ्कारको लक्षण मम्मटको **काव्यप्रकाश**बाट झाले प्रस्तुत गरेका छन्; जस्तै :

दृष्टान्त पुनरेतेषां सर्वेषां प्रतिबिम्बनम् ।

अर्थात् जहाँ उपमेय वाक्य र उपमान वाक्यभित्रका उपमान-उपमेय र साधारण धर्मसमेतको बिम्बप्रतिबिम्ब भाव झल्केको हुन्छ अर्थात् उसको उसमा बिम्ब-प्रतिबिम्ब परेजस्तो भान हुन्छ । त्यस्तोमा दृष्टान्त अलङ्कार हुन्छ ।

यसै लक्षणका आधारमा **ॠतुविचार** नामक खण्डकाव्यमा प्रयोग भएका दृष्टान्त अलङ्कारका उदाहरणहरू झाले प्रस्तुत गर्दै अध्ययन गरेका छन् । ती उदाहरणहरूमध्ये एउटा उदाहरण यस्तो छ :

निस्कनू दबिनू रूप विश्वक्रम निदर्शन ।
देखाएर सबै गर्छन् उन्मज्जन निमज्जन ॥

(**ॠतुविचार**, ग्रीष्म विचार, ७८) ।

यहाँ ग्रीष्म ॠतुमा जलक्रीडा रसिक व्यक्तिको जलमा उन्मज्जन र निमज्जन (उत्रनु र डुब्नु) क्रियाको परस्परमा बिम्बप्रतिबिम्ब भाव जस्तै देखाएर जलक्रीडाद्वारा विश्वस्थिति क्रमको उदाहरण जस्तै देखाइएकाले यहाँ दृष्टान्त अलङ्कार पर्न गएको छ ।

यसरी नै दृष्टान्त अलङ्कार वर्षा वर्णनको ३६ श्लोकमा पनि रहेको कुरा झाले बताएका छन् ।

**(छ) स्मृति**

लेखनाथले स्मृति अलङ्कार पनि **ऋतुविचार**मा प्रयोग गरेको सन्दर्भ जोड्दै झाले मम्मटको **काव्यप्रकाश**बाट स्मृति अलङ्कारको लक्षण प्रस्तुत गरेका छन् ।

यथाऽनुभवमर्थस्य दृष्टे सत्सदृशे स्मृति ।

कुनै पहिले अनुभव गरिएको वस्तुलाई उसैको समान कुनै अर्थवस्तु अनुभव गरी सम्झन पुग्यो भने त्यहाँ स्मृति वा स्मरण अलङ्कार हुन्छ ।

यस लक्षणका आधारमा झाले **ऋतुविचार**को वसन्त विचारमा लेखनाथले निम्न पद्यमा स्मृति अलङ्कारको प्रयोग गरेको कुरा औँल्याएका छन् :

साना ऐँसेलुका दाना टिपदा ती टपा-टप ।

ग्रामीण नारी सम्झन्छन् कानका सुनका टप ॥

(**ऋतुविचार**, वसन्त विचार, श्लोक ६५) ।

यहाँ ऐँसेलुका साना दाना टिप्दै गर्ने ग्रामीण नारीले सादृश्यद्वारा आफ्ना कानका सुनका टप सम्झन पुगेको कुरो झल्काइएकाले यहाँ मीठो स्मृति अलङ्कार पर्न गएको कुरालाई झाले प्रस्तुत गरेका छन् ।

**(ज) अतिशयोक्ति**

अतिशयोक्ति अलङ्कार पनि लेखनाथको **ऋतुविचार**मा पाइने अर्को अलङ्कार हो भन्दै झाले यस अलङ्कारको लक्षण मम्मटको **काव्यप्रकाश**बाट लिएका छन् ।

निगीर्याध्यवसानन्तु प्रकृतस्य परेणयत् ।

प्रस्तुतस्य यदन्यत्वं यद्यर्थोक्तौच कल्पनम् ।

कार्यकारणोयोर्यश्च पौर्वापिर्य विपर्ययः ।

विज्ञेयाऽतिशयाक्तिः सा ।

अर्थात् उपमेय र उपमानको विलकुल अभेद जस्तै तुल्याएर उपमानकै पेटभित्र उपमेय बुझिने गरी वर्णन गरियो भने त्यहाँ अतिशयोक्ति अलङ्कार हुन्छ । यो चार प्रकारको हुन्छ ।

यस लक्षणका आधारमा **ऋतुविचार**मा प्रयोग भएका अतिशयोक्ति अलङ्कारहरूलाई विश्लेषण गर्दै झाले सोदाहरण प्रस्तुत गरेका छन् । ती उदाहरणहरूमध्येको एक उदाहरण यसप्रकार रहेको छ :

कलीला पालुवामाथि बिछ्याएर फुलैफुल ।

वसन्त श्री बसेकी छिन् बनी सौन्दर्य-विह्वल ।

(**ऋतुविचार**, वसन्त विचार, श्लोक ३६) ।

यहाँ कलिला पालुवा र फूलैफूलले भरिएको वासन्ती शोभा उपमेयलाई पालुवामाथि फूल बिछ्याएर बस्ने वसन्तकी लक्ष्मी (उपमान) बाटै उपमेय र उपमानको अभेद कल्पना जस्तै गरिएकाले यो भेदाक्तिशयोक्तिको उदारहण हो ।

यसरी नै ग्रीष्म विचारको ३१, वर्षा विचारको ९५, शरद् विचारको २४ र ७३, हेमन्त विचारको २१, शिशिर विचारको ९८ आदि श्लोकहरूमा पनि अतिशयोक्ति अलङ्कारको प्रयोग गरिएको छ भनी झाले सोदाहरण प्रस्ट पारेका छन् ।

**(झ) समासोक्ति**

समासोक्ति अलङ्कार पनि **ऋतुविचार**को अर्को अलङ्कार हो । झाले यस अलङ्कारलाई स्पष्ट पार्न मम्मटको **काव्यप्रकाश**को लक्षणलाई प्रस्तुत गरेका छन् :

परोक्ति भेदकैः श्लिष्टैः समासोक्तिः

अर्थात् समास (सङ्क्षेप) द्वारा दुवै उपमान र उपमेयसम्बन्धी अर्थको बोध हुनु तर अप्रस्तुत अर्थ व्यङ्ग्य हुनुलाई नै समासोक्ति अलङ्कार भनिन्छ ।

यस लक्षणका आधारमा झाले **ऋतुविचार**मा प्रयोग भएका समासोक्ति अलङ्कारलाई सोदारहण प्रस्तुत गरी विश्लेषण गरेका छन् । ती उदाहरणहरूमध्येको एउटा उदारहण यस प्रकार रहेको छ :

रून्छन् कठै ! कुनै वृक्ष ढाडै चीं चीं गरी गरी ।

रस रूप सफा आँसु चुहाइकन बर्बरी ॥

(**ऋतुविचार**, ग्रीष्म विचार, श्लोक ७५) ।

यसरी नै **ऋतुविचार** विचारअन्तर्गत शरद् विचारको ४ श्लोकमा पनि समासोक्ति अलङ्कार रहेको छ भन्दै झाले उदाहरणसहित प्रस्तुत गरेका छन् ।

**(ञ) भ्रान्तिमान्**

**ऋतुविचार**मा प्रयोग गरिएको अर्को अलङ्कार भ्रान्तिमान् हो भन्दै झाले यस अलङ्कारलाई स्पष्ट पार्न **काव्यप्रकाश**को लक्षण प्रस्तुत गरेका छन् ।

भ्रान्तिमानस्य संवित्तत्तुल्य दर्शने ।

अर्थात् जहाँ प्रस्तुत विषयको दर्शनमा (प्रस्तुत विषय देखेको बेलामा) अप्रस्तुत विषयसँग उसको सादृश्य ज्ञान भई अप्रस्तुत विषयकै प्रतीति हुन पुग्दछ, त्यहाँ भ्रान्तिमान् अलङ्कारहुन्छ ।

यस लक्षणका आधारमा झाले **ऋतुविचार**को ग्रीष्म विचारमा यस अलङ्कारको प्रयोग भएको छ भन्दै निम्न उदाहरण पेस गरेका छन्; जस्तै :

कुनै त्यो मृगतृष्णामा चाँदीको भाव धर्दछ ।

पानीको भानले कोही दौडँदै अघि सर्दछ ।

(**ऋतुविचार**, ग्रीष्म विचार, श्लोक २२) ।

यहाँ मरुस्थलको मृगतृष्णा (सूर्यको किरणले टल्किरहेको मसिनो बालुवाको भूमि) मा कसैले चाँदीको भाव राख्नु र कसैले त्यसलाई पानी सम्झी दौडँदै अघिसर्नुबाट उपमेय-मृगतृष्णमा सादृश्यद्वारा चाँदी र पानीको भ्रम पर्न गएकाले भ्रान्तिमान् अलङ्कार प्रस्ट भएको।

**(ट) स्वभावोक्ति**

**ऋतुविचार** खण्डकाव्यमा प्रयोग गरिएको अर्को अलङ्कार स्वभावोक्ति हो । यस अलङ्कारलाई प्रस्ट पार्न झाले पहिले **काव्यप्रकाश**को लक्षणलाई प्रस्तुत गरेका छन् :

स्वभावोक्तिस्तु डिम्भादेः स्वक्रियारूप वर्णनम् ।

अर्थात् स्वभावोक्ति अलङ्कार त्यो हो जसमा बालक आदि विभिन्न विषयसम्बन्धी निजी वास्तविक क्रियाकलाप आदिको यथार्थ चित्रण गरिएको हुन्छ ।

यस लक्षणका आधारमा **ऋतुविचार**को ग्रीष्म विचारमा स्वभावोक्ति अलङ्कारको प्रस्तुत गरिएको छ भन्दै झाले निम्न उदारहणद्वारा पुष्टि गरेका छन् :

ताता सडकमा ताता पसिनाकन खल्खली ।

चुहाई चल्दछन् पान्थ कष्ट साथ गलीगली ॥

(**ऋतुविचार**, ग्रीष्म विचार, ३६) ।

यहाँ ग्रीष्म ऋतुको गर्मीले तातेको सडकमा ताता पसिना खल्खली चुहाउँदै बटुवाहरू कष्टसाथ गलीगली हिँड्दछन् भन्ने यो यथार्थ वर्णनमा स्वभावोक्ति अलङ्कार प्रस्तुत भएको छ ।

**(ठ) सन्देश**

**ऋतुविचार**मा प्रयोग गरिएको अर्को अलङ्कार सन्देश हो । यस सन्देश अलङ्कारलाई स्पष्ट पार्न झाले **काव्यप्रकाश**को लक्षणलाई यहाँ प्रस्तुत गरेका छन् ।

ससन्देहस्तु भेदोक्तौ तदनुक्तौ च संशयः ।

अर्थात् जहाँ उपमेयको उपमानको साथ एकरूपता हुनु कुनै सादृश्यमूलक संशय वा सन्देह रहन गयो र त्यो सन्देह कुनै वैधर्म्यलाई स्पष्ट गरेर वा नगरेर पनि भएको छ, त्यहाँ सन्देह वा ससन्देह अलङ्कार हुन्छ ।

यस लक्षणका आधारमा **ऋतुविचार**को हेमन्त विचारमा सन्देह अलङ्कारको प्रयोग गरिएको छ भन्दै झाले यसको पुष्टिका लागि निम्न उदाहरण पेस गरेका छन् :

खात हो वा तुसाराको, यद्वा दुःख प्रपात हो ।

फुस्रा हेमन्तको यद्वा फुस्रो दुःसह लात हो ? ।

(**ऋतुविचार**, हेमन्त विचार, ४१) ।

यहाँ तुषारो जमेको स्थितिसम्बन्धी सादृश्यद्वारा, तुषाराको खात हो वा दुःखको प्रपात हो किंवा फुस्रा हेमन्तको सहन सकिने लात हो कि भन्ने विभिन्न संशयद्वारा सन्देह अलङ्कार बन्न पुगेको छ ।

**(ड) तुल्ययोगिता**

यस **ऋतुविचार**मा प्रयोग गरिएको अर्को अलङ्कार तुल्ययोगिता हो भन्दै यसको लक्षण झाले **काव्यप्रकाश**बाट प्रस्तुत गरेका छन् ।

नियतानां सकृतद्धर्मः सा पुनस्तुल्ययोगिता ।

अर्थात् जहाँ अनेक वर्णन गरिने विषय र अरू अप्रस्तुत विषयका पनि गुण, क्रिया र रूप आदिसँग सम्बन्धित साधारण धर्म एकैपल्ट मात्र उल्लेख गरिन्छ त्यहाँ तुल्ययोगिता अलङ्कार बन्दछ ।

यस लक्षणका आधारमा **ऋतुविचार** खण्डकाव्यमा पनि यो अलङ्कारको प्रयोग वसन्त विचारका २९ र ५८ श्लोकादिमा गरिएको छ भन्दै झाले निम्न उदाहरणहरू पेस गरेका छन् :

बेली जाई जुही, चम्पा, चमेली, मधुमाधवी ।

सबैमा भरिएको छ भरिलो मोहनी छवि ।

(**ऋतुविचार**, वसन्त विचार, श्लोक २९) ।

यहाँ बेली, जाई, जुही, चम्पा, चमेली आदि वसन्तु ऋतुसम्बन्धी सबै फूलहरूमा भरिलो मोहनी छवि (कान्ति भरिएको बुझाइएकाले वा सबैमा भरिलो मोहनी छविरूप प्रकृति वा धर्म एउटै बुझाइएकाले) यहाँ तुल्ययोगिता अलङ्कार स्पष्ट भएको छ । यसै गरी अर्को उदाहरण :

अशोक, महुवा पैञ्यू, जम्बू, बकुल, चम्पक ।

पलाशाऽदि सबै वृक्ष पुष्पले झन् झकाझक ॥

यहाँ पनि त्यस्तै तुल्ययोगिता अलङ्कार झल्काइएको छ भनी झाले देखाएका छन् ।

**(ढ) अनुमान**

**ऋतुविचार**मा प्रयोग गरिएको अर्को अलङ्कार अनुमान रहेको छ । यस अलङ्कारलाई स्पष्ट पार्न झाले **काव्यप्रकाश**को लक्षण प्रस्तुत गरेका छन् :

अनुमानं तदुक्तं यत् साध्य-साधनयोर्वचः ।

अर्थात् जहाँ साध्यसाधन भावरूपद्वारा कुनै अर्थको प्रतिपादन गरिन्छ त्यहाँ अनुमान अलङ्कार हुन्छ ।

यस लक्षणका आधारमा **ऋतुविचार**को हेमन्त विचारमायस अलङ्कारको प्रयोग गरिएको छ भन्दै झाले निम्न उदारहण दिएर पुष्टि गरेका छन् :

परेछ शीत सम्बन्धी सूर्यलाई पनी पिर ।

नत्रतेसरि सोझिन्थे किन अग्नि भएतिर ॥

(**ऋतुविचार**, हेमन्त विचार, श्लोक ७०) ।

यहाँ उत्तरायणको प्रसङ्गले सूर्य आग्नेय कोण (पूर्व-दक्षिणको कुना) सर्दै गएको कारणले गर्दा सूर्यलाई पनि शीतको पीर पर्न गएको अनुमान गरिएकाले यहाँ अनुमान अलङ्कार रहेको छ भन्ने झाको ठहर छ ।

**(ण) श्लेष**

साहित्यको क्षेत्रमा श्लेष अलङ्कारलाई महत्त्वपूर्ण अलङ्कार मानिन्छ भन्दै झाले श्लेष अलङ्कारलाई विद्वान्हरू कसैले शब्दालङ्कार र कसैले अर्थालङ्कारभित्र समावेश गर्ने कुराको जानकारी दिँदै यस अलङ्कारलाई स्पष्ट पार्न **काव्यप्रकाश**को लक्षणलाई प्रस्तुत गरेका छन् :

वाच्य भेदेन भिन्नायद् युगपद् भाषणस्पृशः ।

श्लिष्यन्तिशब्दा श्लेषोऽषा वक्षरादिभिरष्टधा॥

अर्थात् जहाँ अर्थ फरकले गर्दा परस्परमा भिन्न भएका शब्द पनि उच्चारण गर्दा उस्तैउस्तै रूपमा उच्चारण हुने हुँदा एउटै प्रतीत हुन पुग्दछ, त्यस्तो ठाउँमा श्लेष अलङ्कार हुन्छ । यो अलङ्कार जम्मा ८ प्रकारको हुन्छ । यो पनि सभङ्ग, अभङ्ग र भङ्गाभङ्ग गरी अरू तीन प्रकारका पनि हुन्छन् ।

यस लक्षणका आधारमा **ऋतुविचार**मा व्यक्त भएका श्लेष अलङ्कारहरूलाई उदाहरणसहित प्रस्तुत गरेका छन् । उक्त प्रस्तुत गरिएका उदारहणहरूमध्ये निम्न उदाहरण हेरौँ :

धेरै काल पछि मिल्दा मित्र-दर्शनको सुख ।

डुब्यो आनन्दमा लोक लगाई हँसिलो मुख ॥

(**ऋतुविचार**, शरद् विचार, श्लोक ३) ।

यहाँ 'मित्र दर्शन' शब्दमा 'मित्र' शब्दको अर्थ'सूर्य' र 'साथी' भन्ने दुवै अर्थ हुने हुनाले त्यो शब्द नबिगारीकन नै वर्षा बितेपछि शरद्मा आकाश उज्यालो भएर सूर्य दर्शनहुन पाएकाले लोकले आनन्दमा डुब्नपाएको भन्नेर धेरै समयपछि शायद दसैँ आई पुगेकाले होला 'मित्र दर्शन' अर्थात् साथीकोसाथ दर्शन वा भेटघाटहुन पुगेकाले लोक आनन्दमा डुब्न थाले भन्ने दुवै अर्थस्पष्टै हुने हुँदा यहाँ सभङ्गश्लेष अलङ्कार रहेको छ भनी झाले भनेका छन् । यसैगरी शरद् विचारको श्लोक ४०, हेमन्त विचारको श्लोक ६१, शिशिर विचारको १६, १७, १८ श्लोकहरूमा पनि श्लेष अलङ्कार रहेको छ भनी झाले बताएका छन् ।

(त) **संसृष्टि**

**ऋतुविचार**मा प्रयोग गरिएको अर्को अलङ्कार संसृष्टि हो । यस अलङ्कारलाई स्पष्ट पार्न झाले **काव्यप्रकाश**को लक्षणलाई यहाँ व्यक्त गरेका छन् :

सैषां संसृष्टिरेतेषां भेदेन यदिह स्थिति

अर्थात् परस्परमा कुनै सम्बन्ध नभएका धेरै अलङ्कारहरू मिल्न गए भने त्यसलाई संसृष्टि अलङ्कार भनिन्छ । यो अलङ्कार अनेक शब्दालङ्कार र अर्थालङ्कारहरूको योग भएमा र तिलचामलझैँ छुट्याउन सकिने स्थिति भएमा प्रकट हुन्छ ।

यस लक्षणका आधारमा झाले **ऋतुविचार**मा प्रयोग भएका संसृष्टि अलङ्कारहरूको उदाहरणसहित अध्ययन गरेका छन् । ती उदाहरणहरूमध्ये शब्दालङ्कारको एउटा उदारहण यसप्रकार रहेको छ :

दिव्य आनन्दको रङ्ग दिव्य-कान्ति तरङ्ग छ ।

दिव्य उन्नतिको ढङ्ग दिव्य सारा प्रसङ्ग छ ॥

(**ऋतुविचार**, वसन्त विचार, श्लोक १३) ।

यहाँ पूर्वार्द्धमा 'रङ्ग', 'रङ्ग' दोहोरिएर यमक अलङ्कार बनेको छ र उत्तरार्द्धमा 'ढङ्ग' र 'सङ्ग'द्वारा अनुप्रास अलङ्कार भएको छ । यसैले यहाँ यी दुई अलङ्कारको सम्मिलन भएकाले संसृष्टि अलङ्कार रहेको छ । यसैगरी झाले अर्थालङ्कारमा हुने संसृष्टिलाई हेमन्त विचारको श्लोक ६२ र ६४ मा देखाएका छन् ।

(थ) **सङ्कर**

**ऋतुविचार**मा प्रयोग भएको अर्को अलङ्कार सङ्कर रहेको कुराको जानकारी दिँदै झाले यस अलङ्कारलाई स्पष्ट पार्न **काव्यप्रकाश**को लक्षणलाई प्रस्तुत गरेका छन् ।

अविश्रान्ति जुषा मात्म न्यङ्गाङ्गित्वंतु सङ्कर ।

अर्थात् बेग्लाबेग्लै अलङ्कारहरू आफैँ स्वतन्त्र रूपमा रहन असमर्थ भई एकअर्को अङ्गाङ्गिभाव रूपमा रहन गए वा एउटै पदद्वारा ती आलङ्कारिक अभिव्यक्तिहरू स्पष्ट हुने भए अथवा यो हो कि त्यो हो भन्ने सन्देश भई अलङ्कार निर्णय अस्पष्ट हुन गयो भने अङ्गाङ्गिभाव सङ्कर हुन्छ ।

यही लक्षणका आधारमा झाले **ऋतुविचार**मा प्रयोग भएका सङ्कर अलङ्कारको उदाहरणसहित अध्ययन गरेका छन् । ती उदाहरणहरूमध्ये एउटा उदाहरण यस्तो छ :

अलीअली तुषारोले छोपिएको दिगङ्गना ।

देखिन्छन् प्रमदा-तुल्य लज्जाले विनता नना ।

(**ऋतुविचार**, वसन्त विचार, श्लोक २४) ।

यहाँ अलिअलि तुषाराले छोपिएको दिशारूपी आइमाई लाजले निहुरिएकी कुनै तरूणीजस्तै देखिन्छ । यहाँ दिशामा आरोप गरिएको नारीत्व नै उपमेय बनेर लज्जाले विनताननना भएकी प्रमदाको उपमा सार्थक हुन गएकाले रूपक र उपमाको अङ्गाङ्गिभाव सङ्कर अलङ्कार हुन गएको छ । यसैगरी झाले यस कृतिका गीष्म विचारको २४ र ४६, शरद् विचारको ४१, हेमन्त विचारको २८ श्लोकमा पनि सङ्कर अलङ्कार रहेको कुरा प्रस्ट पारेका छन् ।

यसरी तीर्थराम झाले विभिन्न अलङ्कारहरूको उदाहरणसहित अध्ययन गर्दै अन्त्यमा **ऋतुविचार**का अलङ्कारहरूको गहन अध्ययन गर्नु हो भने एउटा बृहत् ग्रन्थ नै तयार हुने भएकाले यहाँ प्रस्ट रूपमा देखिएका अलङ्कारहरूको मात्र अध्यनन गरिएको छ भनेका छन् । झाले यस काव्यमा अन्य अनेक अलङ्कारहरू पनि रहेका छन् भनी भनेका छन् । यसैगरी केही

अलङ्कारहरूमा विद्वान्हरूको मतभिन्नता रहेको कुरालाई पनि झाले प्रस्तुत गर्दै व्यतिरेक र अनुमान अलङ्कारको साधर्म्य र वैधर्म्यको केही चर्चा पनि गरेका छन् ।

पं. **लेखनाथ पौड्यालको ऋतुविचार** नामक समालोचनात्मक ग्रन्थको अन्तिममा 'परिशिष्ट' शीर्षकअन्तर्गत लेखनाथसम्बन्धी विभिन्न शीर्षकहरूमा **ऋतुविचार**को कोणगत व्याख्या गरिएको छ ।

परिशिष्टमा रहेको पहिलो शीर्षक 'ऋतुविचारमा विभिन्न कोणगत काव्यात्मक समीक्षासम्बन्धी सङ्क्षिप्त दिग्दर्शन'मा लेखनाथको काव्यात्मक प्रतिभालाई केही रूपमा चर्चा गरिएको छ । झाले यस शीर्षकमा **ऋतुविचार**मा लेखनाथले विभिन्न प्रकारका काव्यात्मक प्रतिभा दर्साएको चर्चा गरेका छन् । कतै आध्यात्मिकता र कतै वेदान्तदर्शन सिद्धान्तको प्रतिपादन गर्ने मार्ग **ऋतुविचार**मा औँल्याइएको पाइन्छ । यसरी नै हाम्रो प्राचीन वैदिक उच्चारणसम्बन्धी विषयलाई पनि यहाँ दर्साइएको छ । हाम्रो प्राचीन सांस्कृतिक महत्तासम्बन्धी गुणगान पनि **ऋतुविचार**मा लेखनाथले गरेका छन् । आजको सङ्कीर्ण मनोवृत्तितिर उन्मुख हुँदै त्यसबाट पीडित भएको सामाजिक दुर्दशालाई पनि **ऋतुविचार**मा लेखनाथले केलाएको पाइन्छ । हाम्रो वास्तविक सामाजिक स्थितिको चित्रण र कतै यथार्थ रूपको चित्रण यस कृतिमा गरिएको छ । प्रकृतिका विभिन्न पशु, पक्षी, कीट, पतङ्ग, लता, वृक्ष, आकाश, चन्द्र, सूर्य, तारागणसहितका सबै पक्षहरूसित सम्बन्धित विविध परिस्थिति र वातावरणहरूको सजीव चित्रण प्रस्तुत गर्दै लेखनाथ प्रकृतिका उपासक परमभक्त बन्दै गएको कुरालाई झाले व्याख्या गरेका छन् । वैज्ञानिक भौतिकवादी सिद्धान्त सम्बन्धित विभिन्न समीक्षा प्रस्तुत गर्दै वैज्ञानिक भक्त बनेर अनीश्वरवादतिर ढल्केकाहरूलाई आधुनिक वैज्ञानिकता र प्राचीन आदर्शोन्मुख मानवतावादी सिद्धान्तपक्षसँग तुलना गरी हेर्न पनि ठाउँठाउँमा लेखनाथले सन्देश दिएका छन् भनी झा भन्दछन् । मानव कल्याणाभिमुखी प्रवृत्तितिर ढल्केका आधुनिक वैज्ञानिकताको समर्थन र प्रशंसा गर्ने पक्षलाई पनि लेखनाथले आत्मसात् गरेका छन् । यसरी **ऋतुविचार**ले पं. लेखनाथलाई नेपाली साहित्यका युगस्रष्टा कविको रूपमा परिचित गराएको छ भन्ने झाको विश्लेषण रहेको छ ।

परिशिष्टको दोस्रो शीर्षक 'ऋतुविचारमा पं. लेखनाथबाट भएको ऋतुसमयसम्बन्धी निर्णय' रहेको छ । यस शीर्षकमा ऋतुहरू फाल्गुण वा चैत्रबाट सुरु हुने र लेखनाथले कुन

महिनादेखि वसन्त ऋतु सुरु भएको मानेर **ऋतुविचार** कृतिको रचना गरेका छन् भन्ने कुरालाई नै तीर्थराम झाले यस शीर्षकमा प्रस्ट पारेका छन् । झाको भनाइअनुसार जगत्को व्यवहार चलाउन समयको विभाजन गरी निमेषदेखि परार्द्धसम्मको समय विभाजन गरिएको छ । उक्त विभाजनअनुसार ३६० साठी दिनको एक वर्ष र सो १ वर्षलाई १२ भागमा लगाउँदा १२ महिना भएको हो । प्रत्येक महिनालाई भौगोलिक वातावरणका आधारमा ऋतुमा छुट्याइएको छ । चैत्रबाट दुईदुई महिनालाई एक ऋतु गनिन्छ । वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिरमध्ये ऋतुहरूको राजा वसन्त ऋतुलाई मानिन्छ भनी झाले चर्चा गरेका छन् ।

ऋतुको आरम्भ हुने महिना वा समयबारे विद्वान्हरूमा मतभेद देखिन्छ । कसैले वसन्त ऋतु फागुनबाट सुरु हुन्छ भनेका छन् भने कसैले चैत्रबाट सुरु भएको मानेका छन् । पं. लेखनाथले रचना गरेको **ऋतुविचार**मा भने चैतवैशाखलाई नै वसन्त् ऋतु मानेर **ऋतुविचार** लेखिएको छ भन्ने विश्लेषण झाको रहेको छ । यसको पुष्टिका लागि झाले निम्न उदाहरण पेस गरेका छन् :

कन्या लङ्घन भो भन्न सङ्कोचै ले अलीकती ।
झुकेका हुन् कि लाचारी साथ ती पद्मिनी पति ? ॥

(**ऋतुविचार,** शरद् विचार, श्लोक ४१)

उक्त श्लोकमा कन्या सङ्क्रान्ति (आश्विन सङ्क्रान्ति) लाई लक्ष्य गरी राशिमा रहने सूर्यको ताप अलि घट्न गएको विषय उल्लेख गरेबाट आश्विनलाई शरद् ऋतु मानिएको कुरा झाले बताएका छन् । यसरी नै :

यै शरदमा दसैं हाम्रो यसैमा दीप मालिका ।
यसैमा धान्य सम्पत्ति, धन्य यो सुख तालिका ॥

(**ऋतुविचार,** शरद् विचार, श्लोक ९५) ।

यस श्लोकले दसैं र तिहार दुवै शरद्मा नै पर्ने पर्वको रूपमा लेखिएको बाट कविले आश्विन-कार्तिकलाई नै शरद ऋतु मानेकाले लेखनाथले चैत्र-वैशाखलाई नै वसन्त ऋतु मानेका छन् भनी उदारहण दिई पुष्टि गरेका छन् ।

'प्रकृति उपासक पं. लेखनाथ कवि लेखनाथ' शीर्षकको लेख परिशिष्टअन्तर्गतको तेस्रो लेख हो । यस लेखमा तीर्थराम भाले लेखनाथले **ऋतुविचार** खण्डकाव्यमा प्राकृतिक वैभवको यथार्थ तथा गहन अनुभूतिलाई सजीव रूपमा चित्रण गरेकाले लेखनाथलाई प्रकृतिका उपासक कवि भनी भाले संज्ञा दिएका छन् । लेखनाथले यस खण्डकाव्यमा प्राकृतिक वैभवको अनुशीलन राम्ररी गरेका छन् । ऋतुअनुकूल प्रकृति चित्रणमा उनले गुरु **श्रीमद्भागवतलाई** मानेको कुरा पनि भाले प्रष्ट पारेका छन् । त्यसरी नै नेपाली प्रकृतिचित्रणमा विभिन्न ऋतुअनुसार आफ्नै सरोफेरोभित्र देखापर्ने विभिन्न प्राकृतिक सम्पदाको यथार्थ चित्रण गर्दै लेखनाथले आफ्नो काव्यात्मक चमत्कार प्रस्तुत गर्न यस काव्यमा सफल भएका छन् भन्ने भाको विश्लेषण रहेको छ । प्राकृतिक चित्रणमा आफ्नो कल्पना प्रतिभाको निजी मौलिकता पनि यस कृतिमा लेखनाथले विभिन्न स्थानमा प्रस्ट्याएका छन् ।

वासन्ती प्रकृति चित्रणमा कविले आफ्नो निजी अनुभूतिलाई विभिन्न रूपमा देखापरेका वसन्त ऋतुसम्बन्धी प्रकृति र अवस्था आदिद्वारा वसन्त ऋतुलाई सबैले दिइएको ऋतुराज पदवीको पुष्टि गर्दै वासन्ती वातावरणलाई आलङ्कारिक शैलीमा कविले यसरी वर्णन गरेकाछन् :

दिव्य आनन्दको रङ्ग दिव्य-कान्ति तरङ्ग छ ।
दिव्य उन्नतिको ढङ्ग दिव्य सारा प्रसङ्ग छ ।

(**ऋतुविचार,** वसन्त विचार, श्लोक १३) ।

यसरी वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर ऋतुमा पर्ने विभिन्न प्राकृतिक सौन्दर्यको वर्णन गरेका लेखनाथका **ऋतुविचार**का विभिन्न पङ्क्तिहरूको सोदाहरण व्याख्या गर्दै भाले लेखनाथ प्रकृतिका उपासक कवि हुन् भन्ने कुरालाई पुष्टि गरेका छन् ।

परिशिष्टअन्तर्गतको अर्को लेख 'आध्यात्मिक दर्शन पक्षका कवि लेखनाथ' शीर्षकको रहेको छ । यस लेखमा तीर्थराम भाले लेखनाथ आफ्नो कृति **ऋतुविचार**मा एक अध्यात्मवादी कविको रूपमा देखापरेका छन् भन्दै **ऋतुविचार**का विभिन्न श्लोकहरूको उदारहण दिँदै लेखनाथलाई अध्यात्मवादी कविका रूपमा भाले पुष्टि गरेका छन् । भाले लेखनाथले यस कृतिका विभिन्न स्थानमा विभिन्न प्रकारले आध्यात्मिक दर्शनसम्बन्धी विवरण प्रस्तुत गरेको

कुरालाई औंल्याएका छन् । मानवताको वकालत गर्दै आध्यात्मिकताको मूल आधार नै विवेक हो । विवेक कै प्रकाशनले ज्ञान शुद्ध रूपमा प्रकाशित हुन्छ भन्ने लेखनाथको भनाइलाई झाले निम्निलिखित उदाहरणद्वारा पुष्टि गरेका छन्; जस्तै :

पर्दा वसन्तको दिव्य प्रभाव पृथिवी सब ।
विवेक ज्योतिले शुद्ध विद्यातुल्य बनिन् अब ॥

(**ऋतुविचार**, वसन्त विचार, पृ. १५) ।

हजारौं मुख झैं निस्के लता-वृक्षादि हालमा ।
लयाऽवस्था बितायेका जीव झैं सृष्टिकालमा ॥

(**ऋतुविचार**, वसन्त विचार, पृ. १६) ।

यी उदाहरणहरूद्वारा लेखनाथको वेदान्तदर्शनसम्बन्धी आध्यात्मिकता निकै परिपक्वता भएको कुरालाई झाले पुष्टि गरेका छन् । वेदान्त दर्शनसम्बन्धी सिद्धान्तलाई आत्मसात् गरी मानवसमाजको जीवनयापनका आध्यात्मिकता र मानवतातर्फ आकृष्ट हुँदै मानव हृदयमा विवेकको आवश्यकता, जीवसृष्टिको निदर्शनद्वारा सृष्टि नित्य नवीन भएर प्रतिक्षण जर्जर हुँदै विनाश भएकाले मानिसको निम्ति यो कुरा नै आज दुःखको मूल कारण भएको, सृष्टि भन्नु नै माया र चेतनाको उपज हो, स्पष्टताद्वारा यसको अनित्यताको सङ्केत, अज्ञान नै दुःखको अर्को कारण, ज्ञानीको आनन्दी जीवनका दृष्टान्तहरूको सङ्केत, योग-साधनद्वारा शारीरिक तथा मानसिक स्थितिको विकाससम्बन्धी योगदानको उल्लेख, जीवन्मुक्त व्यक्तिको निश्चिन्तताद्वारा सांसारिक झमेलाको चिन्तनबाट मुक्त हुनुपर्ने तथ्य प्रदर्शन, ब्रह्मज्ञानीको वास्तविक स्वरूपानुभवको स्थिति सङ्केतद्वारा जीवनको लक्ष्य निर्देशन, त्यसैबाट हुने विश्वकल्याणको महत्ता तथा विविध आध्यात्मिक प्रक्रियाहरूको निर्देशनद्वारा शान्तिप्राप्तिका मार्गहरूको निर्देशन इत्यादि कुराहरू लेखनाथले यस कृतिको विषयवस्तुमा ग्रहण गरेका छन् भन्ने झाको विश्लेषण रहेको छ । यसबाट **ऋतुविचार**का अध्यात्मवादी लेखनाथ आफ्नो आध्यात्मिक सिद्धान्त स्थापनाद्वारा मानवकल्याणतिर विशेष उन्मुख रहेका छन् भन्ने कुरालाई झाले पुष्टि गरेका छन् ।

यस परिशिष्टको अर्को लेख 'ऋतुविचारमा रोमान्टिक कविका रूपमा पं. लेखनाथ' शीर्षकको रहेको छ । यस लेखमा तीर्थराम झाले लेखनाथ स्वच्छन्दतावादी कवि हुन् भन्ने

तथ्यलाई विभिन्न काव्यात्मक विशेषताका आधारमा पुष्टि गरेका छन् । प्राचीन साहित्यिक परिपाटीको अनुसरण गरी आफ्नो काव्यसाधनामा अग्रसर भएका लेखनाथले **ऋतुविचार**का प्रायः पद्यहरूमा प्रकृतिलाई जनजीवन र समकालीन स्थितिसँग सम्बद्ध तुल्याउँदै तिनमा पारस्परिक सामञ्जस्य घनिष्ठ रूपमा रहेको स्थितिलाई झाले प्रस्ट्याएका छन् । आध्यात्मिकताको निर्देशनमा कैयौँ प्राकृतिक विषयसम्बन्धी चित्रणमा र विभिन्न ऋतुसम्बन्धी अनगिन्ती वातावरणको निर्देशन एवम् विविध प्राकृतिक विषयहरूको सौन्दर्य वर्णनमा जहाँतही उनले सामाजिक स्थितिका विभिन्न पक्षहरू कोट्याउँदै समाजलाई उपयुक्त मार्गको सङ्केत गरेका छन् । शृङ्गार, आध्यात्मिक, राजनीतिक, सामाजिक तथा कूटनीतिक आदि विषयवस्तु भए पनि मानवको अन्तरसम्म तीखो संवेदन पुऱ्याउने लक्ष्य यस कृतिमा लेखनाथले स्पष्ट पारेको कुरालाई औँल्याउँदै झाले यस कुरालाई पुष्टि गर्न निम्नलिखित उदाहरण पेस गरेका छन् :

कलीला पालुवा माथि विछ्याएर फुलैफुल ।
वसन्त श्री बसेकी छन् बनी सौन्दर्य विह्वल ॥

(**ऋतुविचार**, वसन्त विचार, ३६)

यस श्लोकमा यौवन र सौन्दर्यको मदले मत्त भएकी भरखरकी युवतीको उल्लासपूर्ण चरित्रको चित्रण गरिएको छ ।

यसरी नै :

रसले रसिलो पारी तातेकी पृथिवीकन ।
नगीचैमा बसी मेघ लाग्यो भारी मजालिन ॥

(**ऋतुविचार**, वर्षा विचार, २५)

ग्रीष्मले गर्दा तातेकी पृथिवीलाई आफ्नै प्रेम रसले (जलले) रसिलो पारेर फकाइसकेपछि पृथिवीको नजिकै बसेर बादलले पृथिवीबाट आनन्द लिन थालेको कल्पनाद्वारा केही रिसले तातेकी प्रेमिकालाई साम-दामद्वारा रसिली तुल्याएर नजिकै बसी आनन्द लिइरहने कुनै चतुर नायकको रूपमा बादललाई देखेको कुरालाई कविले उक्त श्लोकमा चित्रण गरेका छन् ।

यस्ता अनगिन्ती उदाहरणहरू प्रस्तुत गर्दै झाले मानवजीवनको सम्बन्ध तीव्र रूपमा घनिष्ठ रहिआएको कुरा कविले प्रस्तुत कृतिबाट प्रस्ट पारेका छन् भनी दर्साएका छन् । **ऋतुविचार**मा प्रकृतिचित्रण छलले सामयिक स्थितिलाई सम्झाउने चेष्टा पनि कविले गरेका छन् । कतै प्राकृतिक लीलाद्वारा सामाजिक गतिविधिलाई दर्साएको छ भने कतै प्राकृतिक स्थितिको दृष्टान्तका रूपमा सामाजिक स्थिति औँल्याइएको छ । यसरी नै लेखनाथले प्राकृतिक शृङ्गारी भावको माधुर्यपूर्ण अभिव्यक्तिले आफ्नो सामाजिकताको चित्रणको पुष्टि गरेका छन् र जनजीवनको दयनीय स्थिति सम्झाउन प्राकृतिक अनुसन्धान गरिएको तथ्य काव्यमा विशेष रूपले प्रस्तुत गरिएको छ भन्ने झाको विश्लेषण रहेको छ ।

यस परिशिष्टको अर्को लेख 'प्राचीन संस्कृतिका उपासक कवि पं. लेखनाथ' शीर्षकको रहेको छ । यस लेखमा कवि लेखनाथले प्राचीन सांस्कृतिक सिद्धान्त पक्षलाई पनि सफल रूपमा चित्रण गरेका छन् । प्राचीन वैदिक संस्कृतिमा नै हुर्केका लेखनाथले आफ्नो यस कृतिमा त्यसको पक्षपाती बनी देखाउनु अस्वाभाविक होइन । हाम्रा प्राचीन संस्कृतिका विविध पक्षहरूलाई लेखनाथले आफ्नो कृति **ऋतुविचार**मा यथाशक्य प्रस्ट पारेका छन् भनी झाले भनेका छन् । यस तथ्यको पुष्टिका लागि प्राचीन ऋषिहरूको खानपानसम्बन्धी पवित्रतातिर औँल्याउँदै लेखिएको निम्न श्लोक झाले उदाहरणका रूपमा प्रस्तुत गरेका छन्; जस्तै :

ऋषि झैँ गरदै शुद्ध मञ्जरी मयभोजन ।
रातमा कोइली लाग्यो स्वर्गीय सुरसाधन ॥

(**ऋतुविचार**, वसन्त विचार, ६७)

त्यसरी नै लोकोपकारमा सबैले दाता बन्न जाने कोही दुःखी हुने छैनन् भन्ने भावनालाई व्यक्त गरिएको कुरालाई झाले निम्न श्लोकको उदाहरण लिएर पुष्टि गरेका छन्; जस्तै :

लोकोपकारमा सुम्प्यो मेघले सब जीवन ।
सबै यस्तै भएदेखि दुःख हुन्थ्यो हरे किन ? ॥

यी उदाहरणहरूका साथै झाले लेखनाथका विभिन्न विचारका विभिन्न श्लोकहरूको उदाहरण प्रस्तुत गर्दै अरूका सुखमा आफ्नो सुख मान्नु, पतिको प्रत्येक शुभकार्यमा सहचरी

बन्ने पत्नीको कर्तव्य, सत्सङ्गको प्रभाव, धैर्य र शान्तिको महिमा, तपस्याको आचरण, दाम्पत्य जीवनको महत्त्व, शारदी पर्व दसैँ र तिहारको उल्लास, वेदमार्गअनुसारको पद्धतिसम्बन्धी शुद्धता, धर्मभीरू दयालु लोभाहित सज्जनको महिमा, दुःखमा भगवानको सहारा आदि अनेकौँ विषयको चर्चा पनि लेखनाथले यस कृतिमा गरेका छन् भन्ने झाको विश्लेषण रहेको छ ।

परिशिष्टमा रहेको अर्को लेख 'सामाजिक कवि पं. लेखनाथ' रहेको छ । यस लेखमा लेखनाथले **ऋतुविचार**मा समकालीन सामाजिक प्रवृत्तिहरू प्रशस्त मात्रामा प्रयोग गरेका छन् भनी झाले विश्लेषण गरेका छन् । **ऋतुविचार**को वसन्त वर्णनमा वसन्त ऋतुको स्वागत र सम्मानमा पशुपक्षी, लतावृक्ष सबैबाट गरिएका क्रियाकलापको कल्पनामा समाजका जनताले राजा आदि महान् व्यक्तिहरूको संवाद गर्दा देखाइने विभिन्न शिष्ट व्यवहारको उल्लेख पाइन्छ भन्दै झाले यस कुराको पुष्टि निम्न उदाहरणद्वारा गरेका छन्; जस्तै :

पशु-पक्षी लतावृक्ष लगायत चराचर ।

ऋतुनायकको गर्छ प्रेमले स्वागताऽदर ॥

(**ऋतुविचार**, वसन्त विचार, ६) ।

यसरी नै यस कृतिमा लेखनाथले विभिन्न वासन्ती प्रकृतिसम्बन्धी लीलाको चित्रण गर्दै उत्तरायणतिर ढल्केका सूर्यको प्रताप बढेको उल्लेख, घामको तेज घटाउन वसन्तले तुँवालोको पर्दा हालेको प्रसङ्ग, दिगङ्गनाहरूमा लज्जालु सुन्दरीहरूको कल्पना, हरियो रेसमी सारी लगाएकी प्रमदाको रूपमा पृथ्वीको कल्पना, हावाको मन्द प्रवाहमा झुलेका फूलहरूप्रति छुनुमुनु गर्ने साना बालकहरूको दृष्टान्त आदि सामाजिक रीतिहरूलाई औँल्याएका छन् भन्ने झाको विश्लेषण रहेको छ । यसै गरी झाले विभिन्न ऋतुमा चित्रण गरिएका सामाजिक रीतिहरूको चित्रणलाई सोदाहरण प्रस्तुत गर्दै झाले लेखनाथले विभिन्न सामाजिक नीति र रीतिहरूलाई प्रतिबिम्बित तुल्याउँदै आफ्नो सामाजिक कवि रूपको राम्ररी परिचय दिएका छन् भन्ने कुरालाई यस शीर्षकअन्तर्गत व्याख्या गरेका छन् ।

परिशिष्टको अर्को लेख 'पं. लेखनाथको विचारमा काव्यसम्बन्धी दृष्टिकोण' शीर्षकको रहेको छ । झाले यस लेखमा लेखनाथले **ऋतुविचार**मा व्यक्त गरेका काव्यसम्बन्धी धारणालाई स्पष्ट पारेका छन् । लेखनाथले **ऋतुविचार**मा विभिन्न रसहरूको प्रयोग गरेका छन् । यस

तथ्यलाई पुष्टि गर्न वीर रस प्रयोग गरिएको निम्न श्लोकलाई झाले उदाहरणका रूपमा प्रस्तुत गरेका छन्; जस्तै :

हावाको चालमा सारा पराग गगनै भरी ।

फैलिँदै छ कविद्वारा वीरको वीरता सरी ॥

(**ऋतुविचार**, वसन्त विचार, ५३) ।

प्रस्तुत श्लोकमा फुलेका परागहरू आकाशमा फैलिन थालेको दृष्टान्त दिँदै वीरताको वर्णन गरिएको छ । यसरी नै लेखनाथले समयानुसार सारतत्त्व बुझेर काव्यनिर्माणमा अघि सर्नुपर्ने, दोषरहित भई लेखिएको काव्यले नै मनलाई आनन्द दिने, हलन्त लेखनले नेपाली भाषालाई टुक्र्याउने आदि धारणाहरू यस कृतिमा व्यक्त गरेका छन् भने झाको ठहर छ ।

परिशिष्टको अर्को लेख 'वैयाकरणी दृष्टिमा पं. लेखनाथको **ऋतुविचार**' शीर्षकको रहेको छ । यस लेखमा झाले यस कृतिमा लेखनाथले वर्णविन्यासका नियमअनुसार नमिल्ने निकै त्रुटिहरू गरेका छन् भन्ने कुराको जानकारी दिएका छन् । यसै प्रसङ्गमा झाले विभिन्न गलत प्रयोगहरूलाई औँल्याएका छन्; जस्तै :

प्रस्तुत कृतिमा 'भएर', 'दिएर' इत्यादि पूर्व क्रियाबोधक अव्यय र 'भए', 'गए' 'लिए' इत्यादि भूतकालसम्बन्धी क्रियापदमा अनि 'पाई', 'खाई' इत्यादि पूर्वक्रियाबोधक अव्ययमा पनि स्वरको ठाउँमा (ए, ई को ठाउँमा) 'ये', 'यी' को प्रयोग गरिएको छ ।

यसरी नै विभिन्न स्थानमा छन्द मिलाउनका लागि संयुक्त अक्षर भएका शब्दमा संयुक्त अक्षरलाई फोरेर हलन्त उच्चारणलाई पनि स्वरान्त रूपमा नै प्रयोग गरेका छन् ।

त्यसैगरी 'त्यस्तो' शब्दलाई 'तेस्तो' शब्दका रूपमा प्रयोग गरिएको छ । यसको उदाहरणका लागि वसन्त विचारको ७०, ७९, ८३ श्लोक रहेको कुरा झाले बताएका छन् ।

कतिपय ठाउँमा छन्द मिलाउनका लागि ह्रस्वलाई दीर्घ गरी प्रयोग गरिएको अवस्था पनि **ऋतुविचार**मा देखिन्छ ।

यसरी लेखनाथले प्रस्तुत कृतिमा वर्णविन्यासम्बन्धी नियमलाई अलि उपेक्षित रूपमा लिएको कुरालाई यस लेखमा झाले स्पष्ट पारेका छन् ।

परिशिष्टको अन्तिम लेख 'उपसंहार' शीर्षकमा रहेको छ । झन्डै ७ पृष्ठमा विस्तारित भएको यो लेखमा झाले यस कृतिको सारांशलाई प्रस्तुत गरेका छन् । नेपाली भाषासाहित्यले भर्खर आधुनिक कालको रूपरेखा कोर्न थालेको समयमा नै **ऋतुविचार**जस्तो विशिष्ट कृति देखापरेको हो । लेखनाथले यस कृतिको प्रेरणास्रोत **श्रीमद्भागवत** र **रामायण**लाई बनाएका हुन् । यस कुराको चर्चा पहिले नै गरिएको छ । **ऋतुविचार**को रचनात्मक शैली र लेखनाथीय अभिव्यक्तिपुञ्जले नै यस कुराको पुष्टि गर्दछ भन्ने झाको भनाइ रहेको छ ।

**ऋतुविचार** वास्तवमा सूक्ष्म कायरूपको कृति हो । शारीरिक रूपमा सामान्य रूप देखापरे पनि यो निकै गहकिलो र खँदिलोपनले भरिएको छ भन्ने झाको भनाइ रहेको छ । विशेष गरी सामाजिक पक्षसित सम्बन्धित नैतिक, अनैतिक, आध्यात्मिक, भौतिक, सांस्कृतिक, राजनीतिक आदि विषयवस्तुलाई यस कृतिमा औँल्याइएको छ । त्यसरी नै यस कृतिमा जनजीवनको याथार्थिक पक्षलाई पनि राम्ररी छर्लङ्ग्याइएको छ । कृतिमा तत्कालीन शासनको बर्बरतापूर्ण शासनको कटु दृष्टिबाट आलोचना गरी लेखनाथले आफ्नो महान् प्रतिभा प्रस्तुत गरेका छन् भन्ने झाको विश्लेषण छ ।

कसैले लेखनाथले राणाहरूको चाकरीदार मानेको प्रसङ्गलाई कोट्याउँदै झाले यदि लेखनाथ त्यस दिशातिर ढल्किएका थिए भने राणाशासनको विरोध गर्दैन थिए होला । **ऋतुविचार**का विभिन्न श्लोकहरूमा नेपाली जनतालाई चाकरी नगरी स्वावलम्बी भएर बाँच्नुपर्दछ भन्ने सन्देश पनि उनले दिएका छन्; जस्तै :

ढोका ढुकेर अर्काको बिना इलम जिन्दगी ।

बिताउँला भनी ठान्नु मर्नुनै होबुझ्यौ सँगी ॥

यसरी नेपाली जनतालाई सम्झाउने लेखनाथलाई यस्तो लाञ्छना लगाउनु ठूलो पाप हो भन्ने झाको भनाइ छ । पूर्वीय सैद्धान्तिक पक्षका पक्षपाती भएर पनि सामाजिक जनजीवनका गहन समीक्षक तथा प्रगतिवादी कवि हुन् भन्ने तथ्यलाई उनको आलङ्कारिक प्रतिभाले पुष्टि गरेको कुरा झाले लेखेका छन् । त्यस्तै यस कृतिमा वीर सपूतहरू, आत्माभिमानी नेपालीको कर्तव्य परायण, मानवतावादी विचार, नैतिक मार्ग र नेपाली भाषाप्रतिको श्रद्धा आदि तथ्यहरूलाई पनि लेखनाथले सुस्पष्ट रूपमा झल्काएका छन् भन्ने झाको भनाइ रहेको छ ।

### ५.२.३ भाषाशैली

**पं. लेखनाथ पौड्यालको 'ऋतुविचार'** नामक समालोचनात्मक कृतिमा तीर्थराम झाले लेखनाथको काव्यप्रतिभालाई चिनाउने प्रयास गरेका छन् । **ऋतुविचार** कृतिमा केन्द्रित भई यस कृतिको प्रेरणास्रोत, समय, विषयवस्तु, अलङ्कार आदिको विशद् चर्चा झाले यस कृतिमा गरेको देखिन्छ । भाषाशैलीय विन्यासका दृष्टिकोणले हेर्दा प्रस्तुत कृतिमा प्रयुक्त भाषा सरल र प्रस्ट रहेको छ । समालोचना गर्ने क्रममा झाले जटिल विषयलाई पनि सरल एवम् सुस्पष्ट भाषामा प्रस्तुत गरेकाले विषयलाई बुझ्न पाठकलाई गाह्रो पर्दैन । विभिन्न सिद्धान्तहरूको व्याख्या गर्ने क्रममा झाले सैद्धान्तिक परिभाषा प्रस्तुत गर्दै सिद्धान्त केन्द्रित कृतिलाई पनि खोतलेर देखाएका छन् । लेखको अन्त्यमा टिप्पणी र सन्दर्भसूचीसमेत प्रस्तुत गरेर लेखलाई प्रामाणिक बनाउने कार्य पनि उनले गरेका छन् । यी विशेषता हुदाँहुँदै पनि झाको द्रष्टाचेत केही कसरमसर युक्त देखिन्छ । प्रस्तुत कृतिका केही लेखहरूमा भने उनले प्रभाववादी समालोचक भएर समालोचना गरेका छन् । निष्कर्षमा भन्नुपर्दा यस कृतिमा केही वस्तुवादी, केही प्रभाववादी र सैद्धान्तिक समालोचनात्मक लेखहरू प्रस्तुत छन् ।

## ५.३ 'शुभाशुभसंस्कारादि निर्णयम' कृतिको परिचय

### ५.३.१ कृतिपरिचय

धार्मिक महत्त्वको प्रस्तुत कृति रूपादेवी शर्माद्वारा प्रथमपटक २०५९ सालमा प्रकाशन भएको थियो । यस पुस्तकको आवरणमा पृष्ठको सिरानमा कृतिको नाम **अथ शुभाशुभ संस्कारादि निर्णय** लेखिएको छ भने बीचमा ॐकार शब्द लेखिएको छ । त्यसैगरी अन्त्यमा कृतिलेखकको नाम दिइएको छ । आवरण पृष्ठको घेरा रातो रङमा रहेको छ भने बीचमा पहेँलो रङको प्रयोग गरिएको छ । कृतिको दोस्रो पृष्ठमा कृतिको नाम र कृतिलेखकको नाम अङ्ग्रेजी भाषामा लेखिएको छ भने तेस्रो पृष्ठमा पनि यिनै कुरा नेपालीमा लेखिएको छ । चौथो पृष्ठमा यिनै कुराहरूलाई दोहोऱ्याएको छ । चौथो पृष्ठको अर्कापट्टि प्रकाशक, सर्वाधिकार, संस्करण, प्रकाशन मिति, मूल्य, कम्प्युटर र मुद्रणको उल्लेख गरिएको छ । पाँचौँ पृष्ठमा नेपाल मैथिल ब्राह्मण समाजका अध्यक्ष गुरुदत्त मिश्रद्वारा लेखिएको 'मन्तव्य' शीर्षकको छोटो लेख प्रस्तुत छ । पाँचौं पृष्ठको अर्कोपट्टिको पेजबाट प्रकाशिका रूपादेवी शर्माको 'मेरो विचारमा' शीर्षकको लेख

रहेको छ । यो २ पृष्ठमा विस्तारित छ । छैटौँ पृष्ठको अर्कोपट्टिबाट कृतिलेखकले ‘केही भन्नु पर्ने’ शीर्षकमा ६ पृष्ठमा आफ्ना कुराहरू व्यक्त गरेका छन् । त्यसपछि सोमनाथ सिग्द्याल र पिता रामशरण झाको तस्वीर राखिएको छ । तस्वीरपश्चात् अर्को पृष्ठदेखि झाले ‘ग्रन्थकर्तु परिचयः’ शीर्षकमा संस्कृत भाषाका १३ श्लोकमा आफ्नो वंशपरम्परा प्रस्तुत गरिएको छ । त्यसपछि लेखकको फोटो राखिएको छ । फोटोपछाडि ‘ग्रन्थकर्ताको परिचयको नेपालीमा रूपान्तर’ शीर्षकमा अगाडि संस्कृतमा लेखिएको वंशपरम्पराको ३ पृष्ठमा नेपालीमा अनुवाद गरिएको छ । त्यसपछि विषयसूची राखिएको छ । विषयसूचीअनुसार प्रस्तुत कृति परिशिष्टसहित ६ खण्डमा विभाजित छ । पहिलो खण्ड ‘समय निर्णयप्रकरण’ मूल शीर्षकअन्तर्गत १७ वटा उपशीर्षकमा समय निर्णयसम्बन्धी विवरण प्रस्तुत गरिएको छ भने ‘शुभसंस्कार निर्णयप्रकरण’ दोस्रो खण्डको मूल शीर्षक रहेको छ र यस शीर्षकअन्तर्गत ५८ वटा उपशीर्षकहरू रहेका छन् । त्यसरी नै तेस्रो खण्डमा ‘श्राद्धप्रकरण’ मूलशीर्षक र ४५ वटा उपशीर्षकहरू रहेका छन् । चौथो खण्ड ‘आशौचादि निर्णयप्रकरण’ मूलशीर्षमा १५ वटा उपशीर्षकहरू रहेका छन् । पाँचौँ खण्ड ‘दाह संस्कार तथा दशगात्र र सपिण्डीकरण आदि प्रकरण’ मूल शीर्षकमा ५० वटा उपशीर्षकहरू रहेका छन् । यसरी परिशिष्ट खण्डलाई छैटौँ खण्डमा ८७ वटा शीर्षकमा विभिन्न संस्कारहरूको वर्णन गरिएको छ । विभिन्न संस्कारादि विषयवस्तुलाई ग्रहण गरिएको यो कृति जम्मा १६६ पृष्ठमा संरचित छ र कृतिको साइज डिमाइ साइजको रहेको छ । यसरी पूर्ण भएको प्रस्तुत कृतिको मूल्य २०० राखिएको छ ।

## ५.३.२ विषयवस्तु

यो कृति नेपाली साहित्यका कुनै विधाअन्तर्गत नपर्ने भएकाले यसमा प्रयुक्त भएको विषयवस्तुलाई मात्र यहाँ सङ्क्षेपमा प्रस्तुत गरिएको छ । पुस्तकमा विभाजन गरिएको खण्डका आधारमा नै यसमा प्रयोग भएको विषयवस्तुलाई यहाँ सामान्य रूपमा जानकारी दिइएको छ ।

### (क) पहिलो खण्ड

यो खण्ड ५१ पृष्ठमा आबद्ध छ । यस खण्डको मूल शीर्षक ‘समय प्रकरणनिर्णय रहेको छ भने यस शीर्षकअन्तर्गत १७ वटा उपशीर्षकहरू रहेका छन् । यस खण्डअन्तर्गत तीर्थराम झाले समयको परिचय, वर्ष (संवत्सर), अयन, ऋतु, मास (महिना), सौरमास, चान्द्रमास, पक्ष

तथा तिथिको महत्त्व, चान्द्रमास गणना विधि, शिववास विचार तथा शिव कुनकुन दिन जुर्छन् र कुन दिन जुर्दैनन् भन्ने गणितीय तालिका, अग्निवास विचार, अग्नि जुराउने गणितीय तालिका, माससङ्ख्या, अधिकमास (मलमास)को परिचय, क्षयमासको परिचय, मालमास र क्षयमासमा गर्नु नहुने कार्यहरूको विवरण, क्षयमासमा श्राद्ध आदि कर्म कसरी गर्नुपर्दछ भन्ने विचार, मलमास (अधिकमास) भएको वर्षमा वार्षिक श्राद्धबारे निर्णय, वर्ष दिनभित्र मलमास पर्न आएमा मलमासभित्रको मासिक कसरी गर्ने, अधिकमासमा पर्वपूजा तथा जन्मोत्सव आदि गर्नुहुँदैन भन्ने नियम, वृहस्पति तथा शुक्र अस्त भएको बेलामा गर्नु नहुने कर्महरूको विवरण, गुरु, शुक्रको बालवृद्धत्वसम्बन्धी चर्चा, क्षयमास र मलमास आदिमा गर्नुपर्ने कर्महरू, विवाह भएको वर्षमा नववधूले बार्नुपर्ने ठाउँ र समयको निर्णय आदि पक्षबारे यस खण्डमा शास्त्रीय नियमहरूको उदाहरण दिँदै प्रस्ट पारेका छन् ।

**(ख) द्वितीय खण्ड**

यो खण्ड ३१ पृष्ठमा विस्तारित छ । ‘शुभसंस्कार निर्णयप्रकार’ मूल शीर्षकमा प्रस्तुत गरिएको खण्डमा ५८ वटा उपशीर्षकहरू रहेका छन् । यो खण्डमा झाले प्रस्तुत गरेका विषयवस्तुहरू यस प्रकार रहेका छन् : पहिलो पल्ट रजस्वला हुँदा तिथि, वार, नक्षत्र आदिको फल, राति जन्म, मरण, रजस्वला आदि भएमा दिन निर्णय, महिना दिन नपुग्दै रजस्वला भएमा गर्नुपर्ने नियम, पन्ध्रदिने रजस्वलामा समय शुद्धि, रोगले गर्दा रजः स्राव नथामिएमा गर्नुपर्ने नियम, अशक्त रोगिणी स्त्री रजस्वला भएमा गर्ने कर्तव्य, रजस्वलाले चौथो दिन शुद्ध भई पहिलो कसको मुख हेर्ने ?, रजस्वला स्त्री देवपितृकार्यको निम्ति कहिले शुद्ध हुन्छे ?, रजस्वला स्त्रीहरूले पालना गर्नुपर्ने नियमहरू, गर्भाधान संस्कार, गर्भाधान कर्मको निम्त विचार गर्नुपर्ने कार्यहरू, पुंसवन संस्कार, सीमन्तोनयन संस्कार, जातकर्म, बालक जन्मँदा अश्लेषा नक्षत्रफल, बालक जन्मँदा जेष्ठा नक्षत्रफल, बालक जन्मँदा अभुक्त नक्षत्र जन्मफल, बालक जन्मँदा मूल नक्षत्र जन्मफल, अरू पनि अशुभ समय जन्म फलहरू, अशुभ समयमा तथा दन्तसहित जन्म र अशुभ समयमा दाँत निस्केमा शान्तिको आवश्यकता, त्रिप्रवस फल (३ छोरापछि छोरी वा तीन छोरीपछि छोरा हुँदा), षष्ठी पूजनको कर्म (छैंटी), नामकरण संस्कार, कर्णवेध संस्कार, अन्नप्राशन संस्कार, चूडाकरण संस्कार, चूडाकरणमा आमा रजस्वला भएमा, चूडाकरण कर्म, चूडाकरणमा शिखा सम्बन्धमा केही विशेष, मुण्डन र मण्डन (चूडा, उपनयन आदिर विवाह),

धेरै जनाको उपनयन आदि कर्म गर्दा मातृका पूजा र नान्दीश्राद्ध कसरी गर्ने, शिशु, बालक आदिको परिचय, उपनयन समय, उपनयन काल, उपनयनमा आचार्य बन्ने अधिकार, उपनयनको अग्नि तीन रातसम्म रहनुपर्दछ भन्ने विचार, मेखलाबन्धन, दण्डधारण, यज्ञोपवीत, यज्ञोपवीतको प्रमाण, यज्ञोपवीतका नियम, यज्ञोपवीत धारण गर्दा, यज्ञोपवीत हराएमा, यज्ञोपवीत हराएमा तात्कालिक उपाय तथा नयाँ यज्ञोपवीत, धेरै जनाको विवाह, व्रतबन्ध आदि गर्नुपर्दा, यसमा अपवादहरू, यसको शान्ति, विवाह संस्कार, सापिण्ड्य निवृत्ति र केही उदाहरणहरू, विवाह सम्बन्धमा केही विशेष, सगोत्र विवाह सम्बन्धमा, कन्याको विवाह समय, कन्यादान गर्ने अधिकार, रजस्वला भइसकेकी कन्यादान गर्न प्रायश्चित्तको व्यवस्था, वर तथा कन्याकी माता रजस्वला भएमा, यसमा अपवाद, विवाह, व्रतबन्ध आदिमा सूतक आशौच आदि पर्न आएमा, उपनयन आदि कालातीत संस्कारहरू कसरी गर्ने आदि विषयवस्तुलाई प्रामाणिक रूपमा यस खण्डमा झाले प्रस्तुत गरेका छन् ।

**(ग) तृतीय खण्ड**

यस खण्डको मूल शीर्षक 'श्राद्ध प्रकरण' रहेको छ । यस मूल शीर्षकसँग सम्बन्धित ४५ वटा उपशीर्षकहरू रहेका छन् । २३ पृष्ठमा विस्तारित यस खण्डमा प्रयुक्त विषयवस्तु यस प्रकार रहेको छ : श्राद्धको रहस्य, श्राद्धको महत्ता, श्राद्धमा विश्वेदेव आदिको स्थान, श्राद्ध केलाई भन्दछन् ?, श्राद्धका प्रकारहरू, नित्य श्राद्ध, नैमित्तिक श्राद्ध (एकोद्दिष्ट), पार्वण श्राद्ध, एकपार्वण श्राद्ध, सपिण्डीकरण श्राद्ध, वृद्धि श्राद्ध (नान्दीमुखी वा आभ्युदयिक श्राद्ध), तीर्थ श्राद्ध, वृद्धि श्राद्ध (आभ्युदयिक वृद्धि श्राद्ध) मा गर्नुपर्ने कर्महरू, उक्त श्राद्ध गर्ने अधिकारसम्बन्धी केही विशेष तथा वृद्धि श्राद्धसम्बन्धी केही सङ्कल्पका नमुनाहरू, तीर्थ श्राद्ध (विशेषगरी ब्रह्मकपाल- श्राद्ध र गया श्राद्धको बारेमा केही विशेष छलफल), तीर्थस्थान र केही नियमहरू, अरूको निम्ति तीर्थस्थान गरिदिने विधि, तीर्थमा स्थान, श्राद्ध र तर्पण आदि गर्दा अपनाइनुपर्ने विधि, गङ्गाजीमा आशौचबारे, गया श्राद्ध गर्न जाँदा गयाका ब्राह्मणहरूलाई अपमान नगर्नुपर्ने विचार, श्राद्ध गर्ने (क्रिया गर्ने) अधिकार तथा अधिकार पाउने व्यक्ति, श्राद्धक्रियाका मुख्य अधिकारीको क्रम, छोरो उपनयन गरिएको नभएमा, सौताको छोरो भएमा, छोराहरू धेरै भएमा क्रिया र श्राद्ध कसले गर्ने ?, अरूकहाँ धर्मपुत्र बसेकाले आफ्नै आमाबाबु मर्दा के गर्ने ?, तीर्थ श्राद्धको अधिकार, श्राद्धानुकल्पहरू (श्राद्ध गर्न अशक्त हुँदा गर्नुपर्ने), श्राद्धमा ब्राह्मण भोजनको नियम, श्राद्ध गर्ने

ठाउँ, श्राद्धमा भूमिशुद्धि, श्राद्ध गर्न निषिद्ध स्थानहरू, कुशको अभाव भएमा त्यसको बदला, कुशहरू ग्रहण गर्दा, कस्तो कुश काम लाग्दैन ?, पितृको निम्ति मन पर्ने वस्तुहरू, श्राद्धमा मांस तथा अन्य वर्जित वस्तुहरू, श्राद्धको समयमा नजिकै वा घरमा रहन दिन नहुने वस्तु आदि, श्राद्धको दिन गर्न नहुने कार्यहरू, श्राद्धकर्ताले पालन गर्नुपर्ने नियम, श्राद्धका समयहरू, श्राद्धको मुख्य समय (एकोद्दिष्ट श्राद्धको), क्षयाह (एकोद्दिष्ट) श्राद्ध, आमा, बाबु, पति आदि कुनै पनि व्यक्ति मरेको दिन थाहा नभएमा उनको श्राद्ध तिथि निर्णय, महिना थाहा नभएमा, दिन र महिना दुवै थाहा नभएमा, दाह भएको थाहा नभएमा, श्राद्धको दिन श्राद्ध गर्न बिर्सियो वा आफू रोगी भई अशक्त भई श्राद्ध गर्न सकिएन भने, कुनै जुठो, सूतक आदिले श्राद्ध रोकियो भने, पत्नी रजस्वला भएमा पतिले श्राद्ध गर्नुहुन्छ वा हुँदैन ?, घरका अरू कुनै महिला रजस्वला भएमा श्राद्ध गर्ने कि नगर्ने ?, श्राद्ध संपात (बाबु र आमाको एकै दिन श्राद्ध पर्न आएमा), अरू कुनै व्यक्तिको श्राद्ध बाबुआमाको श्राद्धको दिन परेमा, श्राद्धकर्ता भएकी पत्नी नै रजस्वला भएमा, एकैदिन एकोद्दिष्ट र पार्वण श्राद्ध पर्न आएमा, बाबु हुनेले श्राद्ध गर्नु नहुने विचारमा आमाको श्राद्ध गर्नुहुन्छ, काका र जेठा बाबुको श्राद्ध गरिदिनु हुन्छ, धर्मपिताको गर्नुहुन्छ, अन्यत्र विषयमा बाबु हुनेले श्राद्ध गर्नु नहुने विचारहरूलाई प्रामाणिक रूपमा यस खण्डमा झाले प्रस्तुत गरेका छन् ।

**(घ) चतुर्थ खण्ड**

यो खण्डको मूल शीर्षक 'आशौचादि निर्णयप्रकरण' रहेको छ भने यस शीर्षकअन्तर्गत १५ वटा उपशीर्षक र केही उपशीर्षकका पनि उपशीर्षकहरूमा झाले आशौच निर्णयको बारेमा स्पष्ट पारेका छन् । यस खण्डमा प्रयुक्त विषयवस्तुलाई छोटकरीमा यहाँ समावेश गरिएको छ । यस खण्डमा चर्चा गरिएका विषयहरू सूतकसम्बन्धी सामान्य नियम, जन्मेको दिन, छैटौँ र दसौँ दिन सूतक नलाग्ने, सूतकको बार्ने प्रथाको सम्बन्धमा, सूतकमा मुण्डनादि बार, मरेको बालक जन्मेमा वा जन्मने बित्तिकै मरेमा, जन्मेर दसदिनभित्र बच्चा मरेमा, सुत्केरी महिलाले बार्ने नियम, मरणाशौचमा विभिन्न प्रकारका बार्ने नियमहरू, सात पुस्ताभित्र बन्धु मरेमा, आठदेखि दस पुस्ताभित्र बन्धु मरेमा, दीक्षा, गायत्री आदि मन्त्र दिने गुरु मरेमा, ती गुरु मरेमा चेलाका परिवारले गर्नुपर्ने नियम, गुरुपत्नीको मृत्यु भएमा, पढाउने शिक्षक गुरु मरेमा, गुरु कै घरमा शिष्यको मृत्यु भएमा, पुरोहितको घरमा यजमान मरेमा, पुरोहित मरेमा यजमानले गर्नुपर्ने

नियम र कर्तव्य, मातामह र मातामहीको मृत्यु भएमा, मामा र माइजूको मृत्युमा, फुपू र फुपूको छोराछोरी मरेमा, दिदी, बहिनी, भान्जाभान्जी मरेमा, आमाका दिदीबहिनी र तिनका छोराछोरी मरेमा, मामाका छोराछोरी बुहारी मरेमा, आमाकी विमाता (सानीमा) का छोरीछोरी मरेमा, सासू-ससुरा वा आफूलाई कन्यादान दिने व्यक्ति मरेमा, पोइल गइसकेकी स्वास्नी मरेमा र त्यस्ती स्वास्नीको पूर्व पति मरेमा, दाजुभाइ मरेमा दिदीबहिनीले, छोरीका दुलाहा वा कन्यादान दिएका ज्वाइँ मरेमा, कन्यादान दिने दम्पत्तीले गर्नुपर्ने नियम, विवाहिता छोरी मरेमा आमाबाबु र दाजुभाइ आदिले गर्नुपर्ने नियम, बाबुआमाका माइजू मरेमा, बन्धुत्रयभित्रका कोही मरेमा, बन्धुत्रयको परिचय, पक्षिणीको अर्थ, विवाहिता छोरी माइतमा प्रसूति भएमा, घरमा कुनै जनावर मरेमा, आशौच अथवा सूतकहरूको सङ्कर अर्थात् यस्ता बार्नुपर्ने विषयहरू मिसिन आएमा, दशाहाशौचको ५ दिनभित्र अर्को दशाहाशौच परेमा, पहिलोको ५ दिनपछि अर्को दशाहा परेमा, नवौँ रात नबित्दै (अर्थात् दसौँ दिन सबेरै अर्को दशाह परेमा), एघारौँ दिन आद्य श्राद्ध सुरु भएपछि अर्को दशाह परेमा, तीनदिने आशौचभित्र अर्को तीनदिने पर्न आएमा, दशाहाशौचको अन्त्यमा तीनदिने आशौच परेमा, सूतकमा जुठो पर्न आएमा, स्वल्पाशौच र दीर्घाशौचसम्बन्धमा विचारणीय विषय, शिशु, बालक आदिको आशौचबारे, दसदिनभित्रको शिशु मरेमा, नामकरणपछि दाह गर्न नभएसम्मको शिशु मरेमा के गर्नुपर्छ भन्नेबारे विषयहरू रहेका छन् । यस्ता समस्या परेमा के गर्ने र के नगर्ने कुराहरू झाले शास्त्रीय नियमहरूलाई प्रस्तुत गर्दै पुष्टि गरेका छन् ।

**(ङ) पञ्चम खण्ड**

यो खण्डको मूल शीर्षक 'दाह संस्कार तथा दशगात्र र सपिण्डीकरण आदि प्रकरण' रहेको छ भने यस शीर्षकअन्तर्गत ५० वटा उपशीर्षकहरू रहेका छन् । २८ पृष्ठमा विस्तारित यो खण्डमा प्रस्तुत भएका विषयवस्तु यसप्रकार रहेका छन् : शिशुहरूको दाह सम्बन्धमा विशेष, कस्ता बालकको तीन दिने क्रिया हुन्छ ?, तीनदिने ती क्रिया गर्दा कसरी गर्ने ?, ६ वर्ष र ३ महिना नाघेका बालक मरेमा, अविवाहिता स्त्री (कन्या) हरूको मृत्यु भएमा त्यस्ता कन्याहरूको क्रियाबारे निष्कर्ष, त्यस्ता कन्याहरूको त्रिरात्र क्रिया गर्दा अपनाइनु पर्ने नियम, बितिसकेको आशौचबारे, परदेशमा मर्नेको दसभित्र खबर पाएमा, दसदिनपछि खबर पाएमा, तीन महिनाभित्र खबर पाएमा, ६ महिनाभित्र खबर पाएमा, ९ महिनाभित्र खबर पाएमा, १० महिनापछि थाहा

पाएमा, छोराहरूले जति दिनपछि खबर पाए पनि क्रिया गर्नुपर्ने निर्णय, क्रिया भइसकेको र पछि थाहा पाइएको भएमा, स्त्रीले पतिको, पतिले स्त्रीको मृत्युपछि थाहा पाएमा, आमा र बाबुको मरण सम्बन्धमा विशेष, आमा र बाबुको मृत्यु सँगै भएमा यसमा आपस्तम्बको भनाइ, क्रियापुत्र मरेमा, क्रियापुत्र बिरामी भई अशक्त भएमा, क्रियापुत्री बनेकी स्त्री रजस्वला भएमा, पिता र पितामहको एकैचोटि क्रिया पर्न आएमा, पिता अशक्त छन् र पितामहको मृत्यु भयो भने, बाबुको मृत्युपछि वर्ष दिनभित्र अरूको श्राद्ध गर्नु नहुने नियम, क्रियामा दशगात्र पिण्डदान, मुखाग्नि दिनेले नै दशगात्र पिण्ड दिनुपर्ने, छोराहरू परदेश गएमा, वृषोत्सर्ग कर्म, वृषोत्सर्गसम्बन्धी सरल उपाय, पति, पुत्रवती नारीको निम्ति वृषोत्सर्ग, सपिण्डीकरण श्राद्ध र यसको महत्त्व, सपिण्डीकरण श्राद्ध समय, प्रत्येक वर्षका एकोद्दिष्ट श्राद्धका अधिकारी, सपिण्डीकरण सम्बन्धमा, सपिण्डीकरण श्राद्धमा पितृ आवाहन गर्ने नियम, सन्तानहीन पुरुष वा स्त्रीको सपिण्डीकरण, सन्यास लिइसकेका तथा लडाइँमा मर्नेको श्राद्धकर्म, सूतक र जूठोमा सन्ध्याबन्धनादि कर्म, ग्रहणमा आशौच आदि परेमा, नमरेको व्यक्तिको भूलले क्रिया गरेमा, दुर्मरण भई मरेमा दानादि, बहुलाएर मरेमा, घरका मूली मरेको वर्षदिनभित्र गर्नु नहुने कामहरू, सुत्केरीको मृत्यु भएमा, रजस्वला स्त्रीको मृत्यु भएमा, गर्भिणी स्त्रीको मृत्यु भएमा, तिलसहित गरी तर्पण गर्न नहुने दिनहरू, परदेशमा मर्नेको दाह, पर्णनरदाहको निम्ति शव शरीररचनाविधि, पर्णनरदाह गर्नुपर्ने स्थितिहरू, पर्णनरदाह कसरी गर्ने, दसदिन बितेपछि पर्णनरदाह गर्नु परेमा, पञ्चकमा मर्नेको दाह, पञ्चकदाह गर्ने विधि, पञ्चक शान्तिविधि, पञ्चकमा मरे पनि र पञ्चकमरणमा विशेष द्रष्टव्य आदि नियमहरूलाई सप्रमाण झाले यस खण्डमा प्रस्तुत गरेका छन् ।

**(छ) षष्ठ खण्ड**

यो खण्ड परिशिष्ट खण्ड हो । यसमा ८६ वटा उपशीर्षकहरू रहेका छन् र विभिन्न कर्ममा गर्नु हुने र गर्नु नहुने नियमहरू यस खण्डमा बताइएको छ । यसमा वर्णन गरिएका विषयहरूमा व्रत बस्दा पालन गर्नुपर्ने नियम, व्रत बस्ने दिन गर्नुपर्ने कर्म, व्रत भङ्ग हुन गएमा, लिइराखेको व्रत बस्न नसकिने अवस्था पर्न गएमा, सधवा नारीले निराहार व्रत बस्दा, अष्टमीको व्रत निर्णय, सौभाग्यवतीले व्रत निराहार लिँदा, देवताको मूर्ति बनाउँदा, कारणवश निराहार व्रत बस्न असमर्थ भएमा, व्रत बस्दा कस्तो वस्त्र लगाउने, व्रत बस्न नसक्दा प्रतिनिधिद्वारा व्रत पूरा

गराइने, पाञ्चायन देवताको स्थापनविधि, देवपूजा गर्दा कुन दिशातर्फ हेरी पूजन गर्ने, देवीको मूर्तिबारे स्थापनाविधि, विवाहमा जेठाको विवाह, व्रतबन्ध आदिमा भूकम्प आदिको विघ्न परेमा, वाग्दान भइसकेपछि वर अथवा कन्याको घरमा कसैको मृत्यु हुन गएमा, वाग्दान आदि सिद्धिएपछि पनि कन्याले अर्को वरसँग विवाह गर्न सकिने स्थितिहरू, नपुंसक र अन्धा आदि बालबालिकाको संस्कार, संस्कार लोप हुन गएमा, धेरै दाजुभाइहरूको एकैपल्ट उपनयन, विवाह जेष्ठ सम्बन्धमा, श्राद्धमा ब्राह्मण भोजनको सङ्ख्या, श्राद्धकर्ताको नियम, श्राद्ध भोक्ताको नियम, देवमन्दिरमा बाजाहरूको नियम, दश प्रकारका दर्भहरू, कुश ग्रहणका सम्बन्धमा, कस्ता कुश काम लाग्दैनन्, श्राद्धमा पितृहरूलाई मन पर्ने वस्तुहरू, श्राद्धमा अगाडि राख्नु नहुने चीजहरू, श्राद्धका दिन खान दिने समय, श्राद्धमा वस्त्रदान, श्राद्धमा फूलहरू, श्राद्धका निम्ति परम आवश्यक कुराहरू, महास्नानमा पञ्चामृत निर्माण, पञ्चगव्य निर्माण, पञ्चरत्न निर्माण, सप्तमृत्तिका, पञ्चपल्लव, सर्वौषधि, सप्तऋषि, अष्ट चिरञ्जीवी, घरमा पूजा गरिने देवताको मूर्तिबारे, शङ्खको जल चढाउने बारे, घरमा कुन देवताको मूर्ति कतिवटा ?, शालग्राम कस्तो पूजा गर्नुपर्छ ?, नारीजातिले शालग्राम किन पूजा गर्नुहुँदैन?, शालग्राम के हो ?, पञ्चोपचार, दशोपचार, षोडशोपचार, पूजामा विशेष ध्यान दिनुपर्ने कुराहरू, षोडशोपचार पूजाविधि, साष्टाङ्ग प्रणाम गर्ने विधि, प्रदक्षिणा गर्ने नियम, कुनकुन सङ्क्रान्तिमा सूर्यास्तपछि दान गर्नुपर्छ ?, मन्त्रसहितको पूजा हुन नसकेमा, व्रत आदिमा आशौच र रजस्वला आदि भएमा, धर्मकर्म आदि गर्दा पत्नीको स्थान ?, पत्नी आफ्नो बायातर्फ कहिले ?, दीक्षाग्रहणको आवश्यकता किन ?, मन्त्र कसबाट लिने, मन्त्र कस्तो व्यक्तिबाट लिनुहुँदैन, गुरुवन्दना, वस्तुहरू कसरी शुद्ध हुन्छन्?, कुनकुन ठाउँमा कस्तो धर्म मान्नुपर्छ, जीवनको अन्तिम अवस्थामा गर्नुपर्ने दान, दश महादान सामग्री, अन्तिम अवस्थाको प्रायश्चित्त गोदान, पञ्चधेनु गोदान, ३ धेनु गोदान, अर्घजलको अवस्थामा गर्नुपर्ने नियम, अन्तिम शय्याको विधि, वैतरिणी धेनुदान, उत्क्रान्ति धेनु गोदान, प्राण निस्कन लागेको बेलामा गर्नुपर्ने काम, प्राण गइसकेपछिको काम, विदेशमा मृतकको मृत्यु भएमा, विदेशमा विधिपूर्वक दाह हुन नसकेमा, पुत्तलक दाह कहिले गर्ने ?, विदेशमा दाह राम्ररी भएको भए, पुत्तलक दाहको आवश्यकता किन ?, पुत्तलक दाह गर्दा आशौच बार्ने बारे ?, मरेका दस दिनभित्र पञ्चक पर्न आएमा, पुत्तलक दाह गरिएको व्यक्तिको मासिक, वार्षिक र प्रतिवार्षिक श्राद्धहरू सम्बन्धमा, पुत्तलक दाह गरी अस्थिसञ्चगन कहिले

गर्ने ?, मरणदिन थाहा नभएमा तिनका श्राद्धहरू कहिले गर्ने ?, पर्णशर दाहविधि, पुत्तलक रचनाविधि, पुत्तलक संस्कारविधि, पुत्तलक दाह कसले गर्ने, उक्त विषयसम्बन्धी प्रस्तुतिका सम्बन्धमा आदि कुराहरूका निर्णयहरू प्रामाणिक रूपमा यस खण्डअन्तर्गत झाले बताएका छन् ।

यस कृतिमा संस्कृतमा पनि श्लोक दिएर त्यसको नेपालीमा अनुवाद गरिएको छ । भाषाशैली अन्त्यन्त सरल र मिठास छ । सबै जनमानसले बुझ्ने भाषामा यो कृति लेखिएको छ । संस्कृतका श्लोकहरू कहाँबाट प्रस्तुत गरिएको हो त्यो पनि श्लोकसँगै दिइएको छ । समग्रमा संस्कारसम्बन्धी संशयलाई यस पुस्तकले मेटाउन सक्नेछ ।

## ५.४ निष्कर्ष

तीर्थराम झाको **पं. लेखनाथ पौड्यालको 'ऋतुविचार** कृतिमा रहेका लेखहरू अत्यन्त रोचक र गहन एवम् उत्कृष्ट रहेका छन् । संस्कृत साहित्य तथा नेपाली साहित्यका समालोचनात्मक पद्धतिका आधारमा लेखिएका यी लेखहरूमा लेखनाथको काव्यप्रतिभा र **ऋतुविचार**मा प्रयोग गरेका अलङ्कार सर्वेक्षण गरेर झालाई यस समीक्षात्मक कृतिले नेपाली समालोचनामा प्रभाववादी, वस्तुवादी र सैद्धान्तिक समालोचकका रूपमा स्थापित गराएको छ । लेखनाथलाई प्रामाणिक र यथार्थ बनाउन झाले विभिन्न सिद्धान्तका परिभाषाहरूलाई स्थापित गरी त्यसका आधारमा विश्लेषण गर्नु उनको समालोचकीयताको विशेषता हो । समग्रमा भन्नुपर्दा झा नेपाली समालोचनाका क्षेत्रमा देखापरेका एक प्रतिभाशाली समालोचक हुन् । उनको अथक प्रयास र निरन्तर क्रियाशीलताले उनी नेपाली समालोचनाका एक मूर्धन्य समालोचक हुन् भन्न सकिन्छ । यसै गरी उनको अर्को कृति **शुभाशुभ संस्कारादि निर्णय** धार्मिक महत्त्व दर्साइएको कृति हो । यस कृतिले झा एक कुशल पण्डित र संस्कृत साहित्यको गहन अध्ययन भएका व्यक्ति हुन् भन्ने कुरालाई प्रस्ट पारेको छ ।

# छैटौँ परिच्छेद

## उपसंहार

**पहिलो परिच्छेद**अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखासम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद**अन्तर्गत तीर्थराम झाको जीवनी पक्षबारे चर्चा गरिएको छ । तीर्थराम झाको जन्म वि. सं. १९८१ भदौ १ गते वागमती अञ्चलअन्तर्गत भक्तपुर जिल्लाको इताछैँ टोलमा भएको हो । बाबु पं. रामशरण झा र आमा जानकीदेवी झाका यिनी एक मात्र छोरा हुन् । यिनको न्वारनको नाम वेदगर्भ रहे तापनि साहित्य क्षेत्रमा यिनी तीर्थराम झा 'जानकीशरण'का उपनामले प्रख्यात छन् । यिनी बाल्यकालमै मातृवियोग पीडाबाट ग्रसित भएका थिए भने यिनलाई हुर्काउने काम विधवा फुपू र कान्छीआमा विन्देश्वरीले गरेको देखिन्छ । सम्भ्रान्त र पठित परिवारमा जन्मिएका झाको बाल्यकाल जन्मस्थानकै वातावरणमा सुखपूर्वक बितेको देखिन्छ । बुबा र हजुरबुबा पण्डित भएकाले उनीहरूले बिहान नित्य विभिन्न प्रकारका स्तोत्रहरू पाठ गर्दा झाले पनि नजिकै बसी सुनेको भरमा केही स्तोत्रहरू कण्ठ गरेको देखिन्छ । तीक्ष्ण बुद्धि भएका झालाई त्यसबेलामा सामाजिक वातावरणअनुसार संस्कृत शिक्षा दिनका लागि सर्वप्रथम भक्तपुर पाठशालमा भर्ना गरिएको देखिन्छ । यस पाठशालाबाट उत्तम श्रेणीमा प्राथमिक शिक्षाको अध्ययन पूरा गरेका झाले माध्यमिक तहको शिक्षा रानीपोखरी पाठशाला (दरबार हाइस्कुल) बाट पूरा भएको देखिन्छ । माध्यमिक शिक्षापछि उच्च शिक्षाका लागि भारततिर लागेका झाले वाराणसेय राजकीय संस्कृत विश्वविद्यालयबाट सन् १९५८ मा आचार्य तहसम्मको अध्ययन पूरा गरेको देखिन्छ ।

तीर्थराम झाको आर्थिक अवस्था मजबुत रहेको थियो । बाबु र हजुरबा पण्डित भएकाले जग्गाजमिन प्रशस्त भएकाले एवम् बाबु शिक्षण पेसामा आबद्ध भएकाले झाको परिवार सम्पन्न रहेको देखिन्छ । ८-९ वर्षको उमेरमा हिन्दूसंस्कारअनुसार उपनयन संस्कार भएका झाको पहिलो विवाह वि. सं. १९९५ मा ब्रह्मलीलासँग सुसम्पन्न भएको थियो । क्षयरोगले ग्रस्त भएकी

ब्रह्मलीलाले छोराको पालनपोषण नसकेपछि र आफू पनि शिक्षण पेसामा आबद्ध भई व्यस्त रहेको कारण एवम् आमा पनि नभएकाले उनले परिवारको सल्लाहअनुरूप २००८ सालमा उनले नुवाकोट निवासी राधादेवी नेपालसँग दोस्रो विवाह गरेको देखिन्छ । जेठीपट्टिबाट एक छोरा र कान्छीपट्टि बाट २ छोरा ६ जना छोरीहरूको जन्म भएको देखिन्छ । सपरिवार सुखपूर्वक जीवन बिताइरहेका झाका सुपुत्रहरू दुवै अमेरिकामा छोरी पनि क्यानडामा भएकाले हाल उनी पनि अमेरिका र क्यानडा घुम्दै बसिराखेको देखिन्छ ।

अत्यन्त सरल र मिजासिलो स्वभावका झा त्यत्तिकै इमान्दार, सहयोगी र मिलनसार पनि छन् । सामान्य खाना, साधारण पहिरनमै सन्तुष्ट हुने यिनी साहित्यसिर्जना, चिन्तनमनन र साहित्यिक तथा वैचारिक अध्ययनका साथसाथै धर्मको प्रचार गर्न रुचि राख्दछन् । झा कार्यक्षेत्रका दृष्टिले मुख्यतः शिक्षण-प्राध्यापन र गौणतः धार्मिक महत्त्वको प्रचारप्रसार क्षेत्रमा संलग्न भएका व्यक्ति हुन् । वि. सं. २००३ सालबाट भक्तपुरको पद्‌म हाइस्कुलबाट शिक्षण कार्यमा संलग्न भएका यिनले १३ वर्षसम्म माध्यमिक तहको अध्यापन गराएको देखिन्छ । १९१६ सालमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्थायी उपप्राध्यापक पदमा नियुक्ति भई यिनले भक्तपुर क्याम्पसमा नेपाली विषयको अध्यापन गराउन थालेको देखिन्छ । त्यसपछि त्रिचन्द्र कलेजमा सरूवा भई प्राध्यापक गराएका झाले पिपुल्स क्याम्पस, भक्तपुरस्थित विद्यार्थी निकेतन मा. वि., शारदा रात्री मा. वि., सरस्वती विद्यागृह मा. वि. आदि शिक्षण संस्थामा पनि विभिन्न कालमा अध्यापन गराएको देखिन्छ । शैक्षिक सेवाबाट निवृत्त भएका झा हाल पूर्वीय आर्यसंस्कृतिको प्रचारप्रसारमा क्रियाशील भई लागिरहेको देखिन्छ । स्वदेश तथा विदेशका विभिन्न स्थानमा धर्मको प्रचार गर्ने कार्यमा संलग्न भएका झा वर्तमानमा धर्मको प्रचारकै क्रममा क्यानडा देश पुगेको देखिन्छ ।

बाल्यकालदेखि नै स्वतन्त्रताका पक्षमा बोल्ने झा कुनै राजनीतिप्रति संलग्न भएका छैनन् । उनी स्वतन्त्रताप्रेमी व्यक्ति हुन् । अनेक क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने बहुआयामिक बौद्धिक व्यक्तित्वका रूपमा यिनको देशका शैक्षिक, सामाजिक, सांस्कृतिक र धार्मिक गरी अनेक सङ्घसंस्थाहरूको स्थापना, विकास र प्रवर्द्धनमा ठूलो भूमिका रहेको देखिन्छ । शैक्षिक, प्राज्ञिक तथा अध्ययन-अध्यापनजस्ता विविध उद्देश्यलाई लिएर तीर्थराम झाले स्वदेशका विभिन्न ठाउँका अतिरिक्त विदेशमा भारत, अमेरिका, क्यानडाजस्ता राष्ट्रहरूको भ्रमण गरेका छन् ।

साहित्यसाधना, सामाजिक कार्य, प्रध्यापन पेसा र धार्मिक सेवा झाका जीवनका मूल कार्यहरू हुन् ।

धर्मलाई मानवले मानवको गुण असल बनाउनु मान्नुपर्दछ झा मानवसेवा नै ठूलो धर्म हो भन्दछन् । मानवले स्वतन्त्रपूर्वक बाँच्न पाउनुपर्छ । कसैको दास भएर मानवता गुमाउनु हुन्न । कुनै आशा नगरी कुनै पनि क्षेत्रमा सङ्घर्ष गर्‍यो भने अवश्य सफलता प्राप्त हुन्छ । कर्म गर्दै जानुपर्छ र जीवनमा जेस्ता अप्ठ्यारा आइपर्छन् तिनीहरूको सामना पनि गर्नुपर्दछ भन्ने धारणा झाको रहेको छ । जीवनलाई सङ्घर्ष, क्रियाशील र परिवर्तनगामी रूपमा हेर्ने झा बहुप्रतिभा सम्पन्न व्यक्ति हुन् ।

**तेस्रो परिच्छेद**अन्तर्गत तीर्थराम झाको व्यक्तित्वको चर्चा गरिएको छ । बाह्य रूपमा मझौला कद, गहुँगोरो वर्ण, सालाखालामा खाइलाग्दो चिटिक्क परेको निकै प्रभावशाली र आकर्षक देखिने उनी शारीरिक रूपले स्वस्थ देखिन्छन् । झाको स्रष्टा व्यक्तित्व कवि, नाटककारका रूपमा फैलिएको छ भने द्रष्टा व्यक्तित्व समालोचक, अनुवादक रूपमा रहेको छ । साहित्येतर व्यक्तित्वअन्तर्गत शिक्षक-प्राध्यापक, समाजसेवक र धार्मिक व्यक्तित्व आदिको रूपमा चर्चित रहेको छ ।

**चौथो परिच्छेद**अन्तर्गत तीर्थराम झाको साहित्ययात्राको निरूपण गरिएको छ । कृति प्रकाशित समयका आधारमा २०२४ सालबाट सार्वजनिक लेखनयात्रा प्रारम्भ गरेका झाको विधागत परिवर्तनका आधारमा पहिलो (२०२४-२०४१) र दोस्रो (२०४२-आजसम्म) गरी दुई चरण देखापर्दछन् । पहिलो चरणमा समालोचना विधामा कलम चलाएका झाको दोस्रो चरण धार्मिक महत्त्वका दृष्टिले पूर्णचरण हो ।

**पाँचौं परिच्छेद**अन्तर्गत तीर्थराम झाका नेपाली भाषामा प्रकाशित उपलब्ध कृतिहरूको विश्लेषण गरिएको छ । उनका समालोचनात्मक कृतिहरू तीनवटा प्रकाशित भए पनि हाल १ वटा **पं. लेखनाथ पौड्यालको ऋतुविचार** (२०४१) नामक समालोचनात्मक ग्रन्थ मात्र उपलब्ध भएकाले यो कृतिको विश्लेषण यस परिच्छेदमा विस्तृत रूपमा गरिएको छ । यसरी नै दोस्रो चरणमा प्रकाशित नेपाली भाषाको धार्मिक महत्त्व बोकेको **शुभाशुभ संस्कारादि निर्णय** (२०५९) नामक कृतिको सामान्य वस्तु परिचय पनि यसै परिच्छेदमा दिइएको छ ।

लेखनाथका कविताहरू पढेर कविता लेख्न थालेको बताउने झाका सिर्जनात्मक रचनाहरूको सँगालोका रूपमा कुनै कृतिहरू प्रकाशित नभए तापनि लेखनाथद्वारा रचित कविता विधाको **ऋतुविचार** खण्डकाव्यको आलोचना भने झाले पूर्वीय समालोचकीय पद्धतिद्वारा गरेका छन् । संस्कृत साहित्य र नेपाली साहित्यको गहन अध्ययन गरेका झाले यस कृतिमा लेखनाथको काव्यप्रतिभा, **ऋतुविचार** खण्डकाव्यको रचना समय, लेखनाथको प्रतिभा वैशिष्ट्य, यस खण्डकाव्यको प्रेरणास्रोतसम्बन्धी विभिन्न विद्वान्हरूका भनाइलाई उद्धृत गर्दै आफ्नो धारणा, लेखनाथको आलङ्कारिक प्रतिभा, यस खण्डकाव्यमा प्रयोग गरिएका अलङ्कारहरूको लक्षण, सोदाहरण विश्लेषण, **ऋतुविचार**मा ऋतुसमयसम्बन्धी निर्णय, प्रकृति उपासकका रूपमा कविका रूपमा लेखनाथको विश्लेषण, आध्यात्मिक, स्वच्छन्दतावादी, प्राचीन संस्कृतिका उपासक, सामाजिक कविका रूपमा लेखनाथको स्थापना आदि विषयवस्तुलाई झाले यस कृतिमा गहन, सूक्ष्म र सपाट रूपमा विश्लेषण गरेका छन् । यो विश्लेषणले आधारमा झा नेपाली समालोचनाका क्षेत्रमा वस्तुवादी, प्रभाववादी र सैद्धान्तिक समालोचकका रूपमा स्थापित भएको देखिन्छ ।

समालोचनात्मक लेखहरूको भाषा प्रौढ छ । समालोचना गर्दा सिद्धान्त र प्रयोगलाई एकै ठाउँमा राखेर विश्लेषण गरेकाले पाठकलाई विषयप्रति बुझ्न त्यति गारो पर्दैन । खासगरी संस्कृत साहित्यको सिद्धान्तमा उनको समालोचना केन्द्रित रहेको छ । उनी पेसाले नेपालीका प्राध्यापक भए तापनि संस्कृत साहित्यको गहन अध्ययन गरेकाले उनले संस्कृतका विभिन्न श्लोकहरूलाई नेपालीमा अनुवाद पनि गरेका छन् ।

त्यस्तै उनको अर्को कृति **शुभाशुभ संस्कारादि निर्णय** (२०५९) धार्मिक कृतिमा पूर्वीय हिन्दू संस्कारअनुसार हिन्दूहरूले जीवनमा गर्नुपर्ने षोडश संस्कारको बृहत्, विस्तृत र निर्णायात्मक अध्ययन गरिएको छ । मानिस जन्मेदेखि मृत्युसम्ममा उसले केकस्ता कार्यहरू गर्नुहुन्छर केके गर्नुहुँदैन भन्ने कुराहरू यस कृतिमा दिइएको छ ।

एकातिर पेसाले शैक्षिक; रुचिले भने नेपाली साहित्यमा स्रष्टा र द्रष्टा दुवै विधामा कलम चलाउने झा रचनात्मक र सिर्जनात्मक कार्यका साथै नेपाली समालोचनालाई आधुनिकता, नवीनता र प्रयोगपरकताका पथमा डोऱ्याउन चार दशकदेखि अविच्छिन्न प्रवृत्तरत रहेका

देखिन्छन् । यसरी नै पूर्वीय हिन्दू संस्कार र आर्य संस्कृतिको प्रचारमा पनि उनको ठूलो योगदान रहेको देखिन्छ ।

**छैटौँ परिच्छेद**मा यस शोधपत्रको सार प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा नेपाली साहित्यका क्षेत्रमा अनुसन्धान, लेखन र शिक्षण-प्राध्यापन गरी जीवनलाई बिताउँदै आएका झा नेपाली साहित्यका स्रष्टा-द्रष्टा हुन् । विभिन्न क्षेत्रमा देखिएको उनको प्रतिभाले झा नेपाली साहित्य एवम् धार्मिक क्षेत्रमा एक उच्च सेवी व्यक्तिका रूपमा चिनिँदै आएका छन् । साहित्यका अतिरिक्त शैक्षिक, धार्मिक तथा सामाजिक क्षेत्रमा देखापरेको उनको योगदान सुझबुझपूर्ण कौशल र राष्ट्रवादी चिन्तनले तीर्थराम झा ख्यातिप्राप्त छन् । यिनका जीवनीका विविध घटनाहरू, व्यक्तित्वको उत्कृष्ट क्षमता र कृतित्वको परिवर्तनकारी र विकासकारी भूमिकाले झा सशक्त साधक व्यक्तित्वका रूपमा स्थापित देखिन्छन् । यिनको अथक परिश्रम, निरन्तर साधना र समर्पणकारी भूमिकाद्वारा झाले नेपाली साहित्यलाई उल्लेख्य योगदान दिएका छन् । अझ विशेष गरी समालोचना तथा अनुवाद विषयलाई यिनले आफ्नो कार्यक्षेत्र बनाएका छन् । धार्मिक दृष्टिले पनि यिनको स्थान उच्च रहेको छ ।

## सन्दर्भसामग्रीसूची


उपाध्याय, केशवप्रसाद, 'मोतीरामको व्यक्तित्व र योगदान, **मोतीस्मृति ग्रन्थ**, काठमाडौँ : नेपाली शिक्षा परिषद्, २०३९ ।

झा, तीर्थराम, **जुनेलीको प्रकाशमा कवि व्यथित**, काठमाडौ : रत्न पुस्तक भण्डार, २०२४ ।

))))))) , **बाह्रफूल एकगुच्छा**, काठमाडौँ : रत्न पुस्तक भण्डार, २०२५ ।

))))))) , **आठफूल एक माला**, काठमाडौँ : पुस्तक संसार, २०२९ ।

))))))) , **देह रामायण व्याख्या**, भक्तपुर : दिव्यलक्ष्मी झा, २०३७ ।

))))))) , **पं. लेखनाथको ऋतुविचार**, ललितपुर : अमृतकुमार अर्याल, २०४१ ।

))))))) , **जीवन और शान्ति**, भक्तपुर : रूपादेवी शर्मा, २०४७ ।

))))))) , **श्री स्वामी ब्रह्मानन्द तथा आद्य शङ्कराचार्य के स्तोत्रौँका पद्यानुवाद**, भक्तपुर : रूपादेवी शर्मा, २०५५ ।

))))))) , **शुभाशुभसंस्कारादि निर्णयः**, भक्तपुर : रूपादेवी शर्मा, २०५९ ।

थापा, हिमांशु, **साहित्य परिचय** ललितपुर : साझा प्रकाशन, २०६० ।

पौड्याल, लेखनाथ, **ऋतुविचार**, एक्काइसौँ संस्करण, ललितपुर : साझा प्रकाशन, २०६० ।

बोगटी, रामबहादुर, **बल्लभमणि दाहालको जीवनी, व्यक्तित्व र कृतित्व**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, २०६० ।

लुइटेल, खगेन्द्रप्रसाद, **आधुनिक नेपाली समालोचना**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०३४ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, चौ. सं., काठमाडौँ : अक्षर प्रकाशन, २०५६ ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद, लुइटेल, **शोधविधि**, ते. सं., ललितपुर : साझा प्रकाशन, २०६२ ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, २०३४ ।